मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

# प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क ७२ भदौ २०६७




मूल्य : रु. २०/-

## शान्ति प्रक्रियाका अन्तर्वस्तुहरू

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वतवर्गहरू

कार्यकर्ताहरू






# मानवअधिकार सम्बन्धी सूचना र जानकारीका लागि इन्सेक पुस्तकालयको प्रयोग गरौं।

## पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- द्वन्द्व र शान्ति अध्ययन
- अर्थशास्त्र
- समाजशास्त्र
- सञ्चार
- कानुन, अधिकार र राजनीति
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू







## सुविधाहरू

- फोटोकपि
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

इन्सेक insec

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
स्यूचाटार, कलङ्की, पो.ब.नं. २७२६, काठमाडौं, नेपाल
फोनः ९७७-०१-४२७८७७०, फ्याक्स : ९७७-०१-४२७०५५१
इमेल : insec@insec.org.np.
वेबसाइट : www.inseconline.org

मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति
# प्राची
सचेतना त्रैमासिक
वर्ष १७ पूर्णाङ्क ७२ भदौ २०६७

**संस्थापक**
सुशील-प्रकाश

**सल्लाहकार**
सुबोधराज प्याकुरेल
विजयराज गौतम

**संयोजक**
गीता गौतम

**सम्पादक**
मदन पौडेल

**आवरण ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**विशेष सहयोगी**
नीर लामा

**फोटो**
विमलचन्द्र शर्मा
इन्सेक जिल्लाप्रतिनिधि

**व्यवस्थापन**
शैलेश शर्मा

**अनौपचारिक क्षेत्र सेवा केन्द्र**
**(इन्सेक)** द्वारा प्रकाशित
पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : prachi@insec.org.np
वेबसाइट : www.inse.org.np
www.inseconline.org

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ
फोन : ६९२२६१४




- माओवादी लडाकुहरूको व्यवस्थापनका चुनौतिहरू
  – डा. दीपकप्रकाश भट्ट
  ६

- लम्ब्याइएको शान्ति प्रक्रिया र आन्तरिक.../ डा. पद्मप्रसाद खतिवडा ११
- अन्तर्वार्ता : राजनीतिक दलहरूले संविधान..../ नीलाम्बर आचार्य १७
- द्वन्द्वोत्तर नेपाल र जग्गा, सम्पत्तिको फिर्ता ..../ प्रेमचन्द्र राई १९
- विगतमा भएका मानवअधिकार उल्लङ्घन..../ विद्या चापागाई २९
- प्रकाश मानवअधिकार पुरस्तकारबाट डा. अरुण बुढा सम्मानित ३५
- कम्लहरी मुक्ति र पुनर्स्थापना...../ सुशील चौधरी ३६
- रिपोर्ट : मध्यपश्चिमाञ्चल विकास क्षेत्रका दुर्गम जिल्लाहरूमा खाद्यान्न... ३९
- फिचर : राज्य र माओवादीले नसुनेको माओवादी लडाकुहरूको पीडा ४५
- द्वन्द्वपीडित पार्श्वचित्र : एक परिचय ४६
- फिचर : कहिले होला विस्तृत शान्ति सम्झौताका ६० दिन पुग्ने ? ४७
- पुस्तक परिचय ४८

**नियमित स्तम्भहरू**

- यथावत् २
- कार्टून २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

**कभर फोटो** : इन्सेकद्वारा शान्तिका लागि अभियान कार्यक्रम अन्तर्गत २०६१ सालमा राष्ट्रव्यापी रूपमा आयोजना गरिएको शान्ति पोष्टर प्रतियोगितामा सहभागी हुनुभएका चित्रकार राजु डंगोलको पोष्टर ।



**मुलुकलाई सबै खाले खतराबाट मुक्ति दिन र जनचाहना पूरा गर्न काङ्ग्रेसको नेतृत्व चाहिएको छ ।**

रामचन्द्र पौडेल

उपसभापति नेपाली काङ्ग्रेस

मुलुकमा नेपाली काङ्ग्रेसको सरकार अपरिहार्य रहेको बताउँदै,

घटना र विचार साप्ताहिक



**हामीले अनिश्चितकालीन आमहडताल फिर्ता लिएपछि क्रान्तिकारी कार्यकर्ता र जनतामा निराशा छाएको छ ।**

सीपी गजुरेल

स्थायी समिति सदस्य,नेकपा माओवादी

पार्टी कार्यकर्ताको पछिल्लो मनस्थिति प्रष्ट्याउँदै

जनादेश



**माओवादीले त मान नमान मै तेरा मेहमान जस्तै संसदभित्रका २४ पार्टीले विश्वास गर्नपर्ने अड्डी राखेको छ । उनीहरूले, कुटेपनि लुटेपनि हातखुट्टा भाँचेपनि पछाडि लाउनैपर्छ ?**

चित्रबहादुर केसी

अध्यक्ष राष्ट्रिय जनमोर्चा, नेपाल

माओवादी क्रियाकलाप अन्य दलका लागि अविश्वसनीय हुँदाहुँदै पनि सँगै जानुपर्ने वाध्यता रहेको बताउँदै ।

देशान्तर साप्ताहिक



**सिस्टमले काम गर्ने हो, महिला भएकै कारण अप्ठ्यारो र असजिलो भन्ने केही छैन ।**

विद्या भण्डारी

रक्षामन्त्री

रक्षा जस्तो संवेदनशील मन्त्रालय सञ्चालन गर्दाको अनुभव सुनाउँदै ।

छलफल साप्ताहिक

## कार्टून




**साभार** : नागरिक दैनिक, २०६७, असार २५

**प्रिय पाठक !**

**तपाइँलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ? प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाइँको अपेक्षा छ ? कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।**

email : prachi@insec.org.np

**सम्पादक**

# राजनीतिक सहमति कायम गर ।

पाँच पटकको निर्वाचनले पनि प्रधानमन्त्री चयन गर्न नसकेपछि नेपालका राजनीतिक दलहरू प्रति जनताको विश्वास गुम्ने अवस्था श्रृजना भएको छ। सरकार विहीनताको यो अवस्था धेरै दिन कायम रहे देश असफलतातिर जाने सम्भावना बढेको छ। जनआन्दोलन ०६२ / ०६३ को मर्म तथा भावना संविधानसभाको निर्वाचनमार्फत देशमा नयाँ संविधान तयार गर्नु थियो। जसअनुसार सम्पन्न भएको संविधानसभाको सफल निर्वाचनले जनतामा नयाँ संविधान प्राप्त हुने आशा बढाएको थियो। तर, ए नेकपा माओवादीको सरकारबाट वहिर्गमनसँगै शुरू भएको राजनीतिक गतिरोधले संविधानसभाको अवधि थप्नुपर्ने अवस्था सिर्जना भयो। यही गतिरोध कायम रहने हो भने थपिएको एक वर्षमा पनि संविधान बन्ने कुरामा शङ्का व्यक्त हुन थालेको छ।

नेताहरूले आफ्नो कुर्सीमोहलाई दिएको प्राथमिकताका कारण संविधान निर्माणका काम ओझेलमा परेका छन्। एक वर्षका लागि थप गरिएको संविधानसभाले नयाँ कार्यतालिका त बनाएको छ तर, विगत पाँच महिनादेखि संविधानसभाको बैठक बस्न सकेको छैन। पूर्ण बजेटको अभावमा नागरिकको अतिआवश्यकीय तथा मुलुकको विकास निर्माणको काममा अवरोध पुगेको छ। यो अन्योलग्रस्त समय बीचमा देश भित्र बढिरहको विदेशी चलखेलले मुलुकमा विदेशी हस्तक्षेपलाई निम्त्याउने सम्भावनालाई पनि नकार्न सकिँदैन।

देशको निराशाजनक परिस्थितिले गर्दा आम जनतामा सिङ्गो लोकतन्त्रप्रति वितृष्णा पैदा हुन थालेको छ। राजनीतिक दलहरूले जनताको अधिकारसँग खेलवाड गर्न पाउँदैनन्। सरकार निर्माण र संविधान निर्माणका विषयमा दलहरूबीच रहेको असमझदारीलाई हटाई सहमतिमा आउन आवश्यक छ। राजनीतिक दलहरू तटस्थ बस्ने नियम संसद नियमावलीमा उल्लेख भएपनि देशलाई किन तटस्थ बस्नु परेको हो सोको औचित्य राजनीतिक दलले पुष्टि गर्नु उनीहरूको जिम्मेवारी हो। सरकार विहीनताको अवधि बढाउँदै जाने हो भने देशमा बढ्ने सङ्क्रमणकालीन अवस्था र विदेशी हस्तक्षेपको जिम्मेवारी राजनीतिक दल तथा तिनका नेताहरूले लिनुपर्छ। वर्तमान अवस्थामा संविधान निर्माण र शान्ति प्रकृयालाई टुङ्गोमा पुऱ्याउनु नै महत्वपूर्ण कार्यसूची रहेकोप्रति राजनीतिक दलहरूको ध्यानाकर्षण हुनु जरूरी छ। राजनीतिक निकासका लागि संवैधानिक अवरोध छ भने त्यस किसिमका अवरोधको अन्त्य गर्न सभामुखले आफूमा निहीत अधिकार प्रयोग गर्न हिच्किचाउनु हुँदैन।

वर्तमान राजनीतिक अवरोध अन्त्य गर्न नागरिक समाज, उद्योग व्यवसायी, मानवअधिकारकर्मी लगायतले सहजीकरण गर्नु जरूरी छ। मुलुक जवाफ विहीनता, नीति तथा कार्यक्रम विहीनता र बजेट विहीनताको अवस्थाबाट गुज्रिनुको पछाडि दलहरूबीचको विश्वासको सङ्कट मुख्य कारक छ। प्रधानमन्त्री निर्वाचनमा तटस्थ बस्नु दलहरूको राजनीतिक अधिकार त होला तर, देशका लाखौं जनता विकास निर्माणबाट वञ्चित हुनेगरी बजेट प्रभावित गर्ने कार्य भने पक्कैपनि राम्रो होइन। राजनीतिक शुन्यताको फाइदा उठाएर देशका प्राकृतिक श्रोत साधन दोहन हुन थालेका छन् भने स्थानीय निकायमा भएका भ्रष्टाचारका कहालीलाग्दा कथाहरू सार्वजनिक भएका छन्। शान्ति सुरक्षा जस्तो संवेदनशील विषय गौण भएका छन्। खाद्य सामग्रीमा भएको कालोबजारीको अनुगमन गर्ने निकायको मौनताका कारण आकासिएको महँगीले सर्वसाधारणको जनजीवन कष्टप्रद भएको छ। तर, यी र यस्ता विषयमा नेपाली जनताका लागि बोलिदिने कोही पनि नभएको हो कि भन्ने भान नेपाली जनतालाई पर्न थालेको छ। बिस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएका बेपत्ता आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगको चर्चा हुन थालेको लामो समय हुँदा समेत यो विषय गौण भएको छ। देशको बिग्रँदो अवस्था र, यही मौकाको फाइदा उठाउन लोकतन्त्र विरोधीहरू बिस्तारै सल्बलाउन थालेका छन्। यो विषयमा नेपाली राजनीतिक दलको ध्यान जान सके राजनीतिक सहमति निस्कन्थ्यो की ?

# आतङ्कवाद चाहिँदैन, युद्धको विभिषिका चाहिँदैन

एघार सेप्टेम्बरका दिन अमेरिकामा आतङ्कवादको जुन कहर बर्स्यो त्यसले विश्वलाई नै स्तब्ध पारेको छ। एकै दिनको घटनामा सात हजार भन्दा बढी निर्दोष नागरिक आतङ्कवादको शिकार हुनु विश्व इतिहासमा नै शायद पहिलो घटना हो। यस नरसंहारकारी घटनाका कारण अमेरिकी जनतामा छाएको भय, निराशा र आक्रोसको मनस्थितिलाई अनुभूत गर्न सकिन्छ। र, अपार पीडाको यस क्षणमा अमेरिकी जनताप्रति ऐक्यबद्धता जाहेर गर्नु मानवीय कर्तव्य हुन आउँछ।

यस घटनाका पछाडि ओसामा बिन लादेनको हात रहेको अमेरिकी भनाइ छ र 'प्रमुख शंकास्पद व्यक्ति' को रुपमा लादेनलाई ठहर गरेर युद्धको घोषणा गर्न पुगेको छ । अफगानिस्तानको तालिवान सरकारले विना प्रमाण लादेनलाई अमेरिकासमक्ष सुम्पन अस्वीकार गरेपछि अमेरिकी राष्ट्रपति जर्ज बुशकै शब्दमा 'एक्काइसौं शताब्दीको पहिलो युद्ध' को घोषणा भएको छ। र, एशियाली आकाशमा युद्धको कालो बादल मडारिएको छ।

एउटा सामान्य अभियोगमा समेत त अपराध ठहर गर्न प्रमाण जुटाउनु पर्ने हुन्छ भने ११ सेप्टेम्बरको यतिबिघ्न ठूलो आक्रमणकारी कार्यमा प्रण जुटाउनु पर्दैन ? 'प्रमुख शंकास्पद व्यक्ति' भन्ने आधारमा नै यथेष्ट प्रमाणविना, युद्धजस्तो विनाशकारी कदम चाल्नु उचित हुन्छ ? एक व्यक्तिसँगको रिसमा लाखौंनिर्दोष जनतालाई युद्धको विभिषिकामा होम्नु उचित हुन्छ ? त्यसो भए अमेरिकी घटनामा हजारौं जनताको ज्यान लिने पर्दाभित्रको अपराधी र अमेरिकी शासकमा भिन्नता नै के रहयो ? अपराधी पत्ता लगाउने कार्यमा असीम धैर्य र कुटनीतिक प्रयास, पर्याप्त गृहकार्यको आवश्यकता पर्छ कि पर्दैन ? भनै, अमेरिकालाई ध्वस्त पार्ने बिन लादेनको लक्ष्य, ध्वङ्शात्मक नियत बोकेको उनको अन्तर्राष्ट्रिय नेटवर्क र लादेनकै घोषणा तथा भनाइहरूले वर्तमान घटनामा शङ्काको घेरामा लादेनलाई नै तानेको छ । तथापि, कुनै पनि अपराधमा कतै अरु कसैको हात छैन भनेर छुट्याउनै पर्छ। जस्तो कि सम्झना गराउनु नपर्ला, १९९६ को ओक्लाहोमा बम विस्फोटमा अमेरिकी नागरिककै हात रहेको प्रमाणित भयो र केही महिना अघि मात्र ती अपराधीलाई मृत्युदण्ड दिइएको थियो। अर्थात् विश्वबाटै आतङ्कवाद समाप्तिको अठोट गर्ने बुशलाई के थाहा छैन कि आतङ्कवाद आफ्नै भूमिमा, अमेरिकी समुदायमा नै फल्दो फूल्दो छ ?

तत्कालको झोकमा युद्धको घोषणा गर्ने अमेरिकाको यो कदम प्रत्युत्पादक हुन सक्छ । युद्धको माध्यमबाट आतङ्कवाद समाप्त हुँदैन । अमेरिका साँच्चै नै आतङ्कवाद समाप्त पार्न चाहन्छ भने पहिला आफूबाटै यो कार्यको शुभारम्भ गर्नुपर्छ। सीआईएले अन्य राष्ट्रमा आतङ्कवादी समूह जन्माउनु भएन। तिनलाई अमेरिकी भूमिमा प्रशिक्षण दिनु भएन। जनताबीच लोकप्रिय सरकारलाई ढाल्ने र षड्यन्त्रकारीहरूलाई सत्तारुढ गराउने गर्नु भएन। जस्तोसुकै तानाशाही र दमनकारी शासन पनि अमेरिका समर्थक हुँदा प्रजातन्त्रवादी हुने र जस्तोसुकै लोकप्रिय शासन पनि अमेरिका समर्थक नहुँदा आँखाको कसिंगर हुने चिन्तनबाट अमेरिका ग्रस्त हुनु भएन। जनताविरुद्ध प्रयोग हुने हतियार उपलब्ध गराउनु भएन र दमनकारी सत्तालाई अर्बौं डलरको सैनिक सहयोग उपलब्ध गराउनु भएन। बम र बन्दूकको भाषा मात्र बोल्नु भएन। जनआन्दोलनबाट लखेटिएका तानाशाहहरूलाई आफ्नो देशमा शरण दिनु भएन। अमेरिकाले बुझ्नु पर्छ- विश्वका अधिकाङ्श जनता किन अमेरिकाको विरुद्ध छन् ? किन तिनको हृदयमा अमेरिकाप्रति आक्रोश छ ? अमेरिकाको यस्तै हरकतका कारण विश्व जनमत अमेरिका विरोधी रहेको छ। अमेरिकाको विदेश नीतिमा रहेको प्रमुख कमजोरी भनेकै अन्य राष्ट्रका जनतासँग सम्बन्ध बढाउनु भन्दा शाषकलाई काखी च्याप्नु हो र जस्तोसुकै मनपरी गर्न छुट दिनु हो। तसर्थः आतङ्कवाद समाप्त गर्नु छ भने अमेरिकाले अन्य राष्ट्र र जनताको सवालमा आफ्नो नीतिमा सुधार ल्याउनुपर्छ र वैदेशिक नीतिमा दोहोरो मापदण्ड अपनाउनु हुँदैन।

Operation Infinite Justice अभियानको नाममा युद्धको मुढे नीति अपनाउँदा तत्कालका लागि तालिवान सरकार ढलेर अमेरिकालाई लाभ भए पनि, कुनै तरिकाबाट बिन लादेन मारिएर अमेरिकाको मन हल्का भए पनि आतङ्कवाद समाप्त हुने वाला छैन। अमेरिकाले बुझ्नुपर्छ- एक लादेनको ठाउँमा अर्को लादेन जन्मन सक्छ।

अमेरिकी सञ्चार माध्यममा तत्काल बिन लादेन र अफगानिस्तान विरुद्ध सैन्य कारबाही गर्नुपर्ने जनमत प्रवल देखिए पनि ११ सेप्टेम्बरको प्रहारको केन्द्रविन्दु न्यूयोर्कमा नै युद्ध विरोधी प्रदर्शनको शुरुवात भएको छ। न्यूयोर्कको मुटु भनिएको टाइम स्क्वायरमा आयोजित प्रदर्शनमा अमेरिकी जनताले युद्धको पक्षमा होइन, शान्तिको आफ्नो आवाज घन्काए। उनीहरूको भनाइ थियो- एक व्यक्ति (लादेन) विरुद्ध अमेरिकाले युद्धको घोषणा गर्नु शरमको कुरा हो। यसैगरी बदलाको भावनाले सैनिक कारबाही गर्न नहुने भन्दै युरोपका विभिन्न भागमा पनि जनप्रदशृन घएका छन्।

आजको यस क्षणमा निर्दोष लाखौं अफगान जनता शरणार्थीको रुपमा छिमेकी राष्ट्रमा पलायन हुँदैछन्। जो देशमै रहेका छन् तिनीहरूको शिरमाथि डेमोल्कसको तरबार झुण्डिएको छ। यस अवस्थामा, आतङ्कवादका साथै युद्धको विरोधमा समेत विश्वव्यापी आवाज घन्काउनु परेको छ। र, भन्नु परेको छ- आतंकवाद चाहिँदैन ! युद्धको विभिषिका चाहिँदैन !!

***(प्राची संचेतना द्वैमासिक, वर्ष १०, पूर्णाङ्क ३७, असोज २०५८ बाट साभार)***

## पाठक पत्र

**सम्पादज्यू,**

प्राचीको अङ्क ७१ पढ्ने अवसर भयो। हिंसाका विभिन्न स्वरूपका बारेमा चर्चा गरिएका लेखहरू पठनीय लाग्यो। सशस्त्र द्वन्द्व समाप्त भएको चार वर्ष पूरा हुन लाग्यो। सशस्त्र द्वन्द्वको अन्त्य भएपछि दैनन्दिनका हत्या, आतङ्कमा कमी आयो तर, यो बीचमा महिला हिंसाका घटनामा अपत्यारिलो तरिकाले वृद्धि भएको छ ।

महिला माथि हुने हिंसालाई घरभित्रको झगडा भनेर टार्ने चलन छ । मधेशमा विगतमा दाइजोको नाममा हुने हिंसाका घटना क्रमशः पहाडतिर पनि देखिन थालेका छन्। छोरा नपाएका, खान मागेको, सन्तान नजन्माएको, परपुरुषसँग सम्पर्क गरेको आदि आरोपमा महिलामाथि हिँसा हुने गरेको यथार्थ हाम्रा सामु विद्यमान छ।

सरकारले महिला हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना जारी गरेको छ, तर त्यो कार्ययोजनाले ग्रामीण भेग तथा हिंसा पीडित महिलासम्म पुग्न सकेको छैन । मधेशमा हुने कतिपय बलात्कारका घटनाका दोषी पत्ता लाग्दैनन्। पत्ता लागी हाले पनि ती दोषीलाई कानूनी कठघरमा उभ्याइँदैन। प्राचीले उठाउने गरेका विषयवस्तुहरू सरल छन् । प्राची हरेक जिल्लामा पुग्ने व्यवस्था गर्न पाए राम्रो हुने थियो।

**- रुद्रबहादुर खड्का**
भिमान, सिन्धुली

# अब त अति भयो

अहिलेका हाम्रा नेताले पनि जानी बुझी राख्नुपर्ने कुरा के हो भने कानून भन्दा माथि कोही पनि हुन सक्दैन र कानूनको मर्मको परिपालना आ-आफ्नो व्यवहारबाट स्थापित गर्न सक्नुपर्छ। अबको विश्वमा हिंसाको कुनै स्थान छैन। बलबाट राज्य हडप्ने, शासन गर्ने भनेको दिउँसै सपना देख्नु मात्र हो। नेपालीले पनि एक्काइसौं शताब्दी टेकिसकेका छन्  नेताहरूले यस्तो परिस्थितिको निर्माण नगरून् कि जनता पख्लास् भनेर पर्खी बसुन्। यस्तो मानसिकताले पार्टी र लोकतन्त्रलाई कमजोर पार्छ घरका मुलीको बेइज्जत भएपछि घरको इज्जत गए जस्तै राष्ट्रको इज्जत कमजोर हुन्छ। दुई ठाउँमा चुनाव हारेका मान्छेलाई संविधानसभाको सदस्य मैले बनाएँ भन्ने पुष्पकमल दाहाल पाँच पटक प्रधानमन्त्रीको दौडमा पछारिएका छन्। जनता, पार्टीका समर्थक र लडाकुका बारेमा उनीहरूको स्वतन्त्र छनौट भन्दा आफ्नो एकल निर्णय नै शास्वत हुन्छ भन्ने अडानका कारण अनमिनले अनुगमन गरिदिनु पर्ने लाजमर्दो स्थिति छ।



**सुबोधराज प्याकुरेल**

शान्ति सम्झौताको कार्यान्वयन नभएकोमा जनतामा चिन्ता व्याप्त छ। कागजमा र मौखिक रूपमा नेताहरूले दिएका आश्वासन पूरा गरिएको छैनन्। अनेकौं पटक धोखा पाइसकेको भएता पनि ०६७ को जेठ १४ गते गरिएको तीन दलको सहमति पूरा गरिएला भन्ने जनताको आशामा तुषारापात भएको छ। १२ बुँदे सहमति, विस्तृत शान्ति सम्झौता र अन्तरिम संबिधानमा उल्लेखित राजनीतिक दलहरूको समान परिकल्पना प्रति जनताको विश्वास थियो। अक्षरमा लेखिए भन्दा बढी विश्वास जनताले यिनै दललाई गरेका पनि हुन्। तर कार्यान्वयनको मामिलामा दलहरूबीचको अविश्वास शत्रुतापूर्ण भएर उजागर भयो। शब्दहरूको अपव्याख्याले सीमा नाघ्यो। मनपरी व्याख्या गर्ने कुराले सम्वेदनशील राष्ट्रियता र राष्ट्रिय एकतालाई नै खलबल्याउने चिन्ता समेत बढेर गयो। यो बीचमा सिंगो देश एउटा मामिलामा नराम्ररी हार्‍यो त्यो के भने शक्ति/हिंसात्मक शक्तिले मात्र जोगिन-जित्न सकिन्छ भन्ने मानसिकताको विकाश भएकै हो। संविधानसभा निर्वाचनको बेलामा धैर्यताको उच्चतम अभ्यास देखिएको थियो। सेना सहितको पार्टी एमाओवादीसँग शान्तिपूर्ण प्रतिस्पर्धा गर्न अरू निशस्त्र पार्टीहरू राजी भएका थिए। तर, अहिले अनमिनको अनुगमनमा आफ्नो हतियार थन्क्याएका एमाओवादी प्रतिको अविश्वास चरमचुलीमा पुगेको छ। छ पटक सम्म चुनाव गर्दा पनि प्रधानमन्त्री छान्न नसकेपछि दलहरू नियम नै फेर्ने कुरा गर्नथालेका छन्। झन् सबभन्दा ठूलो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले त व्यवस्था नै खराब भएको अभिव्यक्ति दिएर नेताको घमण्ड उजागर मात्र गरेनन् बुद्धिजीवी माझ नेताका नजरमा कानूनको शासनको कुनै मुल्य नरहेको मान्यता स्थापित गरिदिए। अहिलेको सबभन्दा ठुलो चुनौती भनेको जनताकालागि लोकतन्त्रको अर्थ र अपेक्षा के हो भन्ने बारेमा राजनीतिक दलहरूलाई जिम्मेवार बनाउनु नै रहेको छ। जनआन्दोलन, शान्ति प्रतिको असिम आस्थाको उपज थियो। विचारको नाममा जनताको एजेण्डा बिर्सिएर दलहरूले गर्ने आपसी द्वन्द्वबाट उन्मुक्तिको खोजी पनि थियो। २०१७ सालमा दलहरू बीचको झगडाबाट दिक्क भएका जनताले राजाको आह्वान पत्याए। तर ०४५ र ०६२ को आन्दोलनसम्म आइपुग्दा राजाहरूको व्यवहारबाट जनता वाक्क भइसकेका थिए। हुनत ०४७ को संविधानले राजालाई कुनै कार्यकारी अधिकार दिएकै थिएन। व्यवहारमा राजाको इच्छा सामु लम्पसार पर्ने नेतृत्वका कारण नेपालको राजतन्त्र सर्वाधिक बलियो भइरह्यो। यसर्थ, अहिलेका हाम्रा नेताले पनि जानी बुझी राख्नुपर्ने कुरा के हो भने कानून भन्दा माथि कोहि पनि हुन सक्दैन र कानूनको मर्मको परिपालना आ-आफ्नो व्यवहारबाट स्थापित गर्न सक्नुपर्छ अबको विश्वमा हिंसाको कुनै स्थान छैन। बलबाट राज्य हडप्ने, शासन गर्न भनेको दिउँसै सपना देख्नु मात्र हो। नेपालीले पनि एक्काइसौं शताब्दी टेकिसकेका छन् नेताहरूले यस्तो परिस्थितिको निर्माण नगरून् कि जनता पख्लास् भनेर पर्खी बसुन्। यस्तो मानसिकताले पार्टी र लोकतन्त्रलाई कमजोर पार्छ घरका मुलीको बेइज्जत भएपछि घरको इज्जत गए जस्तै राष्ट्रको इज्जत कमजोर हुन्छ। दुई ठाउँमा चुनाव हारेका मान्छेलाई संविधान सभाको सदस्य मैले बनाएँ भन्ने पुष्पकमल दाहाल पाँच पटक प्रधानमन्त्रीको दौडमा पछारिएका छन्। जनता, पार्टीका समर्थक र लडाकुका बारेमा उनीहरूको स्वतन्त्र छनौट भन्दा आफ्नो एकल निर्णय नै शास्वत हुन्छ भन्ने अडानका कारण अनमिनले अनुगमन गरिदिनु पर्ने लाजमर्दो स्थिति छ। अब त अति भयो। हामी सबै मिलेर हाम्रा अगुवाहरूलाई सम्झाऔं, कृपया शान्ति, स्वतन्त्रता र स्वाभिमानको यात्रामा तपाईंहरू बाधक नबन्नुस्। नत्र इतिहासले धिक्कार्ने छ। नेपाल सरहदका नेपालीलाई एकतावद्ध परिवारका रूपमा रहन नदिनेले इतिहासको निष्ठूर सजाय भोग्नुपर्ने छ।

# माओवादी लडाकुहरूको व्यवस्थापनका चुनौतीहरु



डा. दीपकप्रकाश भट्ट

लोकतान्त्रिक समाजको निर्माण, कानुनी शासनको सवलीकरण, नागरिकको सुरक्षा प्रत्याभूति, शान्ति प्रक्रियालाई अर्थपूर्ण निष्कर्षमा पुऱ्याउने र राज्यको पुर्नसंरचना गरी लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न माओवादी लडाकुहरूको समायोजन तथा पुर्नस्थापनाको कार्यलाई व्यवस्थित ढङ्गले सम्पन्न गर्नु अति आवश्यक छ । माओवादी लडाकुहरूको रेखदेख, समायोजन र पुर्नस्थापना अर्थात समग्रमा भन्दा व्यवस्थापन कार्य शान्ति प्रकृयाको महत्वपुर्ण र अभिन्न अङ्ग हो । माओवादी लडाकुको व्यवस्थापन सम्बन्धी यो कार्य अगाडि बढ्न नसकेकाले बाह्र बुँदे समझदारीदेखि अघि बढेको सहमतिको राजनीति अहिले आएर आम नेपाली नागरिक र अर्न्तराष्ट्रिय समुदायकालागि निरन्तर चासो र अन्यौलको विषय बनिरहेको छ । माओवादी लडाकुको समायोजन वा व्यवस्थापनको यो कार्य अगाडि बढ्न नसक्नुको मूल कारण यसको जटिलता ? वा राजनीतिको क्षेत्रको सत्ता साझेदारी ? वा सत्ता कब्जा हो ? बुझ्नु अति आवश्यक छ । तर, यहाँ त्यो पक्ष भन्दा पनि माओवादी सेनाका लडाकुहरूको व्यवस्थापनका सबै महत्वपूर्ण पक्षहरूलाई केलाउने प्रयास गरिएको छ ।

संविधान निर्माणको सामान्य अवधि दुई वर्षबाट बढाएर तीन वर्ष पारिएको भएपनि शान्ति प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन आवश्यक पहलहरू भएका छैनन् । संविधान बन्ने कुराको ग्यारेण्टी नभई लडाकु समायोजन र पुर्नस्थापनाको कार्यले पूर्णता पाउँदैन भन्नु राजनीतिक रूपले छलको कुरा हो । जुन, माओवादीले प्रष्ट रूपमा गरिरहेको छ । जबकि, ऊ आफैं संविधानसभाको सबैभन्दा ठूलो र जिम्मेवार पार्टी हो । लडाकुको प्रमुख जिम्मेवार पनि ऊ आफैं हो तर यसो भनिरहँदा राज्यकै भरण पोषणबाट पालिएका माओवादी लडाकुप्रति अन्य दलहरूको जिम्मेवारी नै छैन भन्न मिल्दैन । माओवादी लडाकुहरूको समग्र व्यवस्थापन माओवादीका लागि पूँजी भए पनि अरू दलहरूका निम्ति वैधानिक जिम्मेवारी त हो नै । नेपाली सन्दर्भमा *समायोजन* भनेको माओवादी सेनाका लडाकुहरूको सुरक्षा निकायहरूमा समायोजन हो र *पुर्नस्थापना* भनेको समायोजन हुने बाहेकका पूर्व लडाकुहरूलाई आय आर्जनका लागि सीपमूलक तालिम वा वृति विकासका लागि आर्थिक प्याकेज सहित सामाजिक सम्मानपूर्वक समाजमा फर्किने वातावरण मिलाउनु हो । पुर्नस्थापना व्यवहारिक र प्रभावकारी ढङ्गले लागू भएन वा गरिएन भने त्यसको प्रभाव व्यक्ति, परिवार र समग्र समाजमा पर्छ । यस्तो अवस्थामा पूर्व लडाकुहरू पुनः हिंसात्मक गतिविधिमा फर्केका उदाहरणहरू विश्वमा धेरै छन् । त्यसकारण पुर्नस्थापनाको विषयलाई महत्वपूर्ण मानिन्छ ।

**माओवादी लडाकुहरूको विकासक्रम**

एकीकृत माओवादीले जनमुक्ति सेना भनेर चिनाउने गरेको संरचनालाई वैधानिक रूपमा माओवादी लडाकु भन्ने गरिएको छ । संसदीय राजनीतिबाट सामाजिक आर्थिक परिवर्तन सम्भव नभएको भन्दै एकीकृत माओवादीले २०५० तिर तीन प्रकारका समूहहरू-लडाकु समुह, सुरक्षा समुह र भोलेन्टियर समूह गठन गरेको थियो । माओवादीले २०५२ मा शुरू गरेको सशस्त्र विद्रोहसँगै छापामारहरूको एकीकृत सङ्गठनात्मक संरचना विकास गरेको देखिन्छ । पछि यो विकास हुँदै गएर २०५७ मा गुरिल्ला दस्ताहरूको विभिन्न समूहलाई जनमुक्ति सेनाको रूपमा नामाकरण गरियो । त्यसको चार वर्षमा सात डिभिजन बनाएको माओवादीले बतायो । जुन सैन्य विज्ञानको हिसाबले एक डिभिजनको हाराहारीमा छ । विस्तृत शान्ति सम्झौता अनुसार माओवादी लडाकुहरूलाई सात वटा मुख्य शिविर र प्रत्येक मुख्य शिविर वरिपरि तीन सहायक शिविरहरू राख्ने निर्णय भयो ।

शिविरहरूमा रीतपूर्वक दर्ता हुन आएका भनिएका ३२ हजार २ सय ५० मध्ये ८ हजार ६ सय ४० जना प्रमाणिकरणका लागि उपस्थित भएनन् भने ४ हजार ८ जना अयोग्य घोषित भए । जसमध्ये २ हजार ९ सय ७३ जना १८ वर्ष मुनिका थिए भने १ हजार ३५ जना मई २५, २००६ पछि भर्ना गरिएका थिए । सहमतिमा अनुसार मई २५, २००६ पछि भर्ना भएकालाई अयोग्य मान्ने प्रावधान थियो । शिविरमा राखिएका मध्ये ३ हजार ८ सय ४६ महिला रहेका छन् । उनीहरूको हतियारको सङ्ख्या ३ हजार ४ सय ७५ रहेको छ । अयोग्य ठहरिएका ४ हजार ८ जनालाई बिदाई गर्ने कार्यक्रम अर्न्तगत उपस्थित २ हजार ३ सय ८५ जनालाई जनवरी २०१० मा बिदाइ गरियो । त्यसबेला पनि २ हजार ६ सय २३ पुर्वलडाकु अर्थात लडाकु भनी उपस्थित व्यक्ति कहाँ छन् ? यो कसैको निम्ति पनि सोध खोज र चासोको विषय रहेन् खासगरी राज्यका लागि । १९ हजार ६ सय २ को प्रमाणित सङ्ख्याबाट केही पार्टी छोडेर निस्क्रिय भएर बस्ने, केही मृत्यु भएर र केही अन्य विभाजित समूहमा लाग्ने गरी छाड्नेहरूको सङ्ख्या हेर्दा अहिलेको सङ्ख्या १९ हजार ५ सय ७५ रहेको छ ।

**सहमति र उल्लङ्घनका श्रृङ्खलाहरू**

नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मंसिर २२ गतेका दिन भएको हतियार र सेना व्यवस्थापनको अनुगमन सम्झौतामा 'अस्थायी शिविरमा रीतपूर्वक दर्ता भएका माओवादी लडाकुहरू मात्रै स्तरीय मान्यताहरू पूरा गरी सुरक्षा निकायहरू भित्र गरिने सम्भावित समायोजनका लागि योग्य हुनेछन्' ।

यसैगरी, २०६५ असार ११ गते भएको संविधान संशोधन र शान्ति प्रक्रियालाई अगाडि बढाउन राजनीतिक दलहरूका बीचमा भएको सहमतिको बुँदा नम्बर २ मा 'विस्तृत शान्ति सम्झौता तथा नेपाल सरकार र नेकपा (माओवादी)का बीच संयुक्त राष्ट्र सङ्घका प्रतिनिधिको रोहवरमा भएको सेना र हतियारको व्यवस्थापन अनुगमन सम्बन्धी सम्झौता अनुरूप अस्थायी शिविरहरूमा संयुक्त राष्ट्र सङ्घद्वारा दर्ता र प्रमाणीकरण भएका माओवादी लडाकुहरूको बढीमा ६ महिना भित्र समायोजन र पुर्नस्थापना तथा हतियारको व्यवस्थापन गरिनेछ' । जसमा अगाडि भनिएको छ 'अन्तरिम संविधान २०६३ को धारा १४६ मा उल्लेखित विशेष समिति मन्त्रिपरिषद् गठन भएको १५ दिन भित्र निर्माण गरी त्यसले आफ्नो काम प्रारम्भ गर्नेछ । समायोजन र पुर्नस्थापना नभएमा प्रमाणित लडाकुहरूको लागि ६ महिना पछि राज्यले कुनै दायित्व लिने छैन' । तर, एकीकृत माओवादी नेतृत्वको सरकार र विशेष समितिले त्यसलाई समीक्षा गर्ने काम गरेनन् न त अन्य दलहरूले नै गरे । अयोग्य प्रमाणित भएकाहरूको सम्बन्धमा भएको सहमतिलाई १५ दिन भित्र माओवादीले व्यवस्थापन गरी सक्ने भनिएको भएपनि त्यसलाई टुङ्गोमा पुऱ्याउन शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको पहलमा युएनडीपी, युनिसेफ, अनमिन र माओवादी सहितको संयुक्त टोलीले तीन वर्षमा काम अगाडि बढायो । यो अगाडि बढिरहेको छ । यसका जटिलताहरूले भोलिका दिनहरूमा योग्य भनिएकाहरूको पुर्नस्थापना गर्दा काम लाग्ने धेरै कुराहरू सिक्न सकिने अवस्था छ । विशेष समिति गठन भएको दिनबाटै रेखदेखको प्रकृया र त्यसको शिविरसम्मको संरचना-चेन अफ कमाण्ड कसले गर्ने कसले हेर्ने ? , नियन्त्रण, निर्देशन, तलबाट माथिको रिपोर्टिङ प्रकृया, आचार संहिता निर्माण र समग्र विषयको अनुगमन कसले गर्ने ? भन्ने निर्णय गरेर त्यसको संरचना बनाएर अघि बढनु पर्थ्यो तर, त्यो भएन । यी सबै विषयमा प्राविधिक समितिले लगभग एक वर्ष पहिला खाका निर्माण गरी सहमतिको दस्तावेज विशेष समितिमा निर्णयार्थ पेश गरेको थियो तर, माओवादीको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरूले प्राविधिक समितिमा सहमति जनाए पनि निर्णय गर्ने ठाँउमा लगेर रोकिदिए पछि अरूले के गर्ने भन्ने प्रश्न अहिले सम्म अनुत्तरित छ । किनकि समितिमा सहमतिले मात्रै निर्णय हुन्छ ।

आफ्नै नेतृत्वको सरकार हुँदा मौखिक रूपले लडाकुहरू विशेष समिति मातहत आएको घोषणा बाहेक अरू कुनै काम माओवादीले अगाडि बढ्न दिएको देखिँदैन । लडाकुहरू विशेष समिति अर्न्तगत आउन चाहन्छन्, विशेष समिति मातहत ल्याउन चाहन्छ तर त्यस वैधानिक समितिमा हुनुपर्ने निर्णय नगरेर त्यसलाई निकम्मा बनाए अनि माओवादीले उच्च स्तरीय राजनीतिक संयन्त्रले अन्तिम टुङ्गो लगाउँछ भने । विशेष समितिका विभिन्न बैठकहरूमा कहिले नेपाली सेनाको लोकतान्त्रिकरण गनुपर्छ र कहिले राष्ट्रिय सुरक्षा नीति बनाएर सुरक्षा निकायको सङ्ख्या तोकेर जानु पर्छ अनि मात्र समायोजन हुन सक्ने विचार ल्याए । जबकि नेपाली सेनाको लोकतान्त्रिकरण अन्तरिम संविधान र विस्तृत शान्ति सम्झौतामा उल्लेखित भएपनि त्यसको समयावधि तोकिएको छैन । अहिलेसम्म माओवादी नेताहरूले देशमा दुई सेना रहेको र दुवै सेना मिलाएर नयाँ तेश्रो राष्ट्रिय सेना बनाउने वा विद्यमान सुरक्षा निकायबाट केही सङ्ख्या निकाली माओवादी लडाकुहरूको सङ्ख्या मिलाई नँया संरचना निमार्ण गर्ने हालको प्रस्ताव पनि सहमति विपरीत कुरा हो । त्यसको जवाफ दिने क्रममा कुनैपनि लडाकु सुरक्षा निकायमा समायोजन हुन नसक्ने अभिव्यक्ति अन्य दलका नेताहरूले पनि दिने गरेका छन् । यी दुवै कुरा सम्झौता विपरीत छन् । विशेष समिति अर्न्तगत नआइसकेकोले लडाकु र सरकार वा अन्य दलहरू बीच कुनै सम्वाद नै हुने अवस्थाको श्रृजना भएन । अहिले सम्म पनि माओवादीका नेताहरूले अस्थायी शिविरमा गएर लडाकुहरूलाई प्रशिक्षण दिइरहेको अवस्था छ । रेखदेख र नियन्त्रणको पहिलो काम नै अगाडि नबढेपछि समायोजन र पुर्नस्थापनाको काम कसरी सम्भव हुन्छ ?

**आर्थिक पक्ष**

माओवादी लडाकुहरूमाथि राज्यको तर्फबाट मात्रै छ अर्बको हाराहारीमा बजेट खर्च भइसकेको छ । यस बाहेक विभिन्न सहयोगी र दातृ संस्था अनि मित्र राष्ट्रहरूको सहयोगलाई जोड्दा यो रकम थप एक अर्ब भन्दामाथि हुन्छ । शुरूमा प्रति लडाकु मासिक ३ हजार दिइएको मासिक भत्ता माओवादी नेतृत्वको सरकारले बढाएर ५ हजार पुऱ्याएको थियो । यसैगरी भरणपोषणको लागि दैनिक रू ६० दिँदै आएकोमा बढाएर भूगोल अनुसार ७२ देखि १ सय १० रूपियाँ पुऱ्याइएको थियो । यस बाहेक 'नेपाल शान्ति कोष' मार्फत यस वर्ष, शिविर पहुँच मार्गका लागि ४५ करोड, पूर्वाधार निर्माणमा १० करोड, स्वास्थ्यमा ३५ लाख, खानेपानीमा ३ करोड ३६ लाख छुट्ट्याइएको छ । ट्रष्टलाई डेनमार्क, नर्वे, स्विटजरल्याण्ड, बेलायत, जर्मनी र फिनल्याण्डको सहयोग रहेको छ । यस बाहेक जर्मनीको सहयोग निकाय जीटीजेडको प्रत्यक्ष सहयोगमा शिविरहरूमा भौतिक पूर्वाधार निर्माण, कम्प्युटर शिक्षा र अङ्ग्रेजी सिकाउनका लागि सहयोग जारी छ । अहिलेसम्म सरकारमार्फत भत्ता, भरणपोषण, टहरा निर्माण, भवन, सडक, खानेपानी, विद्युत र सञ्चार गरी रू ६ अर्ब भन्दा बढी खर्च भएको छ ।

आर्थिक पक्षसँग जोडिएको एउटा महत्वपूर्ण पाटो माओवादी लडाकुहरूले दैनिक खाना खर्च र मासिक भत्ताका रूपमा पाउने रकमबाट प्रत्येक पार्टी सदस्यले दिनुपर्ने लेवी स्वरूप प्रति व्यक्ति रू. १००० मात्र पनि उठाउने हो भने त्यो रकम मासिक एक करोड नब्बे लाखको हाराहारीमा हुन्छ । जुन वार्षिक २३ करोड र तीन वर्षमा ६९ करोड हुन्छ । देशका अरू कुनै पनि राजनीतिक दलहरूका निम्ति यो आय अकल्पनीय छ । यसले स्पष्ट पार्छ कि जति समायोजन र पुर्नस्थापनाको विवाद लम्बिन्छ त्यति माओवादी पार्टीलाई आर्थिक फाइदा छ, साथै राजनीतिक र मानसिक दवाव अरू पार्टी र आम जनतालाई रहिरहन्छ । अहिले पनि खर्च सरकारको अनि खटन माओवादीको र त्यसको सम्पूर्ण फाइदा माओवादीलाई भएपछि उसले समायोजनको प्रक्रिया अगाडि नबढाउनुको कारणबारे बुझ्न कठिन छैन । तर, अरू

राजनीतिक दलहरूले यस तथ्यलाई मनन् गरी यस प्रकृयालाई अगाडि बढाउन आवश्यक गृहकार्य र तत्परता देखाउनु जरूरी छ ।

**नेपाली काङ्ग्रेस र नेकपा एमालेका चिन्ता अनि चुनौतीका विषयहरू**

(क) प्रत्येक लडाकुलाई व्यक्तिगत रूपमा विकल्प रोज्ने अवसर दिँदा राजनीतिक रूपले प्रशिक्षित व्यक्ति भएकोले सबैले नेपाली सेनामा समायोजन हुन चाहने विकल्प मात्रै रोज्न सक्ने ।

(ख) माओवादीले विगतमा भएका अनौपचारिक समझदारी भन्दा बढी सङ्ख्यामा लडाकुहरू सुरक्षा निकायमा समायोजन गर्न चाहन्छन् ।

(ग) राष्ट्रिय सेनालाई राजनीतिकरण गर्ने उद्देश्यले बढी भन्दा बढी सङ्ख्यामा, राजनीतिक वैचारिक रूपमा प्रशिक्षित माथिल्लो तहका लडाकुहरू नेपाली सेनामा समायोजन गर्न चाहन्छन् ।

(घ) सुरक्षा निकायहरूमा राजनीतिकरण हुन गई व्यवसायिकतामा ह्रास, अनुशासनहीनतादेखि विद्रोहको सम्भाव्यता प्रवल रहने । समाजमा पुर्नस्थापना हुन जानेहरू पनि विद्रोही मानसिकताले नँया ढङ्गले पुर्नगठित हुन सक्ने ।

(ङ) समायोजित लडाकुहरूसँग भविष्यमा पनि एनेकपा माओवादीको सम्बन्ध, सम्पर्क र प्रभाव कायम रहिरहन सक्ने ।

(च) एनेकपा माओवादीले स्थापित मापदण्डलाई आफ्नै तरिकाले अर्थ्याई सुरक्षा अङ्गको मापदण्डलाई अस्वीकार गर्न सक्ने र समूहगत प्रवेशको माग गर्ने ।

(छ) जनतासँग प्रत्यक्ष सम्पर्कमा रहने नेपाल प्रहरीमा समायोजन गर्दा माओवादीले प्रहरीको निर्देशन र पोशाकको दुरूपयोग गर्नसक्ने ।

(ज) सुरक्षा निकायका सङ्ख्यामा बृद्धि हुने ।

**एनेकपा माओवादीको तर्फबाट चिन्ता र चुनौतीका विषयहरू**

(क) कम सङ्ख्यामा लडाकुहरूको सुरक्षा निकायमा समायोजन हुने ।

(ख) न्यूनतम सङ्ख्यामा माथिल्लो तहका लडाकुहरू समायोजन हुन बाध्य पारिएमा सुरक्षा निकायहरूलाई राजनीतिक प्रभावमा ल्याउन गाह्रो पर्ने ।

(ग) न्यूनतम सङ्ख्यामा समायोजन गराइएमा लडाकुहरूमा जगाइएको महत्वाकाङ्क्षा पूरा नहुने, बाँडिएको सपना साकार नहुने र नेतृत्वको विश्वसनीयता गुम्ने ।

(घ) लडाकुहरू मानसिकरुपले पूर्णरूपमा समायोजन हुन कठिन पर्ने र समायोजित लडाकुहरू माथि दोश्रो दर्जाको व्यवहार हुनेसक्ने ।

(ङ) समायोजित लडाकुहरू माथि पार्टीको प्रभाव क्रमशः घट्दै जाने ।

(च) सुरक्षा निकायहरूको विद्यमान मापदण्ड स्वीकार्न बाध्य गराइने ।

(छ) सानातिना विवाद/समस्या सिर्जना भएमा स्थापित नियम कानून लगाई निलम्बन/बर्खास्त गर्न सक्ने ।

(ज) सुरक्षा निकायको स्थापित मापदण्ड लागू भएको खण्डमा समायोजित हुने लडाकुहरूको सङ्ख्या अति न्यून हुन जाने ।

त्यस्तै नेपाल सरकार र एकीकृत मधेशी लोकतान्त्रिक मोर्चाकाबीच २८ फेब्रुअरी २००८ मा भएको सहमति पनि कार्यान्वयनको मुख ताकेर बसेको अवस्था छ । जसमा नेपाली सेनालाई राष्ट्रिय र समावेशी चरित्रको बनाउन मधेशी र अन्य पछाडि परेका समुदायको समूहगत भर्तीको कार्य गरिने छ, भनिएको छ । यो छुट्टै विषय र प्रसङ्ग भएपनि समूहगत प्रवेशको गलत नजिरलाई भविष्यमा आधार मान्नु हुँदैन ।

**अन्तर्राष्ट्रिय अनुभव र नेपाली मोडेलको समायोजन**

कम्युनिष्ट पार्टी वा कुनै अन्य सशस्त्र समूहले स्थापित सत्तामाथि विजय प्राप्त गरी सकेपछि पुरानो सेनालाई विघटन गरी आफ्नो सेनालाई राष्ट्रिय सेना घोषणा गर्ने, जस्तो सोभियत रूस, चीन, भियतनाम, क्युबा, उत्तर कोरिया आदि, बाहेक समायोजन भएको कुनै मोडेल वा खाका नेपालमा हुबहु लागू गर्न मिल्दैन । सन् १९४५ पछि संयुक्त राष्ट्रसङ्घको नेतृत्व र अगुवाईमा विश्वमा ४५ भन्दा बढी देशमा समायोजन र पुर्नस्थापनाका कार्यहरू सम्पन्न भएका छन् । जसमध्ये २३ वटा अफ्रिकी राष्ट्रहरू रहेका छन् । अहिलेसम्म पनि यसको कुनै निश्चित मोडेल विकास भएको छैन । तर, धेरै जसो राष्ट्रहरूमा डीडीआर अर्थात निशस्त्रीकरण, अपरिचालन र पुर्नस्थापनाको मोडेल संयुक्त राष्ट्रसङ्घ र सहयोगी राष्ट्रहरूले गरेका छन् । केही अफ्रिकी राष्ट्रहरूमा राष्ट्रिय सेनाबाट टुक्रिएर गएका सेनाले विद्रोह गरेका ठाँउमा राजनीतिक सहमतिका आधारमा समूहगत समायोजन भएका उदाहरणहरू छन् । कुनै पनि एक सूत्रीय उदाहरण विश्वभरिबाट खोज्न सकिने अवस्था यसमा छैन । द्वन्द्वोत्तर कालमा विभिन्न राष्ट्रले विद्रोही लडाकु र सेना समायोजन गरेका छन् तर नेपालको अवस्था उनीहरूसँग मिल्दोजुल्दो थिएन।

कसरी अगाढि बढ्ने विषयमा सबैभन्दा उपयुक्त बाटो प्रत्येक लडाकुलाई समायोजन वा पुर्नस्थापना कुन रोज्ने भनेर जाने नै हो । तर, राजनीतिबाट प्रेरित सबै वा अधिकाङ्शले सेनामै जाने एकमात्र विकल्प रोजे भने के गर्ने भन्ने समस्याको हल निकाल्न सङ्ख्या तोकेर जानुपर्ने अवस्था छ । किनकी उनीहरूलाई त्यो रोजाईको ज्ञान र जानकारी गराउन, भविष्यमा उनीहरूले के के गर्न सक्छन् ? सुरक्षा निकायमा जानेहरूको भविष्य कस्तो हुन्छ ? पुर्नस्थापनामा जान चाहनेहरूको भविष्य कस्तो हुने र कस्तो आर्थिक प्याकेज पाउने कुरामा भर पर्छ । समायोजनको प्रक्रियामा ध्यान दिनुपर्ने अरू महत्वपूर्ण कुरामा पर्छन्-सुरक्षा निकायको समावेशी संरचना निर्माणको लागि महिला, दलित र मधेशी समुदायको प्रतिनिधित्व बढी गराउने, विगतमा सुरक्षा निकाय छोडेर गएकाहरूलाई समायोजन नगर्ने, मानवाधिकार उल्लङ्घन गरेकाहरूलाई र अपराधिक वा फौजदारी अभियोग लागेकाहरूलाई समायोजन नगर्ने ।

माओवादी नेतृत्वका तर्फबाट यो विषयलाई निकै संवेदनशील, जटिल र अमूर्त विषय बनाउने प्रयास गरेको देखिन्छ । कुनै अन्तर्राष्ट्रिय अनुभवलाई ल्याएर यहाँ लागू गर्ने भन्दा पनि आफ्नो विशेषता अनुरूप नेपालमा माओवादी सेनाका लडाकुहरूको समायोजन र

पुर्नस्थापनाको मोडेल यही विकास भएर निर्माण हुने हो । युवा उमेर र मन तर उनीहरूकै भाषामा भन्दा अनिश्चित भविष्य बोकेका लडाकुहरू, किनकी छ महिनामा सकिने भनेको समायोजन र पुर्नस्थापनाको टुङ्गो साढे तीन वर्ष सम्म पनि नलागे पछि आउने निराशा, कुण्ठा र उद्देलनलाई व्यवस्थित गर्न स्वयम् माओवादी नेतृत्वलाई पनि गाह्रो हुँदै गइरहेको प्रतीत हुन्छ ।

**पुर्नस्थापना**

समाजमा पुर्नस्थापनामा जान चाहने पूर्व लडाकुहरू आर्थिक सामाजिक सुरक्षाको प्रत्याभूति बिना यसतर्फ आर्कषित नहुने र भएपनि व्यवस्थित नहुँदा पूर्व लडाकुहरू हिंसात्मक र अपराधिक गतिविधितर्फ आकर्षित हुने धेरै सम्भावना रहेको अनुभव विश्वका धेरै देशहरूबाट बुझ्न सकिन्छ ।

त्यस्तै माओवादी सेनाका लडाकुहरू मध्ये कसैले आफ्नो इच्छाअनुसार ज्ञान, सीप, अनुभवको आधारमा स्वतन्त्ररूपमा जीवनयापन गर्न चाहेमा स्वेच्छिक अवकाश लिएर जान चाहनेहरूका लागि निम्नानुसारका योजनाहरू हुन सक्छन् । स्वेच्छिक अवकाश प्राप्त गर्न चाहने माओवादी सेनाका लडाकुहरूलाई आर्थिक सहयोगस्वरूप सहमतिका आधारमा समानरूपले एकमुष्ट प्याकेज उपलब्ध गराई Golden Hand Shake अन्तर्गत बिदा दिने प्रावधान पनि राख्न सकिन्छ । यसरी, एकमुष्ट आर्थिक प्याकेज उपलब्ध गराउँदा नियमित रूपमा राष्ट्रसेवक निजामती, सेना वा प्रहरीले स्वेच्छिक अवकाश लिँदा प्राप्त गर्ने सुविधालाई आधार मानी सोही अनुरूप आर्थिक सहयोग रकम उपलब्ध गराउन सकिन्छ ।

स्वेच्छिक अवकाश कार्यक्रम बाहेकका लागि पुनर्स्थापन सहयोग कार्यक्रम अन्तर्गत पुनर्स्थापन हुन चाहने माओवादी लडाकुहरूका लागि उनीहरूको इच्छाअनुसार प्राविधिक सल्लाह र तालिम दिई पेशा र व्यवसायिक सीपआर्जनको लागि प्याकेजहरू तयार गरिनु पर्दछ । त्यसका लागि विकल्पहरू निम्न प्रकारका हुन सक्छन् ।

**(१) शैक्षिक योग्यता अभिवृद्धिका अवसर**

माओवादी सेनाका लडाकुहरू मध्ये अधिकाङ्शले आफ्नो औपचारिक वा अनौपचारिक शिक्षालाई निरन्तरता दिने सम्भावना रहेकाले, केही सीप सिकेर आफ्नो भविष्यको योजना बनाउने, लघु तथा साना उद्योगमा संलग्न भइ आयआर्जनको विकल्पको रूपमा आफ्नो व्यक्तिगत जीवन र त्यसका साथै आफ्नो गाँउ, क्षेत्र र देश विकासको कार्यमा योगदान पु्र्याउन चाहनेहरूका लागि यस क्षेत्रका विकल्पहरू प्रस्तावित गर्न सकिन्छ । त्यसमा औपचारिक शैक्षिक अवधिभरका लागि परिचयपत्रको आधारमा व्यवस्थापकिय मासिक खर्च उपलब्ध गराउन सकिन्छ । प्रवेशिका उत्तीर्ण र त्यसभन्दा माथिको अध्ययन गरेका लडाकुहरूले अध्ययन जारी राख्न चाहेमा दुई-तीन वर्षका लागि सरकारी विद्यालय तथा कलेजमा शिक्षा आर्जन गर्न सहयोग गर्ने । विद्यालय/कलेजमा लगातार हाजिर भई अध्ययन गर्न नसक्ने तर शिक्षा आर्जन गर्ने मनशाय राख्ने लडाकुहरूको निम्ति अनौपचारिक शिक्षाको क्षेत्रमा प्रोत्साहन गर्न सकिन्छ । यसरी नै विज्ञान र गणित विषय लिएर प्रवेशिका उत्तीर्ण गरी प्राविधिक शिक्षा प्राप्त गर्न चाहने लडाकुहरूको निम्ति त्यही क्षेत्रका विकल्पहरू खोज्न सकिन्छ साथै यसका लागि राज्यले स्थान, अवसर र अवधि निश्चित गरी सूचना प्रविधि, कम्प्युटर, स्वास्थ्य र वन विज्ञान लगायतका विषयमा पनि अवसरहरू खोज्न सकिन्छ र सामाजिक पुर्नस्थापनाको कामलाई अगाडि बढाउन सकिन्छ ।

**(२) व्यवसायिक तथा अन्य रोजगरीमूलक तालिम**

यदि कुनै लडाकुहरूसँग कुनै व्यवसायिक ज्ञान छ अथवा कुनै व्यवसायिक सीप सिक्ने चाहना र रूचि छ भने सम्बन्धित क्षेत्रको शैक्षिक योग्यता र पूर्व सीपलाई आधार मानी विभिन्न प्रकारका तालिमहरू सिक्ने व्यवस्था पनि पुर्नस्थापनाको प्याकेज भित्र गर्न सकिन्छ ।

(क) भौतिक संरचना निर्माणसँग सम्वद्ध सीपहरू
(ख) बिजुलीसँग आवद्ध सीपहरू
(ग) खानपानसँग आवद्ध सीपहरू
(घ) होटलसँग आवद्ध व्यवसायहरू
(ङ) मेकानिकल व्यवसायसँग आवद्ध सीपहरू
(च) कृषि व्यवसायिक शिक्षासँग आवद्ध सीपहरू
(छ) पर्यटन व्यवसायसँग आवद्ध सीपहरू
(ज) लघु उद्योगसँग आवद्ध सीपहरू

**(३) कृषि उत्पादन तथा अन्य स्वरोजगार**

अधिकाङ्श नेपालीहरूलाई कुनै न कुनै रूपमा कृषिको ज्ञान रहेको कुरा हुन्छ । यस ज्ञानलाई आफ्नो परिवारसँग उपलब्ध जग्गाको सदुपयोग वा नभएकाहरूका लागि कुनै वैकल्पिक व्यवस्था गरी कृषिजन्य सीप विकास गर्न चाहनेहरूलाई निम्न विकल्पहरू प्रस्तुत गर्न सकिन्छ ।

(क) फलफूल खेती
(ख) नगदे बाली
(ग) आधुनिक खेती
(घ) जडिबुटी उत्पादन
(ङ) चिया/कफी/अलैंची उत्पादन आदि ।

**(४) पशुपालनसँग आवद्धक्षेत्रहरू**

(क) मत्स्य पालन र प्रवर्धन
(ख) विकसित पशुपालन
(ग) दूध र दूधजन्य पदार्थ सम्बन्धित उत्पादनहरू
(घ) कुखुरा व्यवसाय

यस क्षेत्रसँग सम्बन्धित अध्ययन पश्चात आर्थिक प्याकेज विकास गरी आर्थिक सहयोग उपलब्ध गराउन सकिन्छ ।

**(५) लघु उद्योग**

आर्थिक प्याकेजको लगानीले स्वरोजगारको रूपमा आफूलाई भएको सीप वा रूचि भएको लघुउद्योग सञ्चालन गर्ने पूर्व लडाकुलाई निम्नानुसारका विकल्प प्रस्तुत गर्न सकिन्छ ।

(क) फलफूलसँग आवद्ध उद्योग
(ख) अन्नको सुरक्षित भण्डारण र संरक्षण
(ग) यान्त्रिक पार्टपूर्जा सम्बन्धी
(घ) हस्तकला सम्बन्धी

**(६) वैदेशिक रोजगारी**

यदि पूर्व लडाकुहरू विदेशमा गई काम गर्न चाहन्छन् भने उनीहरूको शैक्षिक योग्यतामा आधारित सीप विकसित गरी विदेशमा रोजगारीका लागि जान चाहनेलाई सरकारी कोटाबाट माथि उल्लेखित आर्थिक प्याकेज अनुसार अवसर प्रदान गर्न सकिन्छ । यसका साथै माथि उल्लेखित विकल्पहरू बाहेक माओवादी सेनाका लडाकुहरूले यदि कुनै सीपको अपेक्षा राख्दछन् र सो सीप देशभित्र सीमित खर्च भित्रमा उपलब्ध भएमा उक्त विकल्प पनि

दिन सकिन्छ । त्यसका लागि पनि माथि उल्लेखित आर्थिक प्याकेजका आधारमा अवसर उपलब्ध गराउन सकिन्छ ।

**(७) शारीरिक अङ्ग गुमाएका तथा गम्भीर प्रकृतिका विरामी**

शारीरिकरूपले कुनै अङ्ग गुमाएका तथा गम्भीर प्रकृतिका विरामीको निमित्त भिन्नै प्रकारको सहयोगको व्यवस्थाहरू गर्न सकिन्छ । गम्भीर प्रकृतिको रोग लागेका, घाइते र असक्त भएका अपाङ्गताको तह वर्गीकृत गरी अरुलाई दिइने आर्थिक सहयोगमा थप सहुलियत प्रदान गर्न सकिन्छ । त्यसरी नै शारीरिक अवस्था अनुसार प्याकेज सहित सहुलियत भत्ता प्रदान गर्ने व्यवस्था वा व्यक्तिको रूचि अनुसार व्यवसायिक तालिमको सरकारी अवसर प्रदान गर्ने ।

**(८) गर्भवती तथा दुध खुवाउने आमाहरू**

यो समूहमा रहेका महिला पूर्व लडाकुहरूलाई निर्धारित आर्थिक प्याकेजमा केही प्रतिशतले थप गरी स्वरोजगारको लागि अभिप्रेरित गर्दै माथि उल्लेखित सहयोगको व्यवस्था गर्न सकिन्छ ।

**निष्कर्ष**

देशमा विभिन्न कारणहरूले गर्दा सिर्जना भएको द्वन्द्व र हिंसालाई न्यूनीकरण गर्दै सामाजिक न्यायलाई स्थापित गर्न यो एउटा अवसर पनि हो । माओवादी लडाकुहरूलाई मनोवैज्ञानिक, आर्थिक-सामाजिक तथा भौतिक सुरक्षाका पक्षहरूलाई ध्यान दिँदै यो समस्यालाई व्यवस्थापन गर्नुपर्दछ । लडाकु व्यवस्थापनलाई शान्ति प्रकृयाका सबै पक्षहरूका बीचमा विश्वासको वातावरण निर्माण गर्ने विषयका रूपमा लिएर जाँदा सजिलो हुने देखिन्छ । कुनै पनि देशको अनुभव नेपालमा लागू गर्न सकिँदैन भन्ने निष्कर्षबाट अगाडि बढेर सुरक्षा निकायहरूमा सुधारको बृहत्तर सन्दर्भमा यसलाई लिनु आवश्यक देखिन्छ । आर्थिक सुरक्षाको पाटो पुर्नस्थापना महत्वपूर्ण रहने र नेपालमा पूर्व लडाकुहरू मध्ये बहुसङ्ख्यक त्यस क्षेत्रमा जाने भएकोले सीपमूलक, रोजगारमुखी र अनौपचारिक क्षेत्रमा आर्थिक आय उपार्जनका उपायहरूलाई अवलम्न गर्दै अगाडि बढनु पर्ने देखिन्छ । त्यसले मात्रै भविष्यमा हिंसा र अपराधिक गतिविधिहरू तर्फ लाग्नबाट बचाउँछ ।

शुरूमा समायोजन र पुर्नस्थापनाको विषय बढी राजनीतिक र कम प्राविधिक देखिए पनि यो काम अगाडि बढिसके पछिका जटिलताका पक्षहरू मुख्यतया प्राविधिक छन् । त्यसो भएकोले सत्ता स्वार्थ भन्दा पनि आवश्यक सङ्ख्या, आवश्यक मापदण्ड र निकायहरू, समय तालिका र आवश्यक आर्थिक भौतिक सहयोगको समय मै निर्णयमा पुग्नु जरूरी छ । त्यसका लागि निम्न विषयहरूमा सम्बन्धित पक्षको ध्यान जानु अति आवश्यक छ ।

- यो जटिल, संवेदनशील र वृहत विषय भएकोले राजनीतिक नेतृत्वले लचिलो भएर विवादहरूलाई साँघुऱ्याउँदै जानुपर्छ ।
- यसका लागि प्रमुख दलका शीर्षस्थ नेताहरूका बीचमा विश्वासको वातावरण बन्नु आवश्यक छ ।
- जतिसुकै छलफल भइरहेको देखिए पनि यो विषयका जटिलताहरूमा छलफलले प्रवेश गरेको छैन त्यसकारण निर्णायकहरू तहमा गम्भीर विमर्श जरुरी छ ।
- अन्तर्राष्ट्रिय समुदाय पुर्नस्थापनाको कार्यमा विभिन्न तरहले सघाउन तयार भएकोले यसको विस्तृत योजना बनाई यसका साथै रोजगार सिर्जनाको अवसरका रूपमा उपयोग गर्न सक्नु पर्दछ ।
- द्वन्दोत्तर समाजमा विगतका गहिरा खाडलहरू पूरा गर्न यस कार्यक्रमको सम्पादन कसरी भयो भन्ने कुरामा भरपर्ने भएकोले यसलाई पूर्णरुपमा सैन्य विषयसित जोडेर हेर्ने भन्दा पति वृहत्तर राजनीतिक र विकासको कुरालाई ध्यानमा राख्नु आवश्यक छ ।
- समग्रमा माओवादी सेनाका लडाकुहरूको व्यवस्थापन कार्यलाई अन्तरिम संविधान, विस्तृत शान्ति सम्झौता र हतियार र सेना व्यवस्थापनको अनुगमनको सम्झौतालाई पालना गर्दै सङ्ख्या, मापदण्ड, विकल्पहरू र श्रोतहरूको सम्पादन गरिनुपर्दछ ।

*(लेखक: सेना समायोजन विशेष समितिका सदस्य हुनुहुन्छ ।)*


**सन्दर्भ सामग्रीहरू**

*नेपालको अन्तरिम संविधान*, २०६३, पहिलो, दोस्रो र तेस्रो संशोधनसहित, युएनडीपी, नेपाल, पुष २०६४ ।

नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको *विस्तृत शान्ति सम्झौता* २०६३, शान्ति तथा पुर्ननिर्माण मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

Chuter, David and Cleary, Laura R, Civilians in Defense, in *Managing Defense in a Democracy*, (eds.) Cleary, Laura R. and McConville, Teri, (Routledge, New York 2006), p 79.

Gautam, Kul Chandra (2008), *Integration and Rehabilitation Options for Maoist Combatnants*, The Kathmandu Post, 1 August, 2008, p 7.

Greene, Owen and Ryan, Simon, *Linking and Coordinating DDR and SSR for Human Security after Conflict: Issues, Experience and Priorities*, Saferworld and University of Bradford, 2008, p 11-12.

Licklider, Roy, *Merging Militaries after Civil War: South Africa, Bosnia and a Preliminary Search for Theory*, Massachusetts, 2008, http://www.allacademic.com/meta/p280687_index.html, accessed on 13 July 2010.

*Operational Guide*, To the Integrated Disarmament, Demobilization and Reintegration Standards (IDDRS), UN, 2006.

# लम्ब्याइएको शान्ति प्रक्रिया र आन्तरिकरूपमा विस्थापित जनता

***लेखसार***

सशस्त्र द्वन्द्वका कारण सिर्जित विस्थापनको समस्या समाधानको विषय सत्ता प्राप्ति, सेना समायोजन, दलगत स्वार्थ, बढ्दो क्षेत्रगत तथा जाति र जनजाति विशेषको आ-आफ्नै बुझाइ एवम् अडानजस्ता अनेकौं बहानाहरू सिर्जना गरेर लम्ब्याइएको शान्ति प्रकृयासँग गाँसिएको छ । शान्ति प्रक्रिया राज्य पुर्नसंरचनाको मुख्य आधार मानिएको सङ्घीयताको मोडेलसँग पनि उत्तिकै गाँसिएको छ । धेरैजसो आन्तरिक रूपमा विस्थापितहरू आफ्नै थातथलोमा फर्किसके भन्ने तर्क सत्य हो तर उनीहरूको घर फर्काइसँगै आन्तरिकरूपमा विस्थापनको समस्या समाधान भयो भन्ने तथ्य सरासर गलत हो । जसरी लोकतन्त्र आउँदैमा जनताको आधारभूत मानवअधिकार पूरा हुन सक्दो रहेनछ भन्ने तथ्य खासगरी सामान्य नेपाली नागरिक तथा राजनीतिक पार्टीका समर्थक र सामान्य कार्यकर्ताहरूमा पर्न थालेको छ, त्यसरी नै शान्ति सम्झौताका दर्जनौं लिखित ठेलीहरू तयार हुँदासम्म पनि आन्तरिक रूपमा विस्थापित लगायतका पीडितका समस्या समाधान हुन सक्दैनन् । आन्तरिकरूपमा विस्थापितहरू निराश मात्र होइन, अभाव र अन्यायको दुष्चक्रमा फस्न बाध्य छन् । विस्थापित लगायत बीसौं हजार द्वन्द्व पीडितहरू रातोदिन रूवाइ कराइमा नै बस्नुपर्ने बाध्यता देखेर पनि नदेखे जस्तो गर्ने राजनीतिक दलका नेताहरू भने दलगत स्वार्थमा नै सीमित भएपछि लोकतन्त्रको मर्ममा ठूलो आघात पुग्नु स्वभाविकै हो । घर फर्किसकेका आन्तरिक रूपमा विस्थापितहरूको वर्तमान् स्थिति के छ ? उद्धार गरी फर्काइएका विस्थापितहरू व्यवहारिक रूपमा नै पुर्नस्थापित भए वा भएनन् ? भनी हेर्ने निकाय वा सरकारी संयन्त्रको अभाव खड्किएको वर्तमान अवस्थामा आश गरिएका राजनीतिक दलका नेताहरूको विस्थापित लगायत द्वन्द्व पीडित तथा २१ औं शताब्दीमा आउँदा समेत एक छाक खाना जुटाउन नसक्ने तथा उनीहरूको भलाइ, उन्नति र प्रगति कोर्न तयार नहुने राजनीतिक नेता, योजनाकार लगायतका जान्ने सुन्नेहरूले आफ्नो कमजोरी प्रस्तुत गरिरहेका छन् । त्यसैले यी अभावको जिन्दगी गुजार्नेहरू भन्न थालेका छन्, 'हाम्रो देशमा गतिलो नेता नै जन्मिएन ।'



डा. पद्मप्रसाद खतिवडा

**अनेक प्रयत्नका बाबजुद घर फर्कन नसकेका वा घर फर्कने आशा समाप्त भई तेस्रो स्थानमा सर्न चाहने विस्थापितहरूको समस्यालाई समाधान गर्ने प्रयत्नमा समेत चाहिने भन्दा बढी सिथिलता देखाइनुले यो देशमा आन्तरिक रूपमा विस्थापित लगायत सबैप्रकारका द्वन्द्व पीडितहरूको समस्या समाधान गर्ने नेता नभएको थप पुष्टि हुन्छ । त्यसैले, पनि उनीहरूद्वारा स्थापित निकाय तथा तिनका सरोकारवालाहरूको असक्षमता प्रदर्शन भइरहेको छ अनि सशस्त्र द्वन्द्वका कारण पीडित भएकाहरूको समस्या समाधानमा शिथिलता आइरहेको छ ।**

अर्कोतर्फ अनेक प्रयत्नका बाबजुद घर फर्कन नसकेका वा घर फर्कने आशा समाप्त भई तेस्रो स्थानमा सर्न चाहने विस्थापितहरूको समस्यालाई समाधान गर्ने प्रयत्नमा समेत चाहिने भन्दा बढी शिथिलता देखाइनुले यो देशमा आन्तरिक रूपमा विस्थापित लगायत सबैप्रकारका द्वन्द्व पीडितहरूको समस्या समाधान गर्ने नेता नभएको थप पुष्टि हुन्छ । त्यसैले पनि उनीहरूद्वारा स्थापित निकाय तथा तिनका सरोकारवालाहरूको असक्षमता प्रदर्शन भइरहेको छ अनि सशस्त्र द्वन्द्वका कारण पीडित भएकाहरूको समस्या समाधानमा शिथिलता आइरहेको छ । यसरी शिथिलतामा गुज्रिएको शान्ति प्रक्रियालाई खासगरी राजनीतिक पार्टीहरूका स्थापित नेताहरूले उनीहरूकै कार्यकालमा टुङ्गोमा पुर्याइ नारामा भरिभराउ 'नयाँ नेपाल' निर्माण अभियानको अभिभारालाई पूरा गर्लान् जस्तो देखिएको छैन । 'नयाँ नेपाल' को नारा सँगसँगै उत्पन्न पहिचानको राजनीतिलाई सहजिकरण गर्ने उपयुक्त औजार खोज्न नसक्नु वा खोज्ने प्रयत्न गरेर पनि टुङ्गोमा पुर्याउन नसक्नु तथा खोजे 'आफैं पछि परिन्छ' भन्ने सङ्कुचित मान्यतामा अघि बढ्नु नागरिक समाजका स्थापित नेताहरूलाई लाग्ने गरेको आरोप हो ।

**छलफलका सवालहरू**

फर्किएका विस्थापितहरूको हालको अवस्था के छ ? के उनीहरूका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक मुद्धाहरूको सुनुवाइ भएर तिनको समाधानको प्रयास

अघि बढिसकेको छ ?, के तिनीहरूले फर्किसकेपछि विस्थापित हुनुपूर्वको जीवन वा आफ्नो समुदायमा गुमेको पहिचान पुर्नस्थापित गर्न सके ? के तिनीहरूले आफ्ना घरायसी तथा व्यवसायिक कामहरू पूर्ववत् अवस्थामा सुचारू गर्न सकेका छन् ? जो फर्केका छैनन्, तिनीहरूको मागको सुनुवाइ तथा तिनको समाधानको प्रयत्नका लागि राजनीतिक पार्टी, नागरिक समाज तथा त्यसको आडमा मानवअधिकार र लोकतन्त्रको वकालत गर्ने तपाई हाम्रो क-कसको ध्यान जान सकेको छ ? यिनै अनुत्तरित प्रश्नहरूको सेरोफेरोमा यो लेख केन्द्रित गरिएको छ ।

**विश्व परिवेश र नेपालको सन्दर्भ**

सन् २००९ को तथ्याङ्क अनुसार विश्वमा २ करोड ७१ लाख भन्दा बढी मानिसहरू आन्तरिक रूपमा विस्थापित भएका छन् (IDMC, 2009), जुन नेपालको कुल जनसङ्ख्या जति नै हुन आउँछ । सशस्त्र द्वन्द्व, प्रकोप, जलवायु परिवर्तनलगायतका वातावरणीय समस्या, विकासे परियोजना जस्ता मानव जीवनलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने तत्वहरू नै आन्तरिक विस्थापनका मुख्य कारणहरू हुन् । हालसम्म सङ्कलन गरिएको तथ्याङ्क अनुसार यस्ता समस्याका कारण विश्वका ५४ देशका मानिसहरू आन्तरिक रूपमा विस्थापित हुन वाध्य छन्, जसमध्ये २१ राष्ट्रहरू अफ्रिकी महादेशमा मात्र पर्छन् । विश्वका ६ देशहरू - सुडान, कोलम्बिया, इराक, कङ्गो, सोमालिया र पाकिस्तानमा मात्र आन्तरिक रूपमा विस्थापित हुनेहरूको सङ्ख्या १० लाख भन्दा बढी नाघेको छ भने सन् २००९ मा पाकिस्तान, कङ्गो, सुडान, फिलिपिन्स, सोमालिया, श्रलङ्का, तथा इथोपियालगायतका देशहरूमा मात्र प्रति देश २ लाख भन्दा बढीको सङ्ख्यामा मानिसहरू विस्थापित भएका छन् । त्यसैगरी प्यालेस्टाइन लगायत विश्वका ३४ देशहरूमा आन्तरिक रूपमा विस्थापितहरूको समस्या दीर्घकालीन समस्याको रूपमा स्थापित हुँदै झन् भन्दा झन् लम्बिरहेको छ (तालिका १) । हुनत आन्तरिक रूपमा विस्थापितको समस्या भएका नेपाललगायत एक तिहाइ भन्दा बढी मुलुकहरूले विस्थापितहरूका बारेमा छुट्टै नीति, ऐन, तथा कानुन बनाइसकेका छन्, तथापि विस्थापितका समस्या भने जस्ताको तस्तै रहेको पाइन्छ । कागजी रूपमा सीमित रहेका यस्ता नीति, ऐन, तथा कानुनको व्यावहारिक प्रयोगको माग नेपालमा मात्र नभएर द्वन्द्वमा फसेका अन्य मुलुकहरूमा पनि चुनौतिको रूपमा रहेको छ ।

दश वर्षे सशस्त्र द्वन्द्वका कारण कति मानिसहरू आन्तरिक रूपमा विस्थापित भए भन्ने तथ्याङ्क यकिन गर्न नसकिएको भएता पनि करिव दुईदेखि तीन लाखसम्म विस्थापित भए भन्ने तथ्याङ्कलाई भने सबैभन्दा बढी विश्वसनीय मान्ने गरिएको छ । तर यी मध्ये को कहाँ र कति विस्थापित भए ? भन्ने तथ्याङ्क उपलब्ध हुन सकेको छैन । ०६२/०६३ को जनआन्दोलन पछि शुरु

**तालिका १ : आन्तरिक विस्थापनका बारे प्राप्त तथ्याङ्क, एक झलक**

| तथ्य | तथ्याङ्क |
|---|---|
| सन् २००९ सम्म आन्तरिक रूपमा विस्थापित हुनेहरूको सङ्ख्या | २ करोड ७१ लाख भन्दा बढी |
| प्राप्त तथ्याङ्कका आधारमा आन्तरिक रूपमा विस्थापित हुने देशहरूको सङ्ख्या | ५४ |
| सबभन्दा बढी प्रभावित भएको महादेश | अफ्रिका जहाँ हालम्म २१ देशका करिव १ करोड २० लाख व्यक्तिहरू आन्तरिक रूपमा विस्थापित भएका छन । |
| सन २००९ को तथ्याङ्क अनुसार विश्वको सबभन्दा बढी विस्थापितहरू वृद्धि भएको क्षेत्र | दक्षिण तथा दक्षिणपूर्वी एशिया अघिल्लो वर्षको तुलनामा २३ प्रतिशत (३५ लाखबाट ४३ लाख) ले वृद्धि भएको देखिन्छ । |
| प्रति देश १० लाख भन्दा बढी विस्थापित हुने मुलुकको सङ्ख्या | ६ (सुडान, कोलम्बीया, इराक, कङ्गो, सोमालिया र पाकिस्तान) |
| सन २००९ मा मात्र २ लाख भन्दा बढी विस्थापित हुने मुलुकको सङ्ख्या | ८ (पाकिस्तान, कङ्गो, सुडान, फिलिपिन्स, सोमालिया, कोलम्विया, श्रीलङका, इथोपिया) |
| सन् २००९ मा २ लाखको हाराहारीमा विस्थापितहरू घर फकाउन फल भएका मुलुकको सङ्ख्या | ६ (पाकिस्तान, कङगो, युगान्डा, सुडान, केन्या, फिलिपिन्स) |
| सन् २००९ मा नयाँ विस्थापित गराउने मुलुकहरूको सङ्ख्या | २३ |
| लामो समयसम्म विस्थापित जीवन बाँच्न बाध्य भएका मुलुकहरूको सङ्ख्या | कम्तिमा ३४ (प्यालेस्टाइन सहित) |
| तोकिएक स्थानमा विस्थापितहरू बस्ने गरेका मुलुकहरूको सङ्ख्या | ३ (बुरून्डी, चाद र युगान्डा) |
| प्राय: सहरी क्षेत्रमा विस्थापित हुने मुलुकहरूको सङ्ख्या | कम्तिमा ४८ |
| आन्तरिक रूपमा विस्थापितहरूका बारेमा नीति, कानुन बनाइएका मुलुकहरू | १६ (नेपाल सहित) |

स्रोत : IDMC, 2009.

भएको शान्ति प्रक्रियाले आन्तरिक रूपमा विस्थापितहरूलाई उनीहरूकै इच्छा बमोजिम घर फर्काउने कार्यको शुरूवात त भयो तर, धेरैजसो आन्तरिक विस्थापितहरू हालसम्म पनि घर फर्केका छैनन् ।

हालसम्म उपलब्ध भएका तथ्याङ्कहरूलाई आधार मान्दा करिव दुई लाख तीस हजार देखि दुई लाख पचास हजारको हाराहारीमा विस्थापितहरू घर फर्किएका वा तेस्रो स्थानमा फर्केका वा विस्थापित भएकै स्थानमा पुर्नस्थापित भएको भन्ने गरिन्छ । यसको अर्थ अझै पनि ५० देखि ७० हजार सम्म आन्तरिक विस्थापितहरू (करिव ११ %) घर फर्कने आशमा अभाव र पीडामा बस्न वाध्य छन् (चार्ट १) । शान्ति तथा पुर्ननिर्माण मन्त्रालयको तथ्याङ्कका अनुसार नेपालमा दशवर्षे सशस्त्र द्वन्द्वका कारण करिब ९३ हजार नेपाली जनता विस्थापित भएको देखिन्छ जुन अन्य सङ्घ संस्था भन्दा अत्यन्त न्यून हो ।

शान्ति प्रक्रिया शुरू भएको चार वर्ष बितिसक्दा सम्म पनि हामीहरू सशस्त्र द्वन्द्वकै कारण सिर्जित आन्तरिक विस्थापितहरूका समस्याका चर्चा गर्न बाध्य भइरहेका छौं । खासगरी राजनीतिक पार्टी तथा तिनका सरोकारवालाको रूपमा काम गर्ने सरकारी र गैरसरकारी निकायहरूका फरकफरक दृष्टिकोण तथा पृष्ठभूमिहरू पनि द्वन्द्व समाधानका बाधकका रूपमा देखा परिरहेका छन् । जनआन्दोलन र संविधानसभाको चुनाव मार्फत जनताले चाहना गरेको स्थायी शान्ति आजसम्म पनि नाराकै रूपमा सीमित रहेको छ । कछुवा गतिमा घिस्रिरहेको शान्ति प्रक्रियालाई खरायोको गति दिन नसक्दा हामी समग्र आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा पछि परिरहेका छौं ।

चलिरहेको शान्ति प्रक्रिया ढिलो वा चाँडो भइरहेछ भन्ने बारेमा विश्लेषकहरूका आ-आफ्नै भनाइहरू रहने गर्दछन् र यो आफैंमा अस्वभाविक पनि होइन । जनताले नै भोगे देखेको शान्ति प्रक्रियाको गतिका सन्दर्भमा भन्नु पर्दा संविधानसभाको चुनाव सम्पन्न भइ नयाँ संविधानको खाका तयार गर्ने कार्य शुरू भएपश्चात यसको गति सीमित गरिएको हो । यसका मुख्य

**चार्ट १ : नेपालमा सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित हुनेहरूको सङ्ख्या एक झलक**




सरोकारवाला राजनीतिक पार्टीहरूले विगतमा ठूल-ठूला र दुरगामी प्रभाव राख्ने खालका निर्णय गर्नसक्ने हैसियत राखी रहँदा शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन गाह्रो भयो भन्नु तार्किक अडान होइन । हालको अवस्थालाई हेर्दा राजनीतिक पार्टीहरूको बाटो जनताले दिएको म्यान्डेट विपरीत छ । दुरगामी प्रभाव राख्ने राजनीतिक निर्णयहरू समेत संविधानसभा बाहिरै त्यो पनि जनताको म्यान्डेट नै नपाएका नेताहरूको अगुवाईमा हुनुले जनताको प्रतिनिधि बनेको संविधानसभाको घोर अपमान भएको छ । यो अति दुःखदायी घटना हो ।

**के देख्छन् राजनीतिक पार्टीहरू अहिलेको शान्तिप्रकृयाको बाटोमा ?**

**ए नेकपा माओवादी :** सशस्त्र द्वन्द्वको समयमा संविधानसभाको गठनमार्फत 'नयाँ नेपाल'को सिर्जना सम्भव देख्ने यो पार्टीका नेताहरू हाल संविधानसभाको भविष्य उज्वल देख्न छाडेका छन् । पत्रपत्रिका तथा टेलिभिजन लगायत विभिन्न सञ्चार माध्यममा माओवादी नेताहरूकै भनाइमा, 'गठित संविधानसभाले पार्टीको हित अनुकुल कार्य गर्ने' कुरामा शङ्का व्यक्त गर्न थालिएको छ ।

**नेपाली काङ्ग्रेस :** आफू २००७ सालको क्रान्तिमार्फत संविधानसभाको माग गर्ने पहिलो पार्टी भएको दावी गर्न पछि नपर्ने यो पार्टीले हाल गठित संविधानसभाले नै गरेका कतिपय ऐतिहासिक निर्णयहरूलाई आत्मसात् गर्न सकेको छैन । ३० वर्षे निरङ्कुश पञ्चायतकाल र २०४६ पछिको १५ वर्षे बहुदलीय व्यवस्था प्रायः आफ्नै बागडोरमा राखी सत्ता सञ्चालन गरून्जेल यस पार्टीले संविधानसभाको चर्चा नै गरेन । नाराको रूपमा सीमित राख्न चाहेको संविधानसभाको चुनावमार्फत सोचे भन्दा विपरीत परिणामको पीडा सहन नसकी नेपाली काङ्ग्रेस हिजोआज दिशा विहीन बनेको छ । यस पार्टीका केही नेता तथा कार्यकर्ताहरू संविधानसभाले नै निर्णय गरिसकेका गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, तथा संसदीय व्यवस्थाको विकल्पको खोजी गर्दै अनावश्यक बहस, टिकाटिप्पणी तथा भाषण गरी हिँड्छन् ।

**नेकपा एमाले :** आफूलाई माओवादी र काङ्ग्रेसको सहजकर्ता बन्नुपर्ने दिशाबाट अघि बढिरहेको दावी गर्ने यस पार्टीलाई अरू पार्टी तथा विश्लेषकहरूले भने आफ्नो लक्ष्य तथा उद्देश्य स्पस्ट नभएको पार्टीको रूपमा हेर्ने गर्दछन् । वर्तमान संविधानसभाबाटै राज्यको पुर्नसंरचना सम्भव देख्ने यस पार्टीको आन्तरिक वृत्तमा भने कम्तिमा दुई खेमाका विचारहरू आउने गर्नु संविधानसभालाई नै पङ्गु बनाउने खेलका रूपमा लिन सकिन्छ । आन्तरिक झमेलामा फस्न भन्दा माओवादी र काङ्ग्रेस भन्दा फरक विचार प्रस्तुत् गरेर साँच्चिकै सहजकर्ताको भूमिका निर्वाह गर्न सक्नुपर्ने यो पार्टीले सर्वप्रथम

गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, तथा संसदीय व्यवस्थाको बारेमा आफ्नो एकमत राख्न सक्नु पर्दथ्यो ।

**मधेशवादी दलहरू :** स्थापनाको समयमा यी दलहरूले वर्तमान राजनीतिक साझेदारीमा आफ्नो जे-जस्तो भूमिका हुने भनेर आन्दोलन गरेका भएपनि संविधानसभामा भने एकै खालको पहिचान दिन सकेका छैनन् । बारम्बारको फुट र गुटको राजनीतिले आक्रान्त बनेका यी दलहरूले सत्तासाझेदारी बाहेक संविधान लेखन तथा राज्य पुनरसंरचनामा खासै योगदान नपुऱ्याउने देखिन्छ । एक मधेश एक प्रदेश, हिमाल, पहाड र तराई गरी तीनराज्य लगायतका यथार्थ धरातल भन्दा फरक दृष्टिकोण राख्नु मा नै मधेशवादी दलहरूको अदुरदर्शिता झल्किन्छ जसले समग्र शान्ति प्रक्रियालाई ओझेलमा पारिरहेको छ ।

**अन्य सशस्त्र समूहहरू :** पहाड र तराई गरी हालसम्म १ सय ७ भन्दा बढी सशस्त्र समूहहरू देखा परेका छन् । राजनीतिक अभियानको नारा बोकेका भनिएका यी समूहहरूले ठूलो जनधनको क्षति गरिसकेको तथ्य हामीबीच जगजाहेर छ । संविधानसभाका कामलाई प्रत्यक्ष प्रभाव पार्न नसकेको भएपनि यी समूहहरूले मनोवैज्ञानिक त्रास सिर्जना गरेर आफ्नो पहिचान स्थापित गर्न खोजिरहेका छन् । जसले शान्ति प्रक्रियाको बाटामो अवरोध भइरहेको छ ।

**के छ नागरिक समाजको भूमिका ?**

सविधानसभाले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेपछि नागरिक समाजको जुन परिवर्तित भूमिका हुनु पर्थ्यो, त्यो हुन सकेन । परिवर्तित सन्दर्भमा मानवअधिकारको बुझाइ, शासनपद्धतिको बुझाइ, सामाजिक सहिष्णुताको बुझाइ लगायत कयौं मुद्दाहरूमा नागरिक समाजले नेतृत्वदायी भूमिका निर्वाह गर्न सकेन । बरू आ-आफ्नै पुराना र कतिपय सन्दर्भमा अर्थहीन नाराहरू बोकेरै हिँडेका कारण उनीहरू एक आपसमा विभाजित हुन पुगेको देखिन्छ, जुन नेपालकै सम्भवतः पहिलो घटना हो । नारा र अभियानको मुद्दामा अल्झिएर सतही भूमिका निर्वाह गर्न खोज्दा भोग्न परेको दुर्गतिलाई आत्मसात नगर्ने हो भने संविधानसभाले हिँड्ने बाटो र नागरिक समाजले समाइ राख्ने नाराबीच व्यापक खाडल देखा पर्न सक्छ, जसले गर्दा नागरिक समाजको स्थापित भूमिका ओझेलमा पर्नेछ ।

> **आन्तरिक रूपमा विस्थापितको समस्या भएका नेपाललगायत एक तिहाइ भन्दा बढी मुलुकहरूले विस्थापितहरूका बारेमा छुट्टै नीति, ऐन, तथा कानुन बनाइसकेका छन्, तथापि विस्थापितका समस्या भने जस्ताको तस्तै रहेको पाइन्छ । कागजी रूपमा सीमित रहेका यस्ता नीति, ऐन, तथा कानुनको व्यावहारिक प्रयोगको माग नेपालमा मात्र नभएर द्वन्द्वमा फसेका अन्य मुलुकहरूमा पनि चुनौतिको रूपमा रहेको छ ।**

**परिणाम के हुँदैछ ?**

यी महत्वपूर्ण राजनीतिक विवादहरूको परिणामस्वरूप जनताका सवालहरूलाई जवरजस्ती पाखा पार्ने काम भएको छ । कतिपय सन्दर्भमा जनताका सवालहरूलाई नै दबाउनका लागि राजनीतिक पार्टीहरूले यो हर्कत गरिरहेको समेत भन्ने गरिएको छ । नागरिक समाज परिवर्तित सन्दर्भमा आफ्नो भूमिका पहिचानको अभावमा मुकदर्शक बनिरहेको छ । यसैको मारमा पर्न बाध्य छन् आन्तरिक रूपमा विस्थापित, बेपत्ता नागरिक तथा तिनका परिवार, जनआन्दोलन लगायतका मृतक परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति, एकल महिला, लगायत अन्य कयौं पीडितहरू । यसैको परिणाम स्वरूप आज ५० देखि ७० हजारसम्म आन्तरिक रूपमा विस्थापितहरू आफूले चाहेर पनि घर फर्कन सकेका छैनन् (IDMC, 2009)। अझ तराई तथा पहाडमा सक्रिय रहेका सशस्त्र समूहहरूको कारण आन्तरिक रूपमा विस्थापित हुनेहरूको सङ्ख्या दिन प्रति दिन बढिरहेको छ । खासगरी मधेशमा सन् २००७ मा भएको आन्दोलन यता विभिन्न समूहहरूको धम्कीका कारण विस्थापित हुनेको सङ्ख्या बढेको छ । अघिल्लो वर्षसम्म प्राप्त तथ्याङ्क अनुसार कम्तिमा आठहजार व्यक्तिहरू विस्थापित जीवन बिताउन बाध्य छन् (OHCHR, 2008; IDMC, 2008, Khatiwada, 2009) ।

**आन्तरिक रूपमा विस्थापितहरूको दृष्टिकोणमा शान्ति प्रक्रिया**

उनीहरूको दृष्टिकोणमा शान्ति प्रक्रिया वास्तवमा नै एउटा आशा एवम् भरोसाको केन्द्र थियो । उनीहरू सबैको विश्वास थियो, 'हामी घर फर्कने छौं', फर्केर स्थापित हुन नसकिरहेकाहरू भन्ने गर्थे, ' हामी पुर्नस्थापित छौं', पुर्नस्थापितहरू भन्ने गर्थे, 'हामी सम्मानजनक राजनीतिक जीवन बाँच्ने छौं ।' फर्कने वातावरण नै नभएर पनि विस्थापित भएको क्षेत्र तथा ठाउँमा अनेक हण्डर खान वाध्य भएकाहरू भन्ने गर्थे, 'हामीलाई तेस्रो स्थानमा सारिने छ ।' दुर्भाग्यवस आन्तरिक रूपमा विस्थापितहरूका यी सबै प्रकारका चाहनाहरू पूरा हुन सकेका छैनन् । जारी नाम मात्रको शान्ति प्रक्रियाले आन्तरिकरूपमा विस्थापितहरू लगायत हजारौं द्वन्द्वपीडितहरूलाई न्याय दिन कन्जुस्याई गरिररहेको छ ।

**शान्ति प्रकृयामा आन्तरिक रूपमा विस्थापितहरूको व्यवस्था**

तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सात राजनीतिक दलबीच २०६२ साल मङ्सीर ७ गत भएको १२ बुँदे समझदारीपत्रमा आन्तरिक रूपमा विस्थापितहरूका बारेमा गरिएको व्यवस्था यस्तो छ :

> *[बुँदा नं. ५] ने.क.पा. (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान*

*बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्वाध ढङ्गले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिवद्धता व्यक्त गरेको छ ।*

०६२-०६३ को १९ दिने जनआन्दोलनमार्फत स्थापित लोकतन्त्र, जो हालसम्म पनि नाराकै रूपमा सीमित पारिएको छ, का समयमा दर्जनौं यस्ता सम्झौता र समझदारीहरू गरिएका छन् र कुनै न कुनैरूपमा आन्तरिक विस्थापितका समस्याहरूलाई पूरा गर्ने बाचा पनि गरिएका छन् । नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको ऐतिहासक विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.४ मा भनिएको छ :

*'दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुनर्स्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनर्स्थापन आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।'*

त्यस्तै बुँदा नम्बर ५.२.८ मा विस्थापितहरूको पुर्नस्थापनाको बारेमा यसो भनिएको छ :

*'दुवै पक्ष सशस्त्र द्वन्द्वको क्रममा विस्थापित व्यक्तिहरूलाई राजनीतिक पूर्वाग्रह बिना स्वेच्छाले आ-आफ्नो पैतृक वा पूर्व बसोबासको स्थानमा फर्कन दिन, युद्धका कारणले नष्ट भएका पूर्वाधारहरू पुनर्निर्माण गर्न र विस्थापित व्यक्तिहरूलाई ससम्मान पुर्नस्थापना तथा सामाजीकरण गर्न प्रतिवद्धता व्यक्त गर्दछन् ।'*

विस्तृत शान्ति सम्झौताकै बुँदा नम्बर ७.३.३ मा विस्थापितहरूको छनौटको अधिकारलाई यसरी प्रष्ट्याइएको छ :

- दुवै पक्षले प्रत्येक नागरिकको स्वतन्त्रतापूर्वक आवतजावत गर्न पाउने अधिकार तथा आफ्नो बसोबासको स्थान कानुनी मर्यादामा रही छान्ने स्वतन्त्रतालाई सम्मान तथा संरक्षण गर्दै द्वन्द्वबाट विस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहे अनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने अधिकारको सम्मान गर्ने प्रतिवद्धता व्यक्त गर्दछन् ।

तत्कालीन सात दल र नेकपा (माओवादी) का शीर्ष नेताहरूको ०६३ कार्तिक २२ गते भएको बैठकका निर्णयहरूमा विगतका सहमतिहरूको कार्यान्वयन सम्बन्धमा बुँदा नं. १ को ३ मा आन्तरिक रूपमा विस्थापितहरूको बारेमा यसो भनिएको थियो :

*'कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने कार्यलाई तीब्रता दिने । विस्थापितहरू घर फर्किने वातावरणको सुनिश्चितता गर्ने । यस निम्ति जिल्ला-जिल्लामा दुवै पक्ष सम्मिलित समिति गठन गर्ने । यी सबै कार्यलाई एक महिनाभित्र पूर्णता दिने ।'*

आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति २०६३ एक सकारात्मक कदमका रूपमा लिन सकिन्छ जसले आन्तरिक रूपमा विस्थापितहरूको हक, अधिकारलाई प्रत्याभूति गर्दछ । फरक राजनीतिक सन्दर्भमा अघिल्लो वर्ष २०६२ मा बनेको नीतिको परिमार्जन स्वरूप आएको यस नीतिले आन्तरिक रूपमा विस्थापितहरूको अधिकारलाई यसरी परिभाषित गरेको छ :

*'आन्तरिक रूपमा विस्थापित व्यक्ति भन्नाले सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानवअधिकारको गम्भीर उल्लङ्घन वा प्राकृतिक विपद् वा मानव सिर्जित विपत्ति एवम् अवस्थाको परिणामस्वरूप वा त्यस्तो अवस्थाको असरबाट बच्ने अभिप्रायले आफ्नो घरबास वा बसोबास गर्दै आएको थातथलो छाडी पलायन हुन वा छाड्न बाध्य भई मुलुकभित्रकै अन्य स्थानमा बसोबास गरेका व्यक्तिलाई सम्झनुपर्छ ।'*

यस नीतिले द्वन्द्वबाट विस्थापित व्यक्ति वा परिवारलाई यसरी परिभाषित गरेको छ :

*"... सशस्त्र द्वन्द्व वा हिंसाको स्थिति वा मानवअधिकार उल्लङ्घनको गम्भीर अवस्थाको कारण आफ्नो घरबास वा बसोबास गर्दै आएको स्थानमा बस्न नसक्ने अवस्था उत्पन्न भई बाध्यात्मक किसिमबाट आन्तरिक रूपमा विस्थापित व्यक्ति वा परिवार सम्झनु पर्छ "।*

**नीति तथा सम्झौताको कार्यान्वयन : फुकाउन नसकिएको गाँठो**

माथिका हरफहरूमा व्यक्त गरिएका नीति र सम्भौताका ठेलीले नेपालमा आन्तरिक रूपमा विस्थापितहरूका बारेमा कानुनी दस्तावेजमा प्रशस्तै व्यवस्था गरिएको स्पष्ट देखिन्छ र यसै प्रावधान अनुसार हालसम्म धेरै आन्तरिक रूपमा विस्थापितहरू लाभान्वित पनि भएका छन् । तर पनि सबै प्रकारका विस्थापितहरूको समस्या पहिचान गरी उनीहरूकै इच्छा बमोजिम पुर्नस्थापना गर्ने कार्यमा सरकार, राजनीतिक पार्टी तथा गैरसरकारी संस्थाहरू समेत चुकिसकेका छन् ।

**निश्कर्ष**

१. सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा विस्थापित भएका नेपाली जनताका मुद्दाहरू राजनीतिक स्थिरतासँग गाँसिएका छन् । राजनीतिक स्थिरताको मुख्य आधार शान्ति प्रक्रिया हो भने शान्ति प्रक्रियाको मुख्य आधार सङ्घीयतामार्फत राज्यको पुर्नसंरचना हुनु आवश्यक छ । त्यसैले नागरिक समाजले सञ्चालन गर्ने मानवअधिकारको वकालतले यिनै विषयवस्तुलाई समेट्न सक्नु पर्छ ।
२. २०६२/६३ को जनआन्दोलनको मुख्य मुद्दा समावेशी लोकतन्त्र थियो र यसका लागि सहमतीय राजनीति मुख्य आधार मानिएको थियो ।

संविधानसभाको चुनावको नतिजाले पनि दलहरूलाई सहमतीय प्रणालीको अनुशरण गर्न प्रेरित गरेको थियो तर, यी सब म्यान्डेटलाई लत्याएर दलहरू बहुमतीय प्रणालीमा जवरजस्ती घिस्रिरहेका छन् जसले गर्दा शान्ति प्रक्रिया अवरूद्ध भइरहेको छ । यसैकारण नागरिक समाजले गणितीय खेल मार्फत अँगालिएको वर्तमान शासन पद्धतिको निरन्तर विरोध गर्नुपर्दछ ।

३. जनताको कम भन्दा कम समर्थन पाएका सशस्त्र समूहहरू भित्र धेरै भन्दा धेरै मानवअधिकारको चेतना जानु जरूरी भएको छ । शान्ति र मानवअधिकारका अधारभूत ज्ञानको माध्यमबाट यी शक्तिको पुनरसंरचना हुनु जरूरी भएको छ ।

४. शान्ति प्रकृयासँग जोडिएका प्राय:जसो सम्झौताहरूमा आन्तरिकरूपमा विस्थापितहरुको मुद्धालाई सम्बोधन गर्ने गरिएको भएपनि उनीहरूको समस्याको समाधान हुन सकेको छैन । यसका मुख्य दुई कारण छन् । पहिलो, आन्तरिक रूपमा विस्थापितसहित सबै द्वन्द्व पीडितका सवालहरू जारी रहेको शान्ति प्रक्रियासँग सम्बन्धित छन् । दोस्रो, आन्तरिकरूपमा विस्थापित व्यक्तिको सामाजिक चरित्र लगभग आप्रवासी वा बसाईंसराइ गर्ने व्यक्तिहरूको हुन जान्छ । तसर्थ बसाइँ सराइका नीतिहरूको अवलम्वन नगरी आन्तरिक रूपमा विस्थापितहरूको समस्या पूर्णरूपमा समाधान गर्न सकिन्न । उदाहरणका लागि व्यक्ति वा परिवार स्वेच्छाले वा वाध्यात्मक तवरले घर फर्किसके पछि धेरै कममात्रामा घर फर्कन चाहन्छ । बसाइँ सराइको यो सैद्धान्तिक मान्यता आन्तरिक रूपमा विस्थापितहरूका लागि पनि लागू हुन्छ । त्यसैले जबरजस्ती घर फर्काउने कार्य ठीक हुन सक्दैन ।

*(डा. खतिवडा त्रिभुवन विश्वविद्यालयमा जनसङ्ख्या अध्ययनका उपप्रध्यापक हुनुहुन्छ । )*

**References**


Government of Nepal, 2007, *National Policies on Internally Displaced Persons, 2063 (2007).*

Government of Nepal, 2007, *The Interim Constitution of Nepal, 2007.*

IDMC, 2008, *Internal Displacement: Nepal's Report,* http://www.internal-displacement.org/idmc/website/countries.nsf/(httpEnvelopes)/1949E98C81942B55C12571FE004D8821¿OpenDocument#sources (Accessed on 17 June 2010).

IDMC, 2009, *Internal Displacement: Global Overview of Trends and Developments in 2009,* http://www.internal-displacement.org/8025708F004CE90B/(httpPages)/10C43F54DA2C34A7C12573A1004EF9FF¿OpenDocument&count=1000 (Accessed on 4 April 2010).

IDMC, 2009, *Internal Displacement: Nepal's Report,* http://www.internal-displacement.org/idmc/website/countries.nsf/(httpEnvelopes)/1949E98C81942B55C12571FE004D8821¿OpenDocument#sources (Accessed on 15 June 2010).

Khatiwada, P.P., 2009, *Even the Displaced Have a Good Luck to Shape,* Spotlight, September, 2009.

Khatiwada, P.P., 2010, *Conflict Induced Migration in Nepal: A Social Inclusion Perspective,* PhD Thesis Submitted to the Dean Office, Faculty of Humanities and Social Sciences, Tribhuvan University.

Ministry of Peace and Reconstruction (MoPR, n.d.), http://www.peace.gov.np/admin/doc/Histroy%20of%20Peace%20Talk-eng-web1.pdf (Accessed on 25 June 2010).

MoPR, n.d., *Comprehensive Peace Accord Concluded Between the Government of Nepal and The Communist Party of Nepal (Maoist),* http://www.peace.gov.np/admin/doc/CPA_eng-ver-corrected.pdf, Accessed on 25 June 2010).

MoPR, n.d., *National Policies on Internally Displaced Persons, 2063 (2007),* http://www.peace.gov.np/admin/doc/IDP%20Policy-2063.pdf (Accessed on 25 June 2010).

Nepal Research, n.d., *Unofficial English translation of the 12-point agreement between the seven parties and Maoists,* http://www.nepalresearch.com/coup_2005/papers/maoists_parties_agreement_051122.pdf (Accessed on 25 June 2010).

NGO Federations of Nepal, Human Rights Alliance & et.al. 2009, *People's Issues in New Constitution,* A Booklet Published by the Joint Effort of Nepali Human Rights Organisations.

Office of the High Commissioner for Human Rights (OHCHR), 2008, *Human Rights in Nepal one year after the Comprehensive Peace Agreement, http://nepal.ohchr.org/en/PressRelease.html ,* (Accessed on 15 June 2008).

# राजनीतिक दलहरूले संविधान निर्माण प्रक्रियालाई प्राथमिकता दिएनन्

**नीलाम्बर आचार्य, संवैधानिक समितिका सभापति हुनुहुन्छ । संविधानसभाका बैठकहरू विगत पाँच महिनादेखि बस्न सकेका छैनन् । संविधानसभाको अवधि एक वर्ष थपिएको छ । तर, निर्धारित समयमा संविधान निर्माण कार्य सम्पन्न हुने कुरामा अझैपनि आशङ्काहरू व्यक्त गरिँदैछन् । यसै सन्दर्भमा संविधान निर्माण प्रक्रिया, यसका जटिलता र चुनौतीका विषयमा राजु पासवानले श्री आचार्यसँग गर्नुभएको कुराकानी यहाँ प्रस्तुत् गरेका छौं ।**



निलाम्बर आचार्य

**नेपालको शान्ति प्रक्रियाको हालको अवस्थालाई यहाँले कसरी हेर्नु भएको छ ?**

शान्ति प्रक्रिया धेरै अघिनै सम्पन्न भइसक्नु पर्ने थियो । तर, अहिले शान्ति प्रक्रिया अवरूद्ध भइरहेको छ । जसका कारण मुलकुमा विश्वासको वातावरण निर्माणमा पनि बाधा पुगेको छ । संविधान निर्माण पनि अगाडि बढ्न सकेको छैन । राजनीतिक स्थिति पनि सामान्यीकरण हुन सकेको छैन । शान्ति प्रक्रिया टुङ्गोमा नपुऱ्याए यसले फेरि धेरै अप्ठ्याराहरू सृजना गर्नेछ ।

**संविधानसभाको समयावधि बढेको छ, तर राजनीतिक दलहरूका बीचमा भएका असमझदारीले कुनै निकास नपाएको अवस्थालाई कसरी विश्लेषण गर्नुहुन्छ ?**

राजनीतिक दलहरूकाबीच जुन तिक्तता र दूरी बढेको छ । यो मुलुकको निम्ति हानिकारक छ । संविधान निर्माणको निम्ति हानिकारक छ । शान्तिका निम्ति हानिकारक छ । जबसम्म यो तिक्तताहरूको समाप्ति हुँदैनन्, शान्तिका सवालमा, संविधान निर्माणको सवालमा साझा निष्कर्षमा पुग्न सकिँदैन । साझा निष्कर्षमा नपुग्दासम्म संविधान निर्माण पनि हुन सक्दैन । शान्ति स्थापना हुन पनि गाह्रो छ ।

**संविधान निर्माण र शान्ति प्रक्रियामा केही सकारात्मक विकास पक्कै भएका छन् तर जनताको चाहना, राजनीतिक दलहरूमाथि गरिएको विश्वास र संविधानसभाबाट गरिएका आशालाई ०६२/०६३ को आन्दोलनमा व्यक्त भावनालाई सँगै राखेर हेर्दा प्राप्त भएका उपलब्धीहरूलाई कसरी मूल्याङ्कन गर्दा उपयुक्त हुन्छ ?**

ठूला ठूला उपलब्धीहरू प्राप्त भएका छन् । मुलुकले ठूलो परिवर्तन देखेको छ । हामी राजतन्त्रबाट गणतन्त्रमा प्रवेश गरेका छौं । एकात्मक प्रणालीबाट सङ्घीय प्रणालीमा प्रवेश गरिराखेका छौं । निर्वाचन प्रणाली फेरिएको छ । समानुपातिक र प्रत्यक्ष गरी मिश्रित निर्वाचन प्रणालीको अभ्यास हामीले गरिसकेका छौं । यस्तो महत्वपूर्ण संविधानसभा आएको छ र विभिन्न क्षेत्रका, जातजातिका, समुदायका आकाङ्क्षा, सरोकार र गुनासाहरूको प्रतिनिधित्व हुने व्यवस्था भएको छ । तिनीहरूको आवाज प्रष्ट मुखरित भएको छ । सञ्चार माध्यमको यत्रो विकास भएको छ । नागरिक अभिव्यक्तिले लोकतन्त्रको निम्ति बलियो आधार प्रदान गरेको छ । त्यसैले धेरै ठूलो परिवर्तनहरू भएका छन् । तर, यी परिवर्तनहरूलाई संस्थागत गर्ने क्रममा हामीले जे जति काम गर्नुपर्ने हो, त्यो समय भित्र गर्न नसक्दा खिन्नता पनि छ, केही निराशा पनि छ, केही वितृष्णा पनि छ । अहिलेको अवस्थामा राजनीतिक वितृष्णा, राजनीतिक पार्टीहरूले सरकार पनि गठन गर्न नसक्ने, अनि बजेट पनि ल्याउन सकेका छैनन् । संविधान निर्माण दुई वर्षभित्र भएन । बढाएको म्यादमा पनि काम भइराखेको छैन । केही सङ्कटका कुरा, केही निराशाका अभिव्यक्ति देखिन्छन् । तर, हामीले जस्तोसुकै अप्ठ्यारो स्थितिमा पनि समाधान त खोज्नैपर्छ र भएका परिवर्तनलाई संस्थागत गर्नैपर्छ ।

**संविधान निर्माणको काम कहाँ पुगेको छ र यसबीचमा कस्ता खालका अप्ठ्याराहरू आएका छन् ?**

संविधान निर्माणको काम महत्वपूर्ण चरणमा प्रवेश गरेर रोकिएको छ । हामीले कहाँ-कहाँ हाम्रा विमतिहरू छन् भन्ने पहिल्याएका छौं । हामीले विभिन्न विषयका प्रतिवेदन र प्रारम्भिक मस्यौदाहरू तयार पारेका छौं । तर, त्यहाँ रहेका विमतिहरूलाई सम्बोधन गर्न सकेका छैनौं । राजनीतिक पार्टीबीचको दूरी, असमझदारी र संविधान निर्माणलाई प्राथमिकतामा नराख्दा अप्ठ्यारो परेको हो । साथ-साथै राजनीतिक पार्टीका बीचमा राजनीतिक दर्शन, संविधान सम्बन्धी दर्शनमा नै फरक भएकाले पनि हामीलाई अप्ठ्यारो पारेको हो ।

**संविधान निर्माणका क्रममा आएका सबैभन्दा विवादित विषयहरू के के हुन् ?**

हाम्रो संविधानको मूल भाव के हुने ? मुल दिशा के हुने ? गन्तव्य के हुने ? राजनीतिक परिपाटी के हुने ? शासन

प्रणाली के हुने ? निर्वाचन प्रणाली के हुने ? न्याय प्रणाली, विधायिका र कार्यपालिकाको सम्बन्ध के कस्तो हुने ? विधायक एक सदनात्मक की दुई सदनात्मक हुने भन्ने यी यावत कुराहरू अनिर्णित रूपमा रहेका छन् । अर्थात सामूहिक निष्कर्षमा पुगेका छैनौं भने अर्कोतिर सङ्घीयताको सवालमा ठूलो विवाद, ठूलो आशङ्का रही आएको छ । त्यसैले सङ्घीय संरचना अर्थात राज्यको पुन:संरचना बारेको अप्ठ्याराहरूलाई पनि हामीले समाधान गर्नुपर्नेछ ।

**राज्य पुर्नसंरचना, लडाकुको समायोजन र व्यवस्थापन, सरकारको स्वरूपका कारणले मात्र अहिलेको अवस्था श्रृजना भएको नभइ यसमा संविधान चाहने र नचाहने शक्तिबीचको द्वन्द्व पनि उत्तिकै जिम्मेवार छ, भनेर अहिले धेरै मानिसहरू भन्न थालेका छन् यस बारेमा तपाईंको धारणा के छ ?**

संविधान चाहने र नचाहने भन्ने होइन । संविधान निर्माणलाई प्राथमिकता दिने र सत्तालाई प्राथमिकता दिनेबीचको फरकले यस्तो परिस्थिति उत्पन्न भएको हो । अहिले के देखा परेको छ भने संविधानसभाको म्याद बढाउनुअघि पनि .पनि राजनीतिक पार्टीहरूले सत्तालाई बढी ध्यान दिए । संविधानलाई प्राथमिकता दिएनन् । संविधानलाई प्राथमिकता दिनको लागि शान्ति स्थापनालाई पनि प्राथमिकता दिनुपर्दथ्यो । यी दुई कुरालाई प्राथमिकता नदिँदा, नदिने व्यवहार अपनाउँदा यस्ता अप्ठ्याराहरू भएका हुन् ।

**विषयगत समितिहरूले दिएका प्रतिवेदनहरू पारित हुने सम्भावना कत्तिको देख्नुहुन्छ ? किनकी ती प्रतिवेदनहरूमा थुप्रै असहमतिका बुँदाहरू छन् ।**

विषयगत समितिले दिएको प्रतिवेदन मध्ये आधारभूत कुराहरूलाई सहमतिका साथ पारित गर्नु राम्रो हुन्छ । यदि सहमतिका साथ पारित गर्न सकेनौं भने भोलि संविधान पारित गराउन गाह्रो पर्छ । सहमति नभए पनि दुई तिहाई हुनै पर्छ । किनभने संविधान दुई तिहाइबाट पारित हुनुपर्छ । त्यसैले विषयगत प्रतिवेदनहरूमा, आधारभूत कुराहरूमा सहमति कायम गर्ने अथवा दुई तिहाई बहुमत कायम गर्नु जरूरी छ । त्यो यदि प्राप्त नहुने हो भने संविधान निर्माणमा निकै ठूलो सङ्कट आइपर्नेछ ।

**अब बन्ने संविधान राजनीतिक सहमतिको दस्तावेज हुन्छ कि, समग्र जनताको भावनाको प्रतिनिधित्व हुने दस्तावेज ?**

संविधान चाहिँ कानुनी दस्तावेज पनि हो, मूल कानुन र राजनीतिक दस्तावेज पनि हो । त्यसैले यी दुवैको सन्तुलन त्यहाँ आवश्यक छ । संविधानमा सबै अटाउनु पर्छ । संविधानले सबैको विश्वास जित्न सक्नुपर्छ । संविधानले मुलुकलाई निदृष्ट गर्न र मुलुकमा उत्साह बढाउन सक्नुपर्छ । त्यसैले अब आउने संविधान सबैको संविधान हुनुपर्छ । एक पक्षीय संविधान बन्यो भने जनभावनालाई समेट्न सकिएन भने मुलुकमा फेरि पनि समस्या हुन सक्छ ।

**सङ्घीयताका बारेमा देशव्यापी बहसहरू भएका छन्, विभिन्न तह र तप्काबाट स्वायत्तताका विषयमा मागहरू आइरहेको सन्दर्भमा यो सवाललाई संविधानमा कसरी समेटिनेछ ?**

यो विषय छलफलको क्रममा छ । हामीले सङ्घीयतालाई स्वीकार गरिसकेका छौं । त्यसकारणले सङ्घीयताका आधारहरू, सङ्घीयताका इकाइहरू र अधिकार बाँडफाँड सम्बन्धी कुराहरू हामीले छलफलको आधारमा टुङ्ग्याउनु पर्छ र यसमा केही अप्ठ्याराहरू उत्पन्न भएका छन् किनभने सङ्घीयता हाम्रो नयाँ प्रयोगका रूपमा आइराखेको छ र राज्य पुन:संरचना आयोग अन्तरिम संविधानमा पनि व्यवस्था गरिएको र त्यसैबारे विवाद भइराखेको हुनाले राज्य पुन:संरचना सम्बन्धी कुराले केही सङ्कट व्यहोर्नु परिराखेको छ । त्यसकारण केही ढिलाइ भइराखेको छ ।

**मानवअधिकार मैत्री संविधानका विषयमा देशभर आवाज उठेका छन् र यो विषय संविधानमा कसरी सम्बोधन हुन्छ ?**

मानवअधिकार पनि त संविधान होला, हुनैपर्दछ । हामी लोकतान्त्रिक संविधान बनाउने भन्ने कुरामा सहमत भइसकेका छौं । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले नै सङ्घीय लोकतान्त्रिक गणतन्त्र मानिसकेको छ । त्यसैले लोकतान्त्रिक गन्तव्य बिना, मानवअधिकारको बिना कानुनी शासन सम्भव छैन । त्यसैले मानवअधिकार मैत्री संविधान निश्चितरूपमा बलियो प्रतिवद्धताको दस्तावेज हुनेछ ।

**यसरी छ छ पटकसम्म पनि नयाँ प्रधानमन्त्री चुन्न नसक्ने अनि सरकार गठनकै विषयमा देश अनिर्णयको बन्दी भइरहेको अवस्थामा के जनताले अब पनि समयमा नयाँ संविधान पाउने र देशले अग्रगामी दिशा लिने तर्फ आशा गर्ने ठाउँ होला त ?**

पाँच पाँच पटक सम्म मतदान हुनु र प्रधानमन्त्री निर्वाचित नहुनु यो दु:खद कुरा हो । निर्वाचन प्रक्रियामा पनि केही विकृतिहरू देखिएका छन् । ठूला ठूला पार्टीहरू तटस्थ बसिदिएको पनि स्थिति रहेको छ । दुईओटा उम्मेदवारका बीच टुङ्गो लगाउन नसक्नु, धेरै उम्मेदवारका बीच टुङ्गो लाग्न नसक्नु त बुझिने कुरा हुन्थ्यो । दुई ओटा मात्र उम्मेदवार रहेको बेला पनि टुङ्गो लाग्न नसक्नु दुर्भाग्यपूर्ण कुरा हो । दु:खद कुरा हो । राम्रो कुरा होइन । यसले जनतामा राम्रो स्थिति दिँदैन र साँच्चै भन्ने हो भने राजनीतिक पार्टीको नेतृत्व प्रति यसले विश्वास, आस्था पनि बढाउँदैन, घटाउँदछ । त्यसैले यो स्थितिलाई समाधान गर्नैपर्छ । सरसर्ती हेर्दा यो एउटा हास्यास्पद अवस्था जस्तो देखा परेको छ ।

**यदि अगामी केही दिनमा नयाँ सरकार गठन भएमा पनि के त्यसले विगतका असहमति र असमझदारी हल होलान् त, तपाईँलाई कस्तो लाग्छ ?**

सरकार निर्माण र संविधान निर्माणलाई पृथक गर्न सक्नु पर्छ । सरकार निर्माणमा सहमति वा असहमति हुन सक्छ । सरकार बहुमतको हुन सक्छ तर, संविधान त सबै अटाउने साझा दस्तावेज हो । सरकार बहुमतको हुनु र संविधान निर्माण हुनु यी बेग्ला बेग्लै स्थितिका हुन् भनेर बुझ्नु पर्‍यो र अर्को हाम्रो अनुभवले के देखाएको छ भने सरकार निर्माण पनि उनै व्यक्तिले र संविधान निर्माण पनि उनै व्यक्तिले गर्न नसक्दा रहेछन् । त्यसैले यसमा पनि पृथक सोचाइ राख्नु राम्रो हुन्छ र साथ साथै हामी निर्वाचन प्रणालीमा गइसकेपछि ठूला ठूला पार्टीहरूले सरकार निर्माणको क्रममा तटस्थता देखाउनु सुहाउँदो कुरा होइन ।

# द्वन्द्वोत्तर नेपाल र जग्गा, सम्पत्तिको फिर्ता र प्रत्यर्पणको सवाल



प्रेमचन्द्र राई

## १. विषय प्रवेश

सशस्त्र द्वन्द्व र सङ्क्रमणकालका समयमा कब्जा गरिएको जग्गा र अन्य सम्पत्तिको विषय द्वन्द्वोत्तर समाजको चुनौतिपूर्ण सवालहरूमध्ये एक हो । यस सन्दर्भमा सम्पति भन्नाले नगद तथा सवारी साधन, खाद्य सामग्री, गरगहना आदि चल सम्पत्ति मात्र नभई आफ्नो स्वामित्वमा भएको जग्गा र नीजि घर पनि लिनु पर्छ । सशस्त्र द्वन्द्वका बेला कब्जा र नष्ट गरिएका आफ्ना चल सम्पत्ति दाबी गर्न व्यक्तिहरू सामान्यतया अनिच्छुक हुनमा केही प्रष्ट कारणहरू छन् । सम्पत्तिको प्रभावकारी रुपमा दाबी गर्नका लागि कब्जा गरिएको सम्पत्तिको विवरण स्थापित गराउनु पर्ने हुन्छ भने यसैगरी कसैको विरुद्ध दाबी गर्नको लागि सो पक्ष पनि हुन जरुरी हुन्छ । तर, युद्धबाट क्षतविक्षत भएको कमजोर प्रशासनका कारण बहुमूल्य गहनाजस्ता चल सम्पत्ति लुटिएको सत्य प्रमाणित गर्न असम्भव प्रायः हुनुका साथै क्षतिपूर्ति दाबी गर्नका लागि कसका विरुद्ध उजुरी दर्ता गर्ने भन्ने निश्चित आरोपित पत्ता लगाउन पनि त्यत्तिकै गाह्रो हुन्छ । तथापि, जब आफ्नो घरजग्गाबारे प्रश्न उठ्ने गर्छ, तब पीडितहरू संवेदनशील देखिन्छन् र घरजग्गाको स्वामित्वबारे लड्न तत्पर भई सजिलै अगाडि आउँछन् । अचल सम्पत्तिसम्बन्धी दाबी व्यावहारिक हुन्छ किनभने विवादित सम्पत्तिमाथि वैधानिक हक दाबीकर्ताको हुन्छ भने सम्पत्ति कब्जा गर्ने पक्षले सो सम्पत्तिमाथि अधिकार जमाइनै रहेको हुन्छ ।

प्रायजसो कुनै देशको गृहयुद्धमा जित्ने पक्षबाट[1] लडेकाहरूबाट घरजग्गा कब्जा भएपछि र उनीहरूले आफ्ना नयाँ सम्पत्तिलाई जितको पुरस्कार ठानेपछि[2] द्वन्द्वोत्तर समाजमा सामान्यतया सम्पत्तिमाथि विवाद उठ्ने गर्छ । पीडित वा आन्तरिक विस्थापित व्यक्तिहरूले द्वन्द्वकालमा विवशतापूर्वक समर्पण कायम राखी बसेपनि देश सामान्य अवस्थामा फर्कने बित्तिकै उनीहरूले आफ्नो सम्पत्तिमाथि दाबी गर्न थाल्छन् र विस्थापित व्यक्तिहरू आफ्नो घर फर्कन थाल्छन् वा नयाँ स्थानमा पुनर्वास हुन्छन्, र यस्तो अवस्थामा उनीहरूले सोही जग्गामाथि दाबी गर्ने अर्को समूहको अझै सामना गर्नुपर्छ । यस्तो घटनाले समग्र समाजलाई ज्यादै अस्थिर अवस्थामा धकेल्छ जहाँ जग्गामा आधारित हिंसाको नयाँ चक्र देखा पर्न सक्छ र यसले दिगो रुप लिन सक्छ । यहाँ मुख्य प्रश्न भनेको सम्पत्तिसम्बन्धी विवादले घेरिएको नेपाल जस्तो राष्ट्रले पीडितहरू र द्वन्द्वबाट प्रभावित सबै व्यक्तिहरूले राहत अनुभव गर्न, दण्डहीनताको अन्त्य गर्न, न्याय विद्यमान हुन र सम्भावित थप द्वन्द्वलाई हटाउन कसरी रणनीतिहरू चयन गर्छ भन्ने हो ।

नेपालको दशक लामो सशस्त्र द्वन्द्वकालमा १३,००० ले ज्यान गुमाउनु पर्‍यो भने भौतिक संरचनाको व्यापक ध्वंश र सम्पत्तिको नाश भयो । अनुमानित एक लाख देखि दुईलाख जना आन्तरिक रुपमा विस्थापित भएभने[3] वृहत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि पनि ७०,००० जना घर फर्कनका लागि असमर्थ भए वा उनीहरू फर्कन मानेनन्[4] । यस द्वन्द्वकालमा नेकपा माओवादीले[5] तराईमा रहेको हजारौं विघा, पहाड र हिमालमा रहेको सयौं रोपनी जग्गा कब्जा गरे भने नीजि घरमा तालाबन्दी गरे, कब्जा गरे वा प्रयोग गर्न दिएनन् । सन् २००६ को नोभेम्बरमा तत्कालीन सात दलीय गठबन्धन र माओवादीबीच शान्ति सम्झौतामा हस्ताक्षर भएपछि सशस्त्र द्वन्द्वको औपचारिकरुपमा अन्त्य भयो । सहमतिको प्रयासका क्रममा कब्जा सम्पत्ति फिर्ताको विषयले धेरै विवाद ताने पनि द्वन्द्वमा कब्जा गरिएको सबै जग्गा फिर्ता गरिने र वैज्ञानिक भूमि सुधारका लागि नीति निर्माण गर्न कदम चाल्ने दुवै पक्षबीच अन्त्यमा सम्झौता भयो । सम्झौताका चारवर्ष बितेपनि दुवै पक्षले गरेका प्रतिबद्धताहरू भने हालसम्म पूरा भएका छैनन् । अझ, जग्गा र सम्पत्ति कब्जाको निरन्तर प्रवृति द्वन्द्वोत्तर साझा घटना[6] भइसकेको छ जसका कारण नेपालको समग्र शान्ति प्रक्रियालाई गम्भीर खतरा उत्पन्न भएको छ ।

यस लेखले नेपालको जग्गासम्बन्धी द्वन्द्वबारे संक्षिप्त पृष्ठभूमि दिनुका साथै जग्गा र सम्पत्ति विवादसम्बन्धी समकालीन नेपाली अवस्थाको पनि समीक्षा गर्छ । यसो गर्दा सशस्त्र द्वन्द्व र द्वन्द्वोत्तर अवस्थामा

---

१. नेपालको परिप्रेक्ष्यमा माओवादीले सशस्त्र द्वन्द्वकालमा अधिकांश ग्रामीण भेगमा वस्तुतः नियन्त्रण गरेपनि माओवादीलाई जित्ने पक्षको रुपमा लिन सकिँदैन ।

२. Bagshaw S, 'Property Restitution and the Development of a Normative Framework for the Internally Displaced', (2002), 19, 3 *Refugee Survey Quarterly* (UNHCR). p. 209

३. IDMC (Internal Displaced Monitoring Centre), *Nepal: sustainability of IDP returns undermined by lack of assistance,* (Norwegian Refugee Council, 2008), p. 5. धेरैजसो अन्तराष्ट्रिय संस्थाहरुले स्वीकार गरिएको मोटामोटी अनुमान यो संख्या भएको पनि यो प्रतिवेदनले प्रष्ट्याएको छ ।

४. IDMC, *Failed implementation of IDP policy leaves many unassisted,* (Norwegian Refugee Council, 2010), p. 1

५. हाल एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

६. The Carter Center, 'Land Commitments in Nepal's Peace Process only Partially Fulfilled', *News* (Atlanta, 2010), p. 20

जग्गा तथा सम्पत्ति कब्जाको सामान्य प्रवृत्तिबारे विशेष ध्यान दिइनेछ । सम्पत्ति फिर्ता र प्रत्यर्पणको सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्नमा यो छलफललाई यसरी केन्द्रित गरिनेछ की यसबाट समग्र चालू शान्ति प्रक्रियालाई कुनै विनाशकारी परिणाम हुनेछैन । द्वन्द्वोत्तर समाजमा सम्पत्ति कब्जा र फिर्तासम्बन्धी विभिन्न देशका अनुभवहरूमध्ये कुन चाँहि उपयुक्त हुन्छ देखाउनका लागि यी अनुभवबीच समानता देखाइनेछ । यससँगै यस सवालसँग सम्बन्धित अन्तर्राष्ट्रिय मापदण्डको पनि उल्लेख गरिनेछ। द्वन्द्वोत्तर सम्पत्ति प्रत्यर्पण संयन्त्र तयार गर्नका लागि प्रयोग हुन सक्ने विचारहरूलाई पहिचान र परीक्षण गरी निष्पक्षता र प्रभावकारिता सुनिश्चित गर्ने यस लेखको उद्देश्य हो । यसका लागि राम्रो स्थिति विश्लेशणको आवश्यकता हुन्छ र उपयुक्त अल्पकालीन र दीर्घकालीन नीति अवलम्बन गर्नुपर्ने हुन्छ, तर कस्तो प्रकारको? यो लेखले विभिन्न सिद्धान्त, अन्तर्राष्ट्रिय अनुभव र न्यायिक शासनसम्बन्धी नेपाली सन्दर्भको अवस्थालाई ध्यान दिने प्रयत्न गर्नेछ ।

## २. इतिहासमाथि एक झलक

ऐतिहासिक रुपमा आदिवासी जातीय समूह र अन्य छिमेकीहरूबीच खासगरी जातीय र सांस्कृतिक भिन्नताका कारण फाँटो उत्पन्न नभई जग्गासम्बन्धी मुठभेडले भएको हो ।[७] परम्परागत रुपमा जग्गा स्वामित्वको नीति जग्गालाई खेतीयोग्य पार्ने र जोत्ने चलनमा आधारित थियो ।[८] समयसँगै, व्यक्तिगत प्रयोगको आवश्यकताबाट अलग्ग राखिएको जग्गामा सम्पत्तिको हकको अवधारणा राज्यको सार्वभौम शक्तिबाट मात्र निस्कन्छ र यो कानुन र अभिलेखित प्रमाणमा आधारित हुन्छ ।[९] रैकरको नाममा जमिन राज्यको सम्पत्तिको रुपमा लिन थालियो र यसलाई राज्यले आदिवासी समूहहरूलाई उपेक्षा गरी हिन्द-आर्य मूलका सुमदायका सीमित वर्गका व्यक्तिका पक्षमा अनुदान वा पुरस्कारको रुपमा बिर्ता र जागिरको नाममा पुनः वितरण गरियो ।[१०] यस प्रकारले जमिनको असमान वितरण प्रणाली सुरु गरियो ।

नेपालमा जमिनको असमान वितरणले ज्यादै निराशाजनक रुप प्रस्तुत गरिरहेको छ । कृषिमा आश्रित परिवारमध्ये तल्लो ४० प्रतिशतले कुल कृषियोग्य जमिनको जम्मा ९ प्रतिशतमात्र प्रयोग गर्छन् भने माथिल्लो छ प्रतिशतले कुल कृषियोग्य जमिनको ३३ प्रतिशतभन्दा बढि ओगट्छन् ।[११] अर्को शोधअनुसार, असाधारणरुपमा ग्रामीण परिवारको ७५ प्रतिशतको नाममा एक हेक्टर जमिनभन्दा कम छ भने अर्कोतर्फ ३ % परिवारको कुल कृषियोग्य जमिनको १७.३ % मा स्वामित्व रहेको छ ।[१२] ऐतिहासिक रुपमा अन्यायपूर्ण भूमि स्वामित्व व्यवस्थाको रुपमा जड गाडेको यो असमानता नै नेपालमा दशक लामो सशस्त्र द्वन्द्व सुरु गराउने एक प्रमुख कारण हुन पुग्यो ।

सशस्त्र सङ्घर्षमा जानुअघि सन् १९९६ फेब्रुअरीमा माओवादी पार्टीले जमिन जोत्नेले नै त्यसको स्वामित्व पाउनु पर्ने, धनाढ्य जग्गाधनीको जमिन खोसेर घरवारविहीन तथा भूमिहीनलाई वितरण गर्नुपर्ने भनी घोषणा गऱ्यो ।[१३] यसै पृष्ठभूमिमा उनीहरूले जनतालाई यस अनुचित युद्धको विरुद्ध न्यायोचित युद्धको झण्डा उठाउन भन्दै थप आग्रह गरे ।[१४] सन् २००० मा सशस्त्र द्वन्द्व उच्चतम विन्दुमा पुग्दा माओवादी अध्यक्ष प्रचण्डले आफूहरूले जग्गाधनीको जग्गा कब्जा गर्नेसहितको 'कृषि क्रान्ति' सञ्चालन गरिरहेको बताए ।[१५]

सशस्त्र संघर्षको बीज ऐतिहासिक रुपमा अन्तर्निहीत भूमिको असमान वितरणमा रोपिएको यी तथ्यहरूले प्रष्ट देखाउँछ । माओवादीले आफ्नो सैद्धान्तिक उपलब्धिको पक्षमा लाभ उठाउनमा सफल हुँदै कृषक र अन्य विपन्न वर्गको उल्लेख्य समर्थन पाए । यस अवधिमा माओवादीले नीजि जग्गा र घर कब्जा गर्ने र व्यक्तिगत सम्पत्ति खोस्ने आफ्नो प्रतिबद्धता एकतर्फी रुपमा कार्यान्वयन गरे । सन् २००६ को शान्ति सम्झौताले माओवादी द्वन्द्वलाई औपचारिकरुपमा अन्त्य गऱ्यो, तर व्यक्तिगत सम्पत्ति कब्जा गर्ने, नीजि जमिन र नीजि घर गैरकानूनी रुपमा आगट्ने अभ्यास निरन्तर जारी रहेनुले भूमिमा आधारित द्वन्द्वको नयाँ चक्र सुरु हुने संकेत दिइरहेको छ ।

---

७. Caplan L, *Land and Social Change in East Nepal: A study of Hindu-tribal relations,* 2nd ed, (London, Roultage & Kegan Paul Ltd. 1970; Nepal: Himal Book, 2000) p. 2

८. Regmi MC, *Land Ownership in Nepal,* 1st ed (USA, 1977; reprint India: Adroit Publishers, 1999) p. 15

९. Kenneth H. Parsons, "Agrarian Reform Policy as a Field of Research," *Agrarian Reform and Economic Growth in Developing Countries* (Washington: U.S. government Printing Office, 1962, p.18 as cited in Regmi MC above n. 8.

१०. Above, n. 8, p. 27

११. Upreti BR, Dynamics of Resource Governance, Resource Scarcity and Conflict in Nepal, in *Journal of Forest and Livelihood 4(1)* July, 2004, p.13,15

१२. Dr. Wily LA, Dr. Chapagain D, and Dr. Sharma S, *Land Reform in Nepal: Where is it coming from and where is it Going?* Published by DFID, 2009. p. 123

१३. ज्ञापनपत्रको बुँदा नं २७ । संयुक्त जनमोर्चा नेपाल (नयाँ स्थापित नेपाल कम्युनिष्ट पार्टी - माओवादीको तत्कालीन राजनीतिक अङ्ग) को केन्द्रीय समितिको तर्फबाट अध्यक्ष बाबुराम भट्टराईले २०५२ माघ २१ गते शेरबहादुर देउवाको नेपाली काँग्रेस नेतृत्वको संयुक्त सरकारलाई ४० बुँदे माग प्रस्तुत गरेका थिए ।

१४. माओवादी द्वन्द्व सुरु भएको दिन २०५२ फागुन १ गते माओवादी पार्टीमा संलग्न हुन देशभर वितरण गरिएको पर्चा: http://www.ucpnm.org/english/doc4.php ०६७ असार ९ गते हेरिएको

१५. Interview taken on 20 February 2000 by Onesto L, at Thapa D ed., *Understanding the Maoist Movement of Nepal,* (Centre for Social Research and Development, 2003)p. 202.

**३. जग्गा र नीजि सम्पत्तिको गैरकानुनी कब्जा:**

माओवादीको जग्गा र सम्पत्ति कब्जाको प्रवृत्तिलाई दुई चरणमा विभाजन गर्न सकिन्छ: द्वन्द्वकाल र द्वन्द्वोत्तर काल । सशस्त्र द्वन्द्वकालमा जग्गा कब्जा, नीजि घर ओगट्ने र नीजि सम्पत्ति विशेषगरी उब्जनी खोस्ने सामान्य घटना भइसकेका थिए । द्वन्द्वकालमा माओवादी तराईमा जग्गा कब्जा गर्न सक्रिय थिए । सुदूर र मध्यपश्चिमका जिल्लामा द्वन्द्वकालीन कब्जामध्ये उच्चतम सङ्ख्यामा हजारौं विघा जमिन कब्जा गरिएको भनियो ।[१६] तथापि, पूर्वी तराई पनि यस्ता गतिविधिबाट अछुतो रहेन । मोरङ र धनुषा पनि यस्तो अभ्यासबाट धेरै प्रभावित भयो । माओवादी कार्यकर्ताले जग्गामात्र कब्जा नगरी अन्य सम्पत्तिहरू पनि ओगट्नुका साथै खोसे ।[१७] पहाडी र हिमाली भेग पनि द्वन्द्वकालमा माओवादीको जग्गा कब्जा अभियानबाट प्रभावित भए पनि तराईमा जस्तो यी क्षेत्रहरूमा यसको अवस्था गम्भीर थिएन ।

सन् २००६ नोभेम्बरमा शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि माओवादी पार्टी सशस्त्र द्वन्द्वमा कब्जा गरिएको सबै सम्पत्ति फिर्ता गर्न तयार भयो र थप सम्पत्ति कब्जा वा नियन्त्रणमा नलिने प्रतिवद्धता व्यक्त गऱ्यो ।[१८] तथापि, यी प्रतिबद्धताहरू आंशिकरुपमा मात्र लागू भयो र माओवादी कार्यकर्ताहरूले द्वन्द्वको समयमा कब्जा गरेका धेरैजसो सम्पत्ति आफ्नो नियन्त्रणमा राखिनै रहे । माओवादी अध्यक्ष पुष्पकमल दाहालले प्रधानमन्त्री पदमा रहँदा सन् २००९ जनवरीमा सबै कब्जा गरिएको सम्पत्ति तीन महिनाभित्र फिर्ता दिने भनी व्यक्त गरेको प्रतिबद्धता र सोही महिनामा माओवादीले कब्जा गरेको सबै जग्गा र सम्पत्ति वास्तविक धनीलाई तीन महिनाभित्र फिर्ता गराउन नेपालको सर्वोच्च अदालतले सरकारलाई दिएको आदेश यसको प्रस्ट स्वीकारोक्ति हो । प्रतिबद्धता पूरा नहुने र अदालतको आदेश नमान्ने मात्र नभई माओवादी कार्यकर्ताले सम्पत्ति कब्जा गर्ने अभ्यासलाई थप चर्काए । यस्तो अवस्थामा उनीहरूले आफ्ना विभिन्न भातृ संगठनहरूलाई प्रयोग गरे । उदाहरणका लागि अखिल नेपाल किसान संघ (क्रान्तिकारी) ले सन् २००९ नोभेम्बरमा कपिलवस्तुको कर्म गाविसमा ३४ हेक्टर जमिन कब्जा गरे;[१९] डिसेम्बरमा अखिल नेपाल भूमिहीन संघको नाममा पश्चिमी तराईका बाँके, बर्दिया, कैलाली, कञ्चनपुर र दाङ लगायत जिल्लाहरूमा हजारौं हेक्टर कब्जा गरे;[२०] अखिल नेपाल सुकुम्बासी सङ्घले सन् २०१० मेमा बुद्धध्वज कटुवालको सम्पत्ति झापामा कब्जा गरे;[२१] र, अखिल नेपाल मुक्त कमैया संघले सोही महिनामा थप १५४ बिघा जमिन बर्दियामा कब्जा गरे ।[२२]

**४. सम्पत्ति फिर्ता र प्रत्यर्पण (परिपूर्ति)**

**४.१ वर्तमान स्थिति:**

सशस्त्र द्वन्द्वमा माओवादीले कब्जा गरेको जग्गाको परिमाण निश्चित रुपले उल्लेख गर्न कठिन मात्र नभई लगभग असम्भव छ । शान्ति सम्झौतापछि वास्तविक धनीलाई फिर्ता गरिएको जग्गाको परिमाण भन्न पनि त्यत्तिकै सजिलो छैन । एक प्रतिवेदनका अनुसार त्यस्तो कुनै विस्तृत विश्वसनीय र निष्पक्ष अभिलेख छैन जसका कारण कब्जा गरिएको जग्गाको कुल परिमाण, कति फिर्ता गरियो, र कति फिर्ता गर्न बाँकी छ भन्ने यकिन रुपमा अनुमान गर्न असम्भव झै बनाइदिएको छ ।[२३] तथापि, धेरै स्रोतहरूले कब्जा गरिएको केही जग्गा र घरहरू फिर्ता गरिएको देखाउँछ ।[२४] द्वन्द्वकालमा माओवादीले तराईका जिल्लाहरूमा कब्जा गरेका धेरैजसो जग्गाहरू फिर्ता गरिएको देखिएको छ । तथापि, मध्य र सुदूरपश्चिम तराईमा यस्तो देखिएको छैन ।[२५] सम्पत्ति फिर्ताको स्थितिलाई अर्को कोणबाट पनि परीक्षण गर्न सकिन्छ । हालसालैको एक प्रतिवेदनका अनुसार शान्ति सम्झौता भएको तीन वर्षपछि पनि द्वन्द्वका कारण विस्थापित भएका ७०,००० जना जति घर फर्कन असमर्थ वा अनिच्छुक भए ।[२६] अर्को तरिकाबाट अनुमान लगाउँदा उनीहरूको सम्पत्ति फिर्ता नभएको, वा उनीहरूको थप सम्पत्ति लुटिने अवस्था हुनु वा हिंसाको अर्को प्रवृत्तिमा आफूहरूलाई खुला गरी कमजोर पार्नु, विगतमा आफ्नो सम्पत्ति कब्जा गर्नेसँग सम्भवत: प्रत्यक्ष भिडन्त हुने जस्ता तथ्यहरू यसले प्रतिध्वनित गर्छ ।

---

१६. Above, n. 6, p. 11

१७. For detail see, above n. 6

१८. हेर्नुहोस्, नेपाल सरकार र नेकपा माओवादीबीच ०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.१, ५.१.८, ७.५.५

१९. *The Kathmandu Post*, 'Maoists seize land', 14 Nov. 2009

२०. *The Kathmandu Post*, 'Land-grab drive goes unabated', 16 Dec. 2009

२१. *The Kathmandu Post*, 'Unions seize private property', 15 May 2010

२२. *Republica*, Maoist land grab drive on, 23 May 2010

२३. Above, n. 6, p. 9

२४. उदाहरणका लीग, ४ फेब्रअरी २००९ को *द काठमाडौं पोष्ट*ले गृह मन्त्रालयको स्रोतलाई उद्दृत गर्दै माओवादी कार्यकर्ताले पूर्व प्रधानमन्त्री सूर्यबहादुवर थापाको धनकुटामा रहेको जग्गा, पूर्व प्रधानमन्त्री लोकन्द्रबहादुर चन्दको बैतडीमा रहेका जग्गा, नेकपा एमालेका नेता अमृतकुमार बोहराको सिन्धुपाल्चोकमा रहेको जग्गा र स्वर्गीय सच्चितशम्शेर जबराको गोरखामा रहेको रिसोर्ट फिर्ता गरिसकेको समाचार प्रकाशन गरेको थियो ।

२५. Above, n. 6, p. 9

२६. IDCM, '*NEPAL Failed implementation of IDP policy leaves many unassisted*', (Norwegian Refugee Council, 2010), p.1. available at: http://www.nrc.ch/8025708F004BE3B1/(httpInfoFiles)/FFF5958EB13C0AF8C12576B900395E1D/$file/Nepal_Overview_Jan10.pdf ०६७ असार ९ गते हेरिएको

### ४.२ जग्गा र सम्पत्ति विवाद, र शान्ति प्रक्रिया

सङ्क्रमणकालीन अवस्थाबाट गुज्रने कुनैपनि द्वन्द्वोत्तर समाजमा जग्गा र सम्पत्ति फिर्ता र प्रत्यर्पण (परिपूर्ति) को प्रश्न जहिले पनि सबैभन्दा अगाडि आउँछ । विश्वभरका विभिन्न द्वन्द्वोत्तर समाजमा यो विषय शान्ति प्रक्रियाको सबैभन्दा नाजुक अङ्ग भएको छ । उदाहरणका लागि, सन् २००० मा पूर्वी टिमोरले स्वतन्त्रतापछि नयाँ रुप लिन शुरु गर्दा यसका राजधानीमा रहेको धेरै घरहरू वास्तविक धनीको भन्दा अन्य व्यक्तिहरूको कब्जामा थियो र त्यसपछि समस्याहरू बाहिर आए ।[२७] रङ्गभेद अन्त्यभएपछिको दक्षिण अफ्रिका[२८] र द्वन्द्वपछिको कोसोभोमा[२९] पनि सोही विषय सबैभन्दा तनावपूर्ण रह्यो । सशस्त्र द्वन्द्व, द्वन्द्वपछि गरिने दाबी, पुनः गरिने दाबी र स्वामित्वको पुनःस्थापना गर्ने क्रममा सम्पत्तिको अधिकारमा विखण्डन हुन जान्छ र प्रभावित सङ्ख्याको उल्लेख्य हिस्साले सम्पत्ति, जग्गा र जग्गामा आधारित स्रोतहरूको गर्ने प्रयोग र सम्पत्तिको अधिकारमा पहुँचले शान्ति प्रक्रियामा एकदमै जटिल र समस्यात्मक अवस्था सृजना गर्छ ।

जग्गा र अन्य सम्पत्ति कसरी फिर्ता गर्ने र पीडितहरूलाई उचित प्रत्यर्पणसहित क्षतिपूर्ति कसरी दिने भन्ने सम्बन्धमा जग्गा र सम्पत्तिको सवाललाई नेपालको शान्ति प्रक्रियाको अभिन्न अंगको रुपमा सम्बोधन गर्न किन महत्वपूर्ण छ भन्ने विषयमा छलफल गर्नु विवेकपूर्ण हुन्छ । यस बिन्दुमा जवाफ थप निश्चित हुनुपर्छ :

राजनीतिक रूपमा: शान्ति सम्झौता नेपालको शान्ति प्रक्रियाको जग हो, र कब्जा जग्गा र सम्पत्तिको फिर्ता यसको अभिन्न अंग हो ।[३०] सबै राजनीतिक दलहरू यस राजनीतिक प्रतिबद्धताप्रति नैतिक रुपमा जोडिएका छन् र यसको उल्लंघनले शान्ति प्रक्रियालाई पूर्ण रुपमा असफल पारी अन्त्य गर्छ ।

वैधानिक रुपमा: नेपालको संविधानले सबै नागरिकको सम्पत्तिमाथिको अधिकारको संरक्षण गर्छ, र पीडितहरूका लागि प्रत्यर्पण सुनिश्चित गर्छ ।[३१] जग्गाको निरन्तर कब्जा र पीडितलाई त्यस्ता गतिविधिहरूबाट सुरक्षा प्रदान नगरिनुले अराजकताको अवस्था सृजना गर्छ । यसैगरी, सम्पत्तिमाथिको अधिकारलाई अन्तर्राष्ट्रिय कानुनले सरंक्षण गरेको छ, र नेपालले यसको पालना गर्ने प्रतिज्ञा गरेको छ ।[३२]

सैद्धान्तिक रूपमा: सम्पत्तिमाथिको अधिकारलाई प्राकृतिक अधिकारको रुपमा लिइन्छ ।[३३] अहिले सम्पत्तिमाथिको अधिकारलाई अहरणीय मानवअधिकारको रुपमा पहिचान गरिएको छ, त्यसैले यसलाई कसैबाट खोस्न सकिदैन ।

व्यवहारिक रूपमा: आफ्नो सम्पत्तिबाट वञ्चित गरिएका जोसुकैले आफ्नो सम्पत्ति अन्यायपूर्ण तरिकाले खोसिएको अनुभूति गरेका छन् भने उनीहरू सजिलै ती सम्पत्ति फिर्ता लिने प्रयास त्याग्दैनन् । यस दृष्टिकोणलाई नेपालको वर्तमान जग्गाविवादसँग जोडिएर हेरियो भने पीडितहरू ढिलोचाँडो आफ्नो जग्गामा पुनः दाबी गर्नेछन् वा यो समस्याको हल कानुनीरुपमा निकालिएन भने उनीहरूले गैरकानुनी रुपमा आफ्नो जग्गा कब्जा गर्नेमाथि प्रत्याक्रमण गर्नेछन् । नागरिकहरू एक अर्काबीच भिडन्त गरिरहेको यस्तो भयानक अवस्थाको विगतको सशस्त्र द्वन्द्वभन्दा बढी विनाशकारी परिणाम हुन सक्छ ।

माथि उल्लिखित बुँदाहरूले द्वन्द्वोत्तर समाजमा जग्गा र सम्पत्तिको सवाल सम्भवतः सबैभन्दा चुनौतिपूर्ण र महत्वपूर्ण विषय भएको र यसमा समग्र शान्ति प्रक्रियाको भविष्य निर्भर भएको तथ्य देखाउँछ ।

### ४.३ जग्गा र सम्पत्ति फिर्ता, र प्रत्यर्पण

नेपालमा द्वन्द्वोत्तर अवस्थामा सम्पत्ति फिर्ताको सवाल अन्तर्राष्ट्रिय परिदृष्यमा जस्तो भयानक नदेखिएपनि[३४]

---

२७. खासगरी यो स्वतन्त्रताभन्दा अघि इन्डोनेसियाली सैनिकले गरेको र स्वतन्त्रतापछि इन्डोनेशियाली सेनाको आडमा मिलिशियाले गरेको ज्यादतिहरुको परिणाम थियो । हेर्नुहोस् : Carson AO, 'East Timor's Land Tenure Problems: A Consideration of Land Reform Programs in South Africa and Zimbabwe', (2007)17 *Indiana International & Comparative Law* Review 395,

२८. हेर्नुहोस् : Boyle H, 'The Land Problem: What Does the Future Hold for South Africa's Land Reform Program?' (2001) 11 *Indiana International & Comparative Law Review,* 665

२९. COHRE (Centre for Housing Rights and Eviction), *Property Return and Restitution: Kosovo,* Prepared for Review of Covenant Law Issues in Kosovo by the UN Committee on Economic, Social and Cultural Rights, 2008. available at: http://www2.ohchr.org/english/bodies/cescr/docs/info-ngos/COHREUNMIK.pdf ०६७ असार ६ गते हेरिएको

३०. शान्ति सम्झौताको बुँदा नं. ५.१.८ र ७५५ हेर्नुहोस् ।

३१. धारा १९ र ३३, नेपालको अन्तरिम संविधान २०६३ ।

३२. मानवअधिकारको विश्वव्यापी घोषणापत्र, र दुई बाध्यकारी प्रतिज्ञापत्रहरु - नागरिक तथा राजनीतिक अधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र अन्तर्गत विधिन्न धाराहरु जग्गा र सम्पत्तिको अधिकारसँग प्रत्यक्ष गाँसिएका छन् ।

३३. जन लकले विशेषगरी सम्पत्तिको सिद्धान्तलाई अगाडि बढाए जसअनुसार, 'प्रत्येक व्यक्तिको आफैभित्र सम्पत्ति हुन्छ । यो उसलाई बाहेक अन्य कसैलाई अधिकार हुँदैन' (दोस्रो लेख, २७) 'आफ्नो सुरक्षा र परिणामस्वरुप प्रकृतिले जिविकाका लागि प्रदान गर्ने त्यस्ता वस्तुहरुका लागि सबै व्यक्तिहरुको अधिकार हुन्छ भनेर प्राकृतिक तर्कले भन्छ ' (दोस्रो लेख, २५) हेर्नुहोस्, Lowe EJ, *Locke,* (London and New York: Routledge, 2005), pp 179,180

३४. उदाहरणका लागि ग्वाटेमालामा ३६ वर्षे गृहयुद्ध (सन् १९६०-९६) ले १० लाख व्यक्तिहरुलाई आन्तरिक विस्थापित बनायो भने १,५१,००० शरणार्थीको रुपमा निर्वासित भए, र यसले डरलाग्दो द्वन्द्वोत्तर जग्गा दाबीको घटनाहरु परिणामका रुपमा देखायो । तल नं. ३६ हेर्नुहोस् ; कोसोभो द्वन्द्व (सन् १९९८-९) का कारण १,२०,००० घरहरुमा क्षति पुग्यो, ८,००,००० व्यक्तिहरु आफ्ना घरबाट विस्थापित भए, जग्गा

यसको सम्भावित भयलाई गलतरुपमा लिनु भनेको अक्षम्य गल्ती हुनेछ । त्यसैले, यो सवाल नेपालको शान्ति प्रक्रियासँग छुटाउन नसकिने गरी गाँसिएको छ । जग्गा फिर्ता र प्रत्यर्पणको सवाललाई सम्बोधन गर्न सम्पत्ति कब्जालाई सम्बोधन गर्ने खालको अपेक्षित प्रतिफललाई उल्लेखनीय किसिमले प्रभावित पार्ने कार्यविधि स्थापना गर्ने लगायतका विशेष न्यायिक र संस्थागत संरचनाको ढाँचा तयार गर्न र लागू गर्नु पर्ने हुन्छ । प्रत्येक सामाजिक-आर्थिक र राजनीतिक सवाललाई सम्बोधन गर्ने बेलामा राजनीतिक प्रतिबद्धता निश्चय रुपमा सबैभन्दा अगाडि आउने गर्छ । कब्जा गरिएको जग्गा र सम्पत्ति तत्काल फिर्ता गरिने भन्ने राजनीतिक दलको भाषण नेपाली जनताले बारम्बार सुनेपनि नेताहरूले प्रतिबद्धता गरेअनुसार नेपाली जनताले कुनै सकारात्मक परिणाम प्राप्त गरेका छैनन् । संकल्प र इमान्दारिताले पुष्टि नगरेसम्म प्रतिबद्धता आफैंमा कार्यसाधक होइन भन्ने स्पष्ट भएको छ ।

यस सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्न कार्यहरू तुरुन्त सुरु गर्नुका साथै विस्तृत नीति चाहिन्छ ।

**क: तात्कालिक कार्य**

यो उपाय मुख्य राजनीतिक दलहरूको निर्णयमा आधारित खासगरी राजनीतिक प्रकृतिको हुनेछ । यो चरणको तीन मुख्य उद्देश्य हुनेछः पहिलो, सजिलो रुपमा सम्पत्ति फिर्ता: दोस्रो, गैरकानुनी रुपमा जगा र सम्पत्ति कब्जा गरी बस्नेहरूलाई ढिलोचाँडो ती सम्पत्ति र जग्गा वास्तविक धनीलाई फिर्ता गरिने सन्देश दिने: र तेस्रो, गैरकानुनी रुपमा जग्गा र सम्पत्ति कब्जा गर्नेको पक्षमा थप राजनीतिक समर्थन नहुने सन्देश दिनु । तथापि उल्लिखित कार्यहरू यस विषयमा उपयुक्त हुनेछन् :

१. अवस्थालाई यथास्थितिमा राख्ने: माओवादी पार्टी र सरकारले जग्गा कब्जाको गैरकानुनी अभ्यासलाई तुरुन्त रोक्ने एकैसाथ घोषणा गर्नुपर्छ । माओवादी पार्टीले गैरकानुनीरूपमा जग्गा र अन्य सम्पत्ति कब्जा गर्नेहरूलाई नैतिक समर्थन दिने काम बन्द गर्नुपर्छ, र कुनैपनि पार्टी कार्यकर्ता त्यस्ता गतिविधि संलग्न हुनेछैनन् भनी सन्देश आन्तरिक रुपमा प्रवाह गर्नुपर्छ ।

२. विगतमा फर्कने: यो खासगरी द्वन्द्वअघिको अवस्था पुनःस्थापना गर्ने हो । यथास्थिति कायम राखेपछि गैरकानुनी रुपमा जग्गा र सम्पत्ति कब्जा गर्नेहरूलाई वास्तविक धनीलाई फिर्ता दिनको लागि अर्को घोषणा गर्नुपर्छ । केन्द्रीय तहमा घोषणादेखि लिएर स्थानीय तहमा छलफल र मेलमिलापसम्म यसका विभिन्न चरणमा प्रयासहरू हुन सक्छन् । यसमा सबै पार्टी कार्यकर्ताले मध्यस्थकर्ताको सक्रिय भूमिका खेल्न सक्छन् ।

बहुआयमिक सामाजिक-आर्थिक विषयहरू यसमा गाँसिएकोले स्पष्टरूपमा तात्कालिक कार्यहरूले सबै समस्याको समाधान गर्ने छैन । यो नीति कतिको प्रभावकारी हुन्छ भन्ने प्रश्न जग्गा कसले कब्जा गरेको र ओगटेको भन्ने अर्को प्रश्नसँग गासिएको छ । उदाहरणका रुपमा व्यक्तिगत आधारमा राजनीतिक कार्यकर्ता र अन्य व्यक्तिहरूले जग्गा कब्जा गरेको भए उनीहरू त्यसलाई फर्काउन तयार हुन सक्लान् । तर अनाधिकृत रुपमा कब्जा गर्नेहरू भूमिहीन, सुकुम्बासी, र ठूलो समूहमा जग्गा कब्जा गरेका अन्य गरीब जनताहरू भए उनीहरूलाई त्यहाँबाट हटाउन सजिलो हुने छैन । तथापि, आफ्ना उद्देश्य प्राप्त गर्न यस नीतिको केही सकारात्मक प्रतिफल हुन सक्छ र यसले थप कामहरूका लागि सजिलो पारिदिन्छ । निश्चित समयको अवधिपछि विस्तृत नीति अवलम्बन गर्नुपर्ने हुन्छ ।

**ख. बृहत् नीति**

यो नीति विशेष गरी कानूनी प्रकृतिको हुनेछ र यसलाई अल्पकालीन र दीर्घकालीन गरी दुई भागमा विभक्त गरिनेछ ।

**१. अल्पकालीन नीति**

पीडितको दाबीका सम्बन्धमा कदम चाल्न र जबरजस्ती निकालिएका बासिन्दा र अन्य आन्तरिक विस्थापितहरूलाई अस्थायी रुपमा पुनःस्थापना गर्न अल्पकालीन नीतिको आवश्यकता हुन्छ । सामान्य अदालती कारबाही या भूमिसुधार कार्यालय यस प्रकारको विशेष परिस्थितिलाई सम्बोधन गर्न सक्षम नहुने हुँदा एक स्वतन्त्र र शक्तिशाली जग्गा र सम्पत्ति दाबी आयोग र एक जग्गा र सम्पत्ति दाबी ट्राइब्युनल स्थापनार्थ नयाँ कानुन तर्जुमा गर्नुपर्छ । यी निकायले सम्पत्ति दाबी, फिर्ता र प्रत्यर्पणलाई मात्र सम्बोधन नगरेर आन्तरिक विस्थापित र निकाला गरिएका व्यक्तिलाई पनि सम्बोधन गर्नेछन् ।

**जग्गा र सम्पत्ति दाबी आयोग र प्रक्रियागत प्रणाली**

यस आयोगका सबै पदाधिकारीहरू नैतिकरूपमा उच्च भई कुनै दलगत राजनीतिमा नलागेका र विभिन्न क्षेत्रमा विशेषज्ञता हासिल गरेका व्यक्ति हुनुपर्नेछ । यस आयोगका लागि विशेषत: सशस्त्र द्वन्द्वका कारण उब्जिएको जग्गा र सम्पत्ति विवादलाई मात्र हेर्ने विशेष कार्यादेश रहनेछ । यसका लागि कसैले कुनै पीडितका तर्फबाट दाबी दर्ता गर्नसक्ने कि नसक्ने, सामूहिक रुपमा दाबी गर्न पाइने या नपाइने, सम्पत्ति दाबीका लागि विशेष हदम्याद आदि जस्ता तात्विक र प्रक्रियागत प्रावधानहरू स्पष्ट र विश्तृत रुपमा व्यवस्था गरिनुपर्नेछ । यस सम्बन्ध प्रत्येक शब्दको स्पष्ट परिभाषा हुनपर्नेछ ।

र सम्पत्ति दाबीको घटनाहरु २७,००० पुग्यो । हेर्नुहोस्, Arraiza JM & Moratti M, 'Getting the Property Questions Right: Legal Policy Dilemmas in Post-Conflict Property Restitution in Kosovo (1999 – 2009)', (2009) 21 *International Journal of Refugee Law*, 424,25,31; स्वतन्त्रतापछि भएको मिलिशिया हिंसाका कारण पूर्वी टिमोरमा ४,५०,००० व्यक्ति आन्तरिक विस्थापित भए र थप ३,००,००० भागे वा उनीहरुलाई पश्चिम टिमोरमा पठाइयो । सन् २००४ सम्ममा १०,००० जग्गा दाबीहरु दर्ता गरियो । माथि नं २७, पृ ४०१, ४०२ हेर्नुहोस् ; नेपालमा आन्तरिक विस्थापित व्यक्तिहरु ५०,००० देखि ७०,००० भएको अनुमान गरिएको छ भने जम्मा २,००० जति नीति जग्गा कब्जा भएका छन् । माथि नं १२, पृ १६४ हेर्नुहोस्

# प्रकाशको उज्यालो

नेपालमा मानवअधिकारको आन्दोलनको शुरुवात कर्ताहरु मध्ये स्व. प्रकाश काफ्लेको नाम पहिलो पङ्क्तिमा आउँछ ।

काफ्ले सन् १९८४ मा स्थापित मानवअधिकार संरक्षण मञ्चको महासचिव तथा सन् वि.सं. २०४८ सालमा स्थापित इन्सेकको संस्थापक महासचिव पनि हुनुहन्थ्यो । उहाँकै सक्रियतामा १९८४ देखि नेपालमा १० डिसेम्बरमा मनाइने अन्तर्राष्ट्रिय मानवअधिकार दिवश मनाउन शुरुवात भएको हो ।

नेपालको मानवअधिकार अवस्थालाई समेटेर प्रत्येक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशित गर्ने, बँधुवा मजदुर सम्बन्धी अध्ययन गर्ने योजनाका योजनाकार समेत काफ्ले नै हुनुहुन्थ्यो । उहाँकै सोच अनुरुप इन्सेकले १९९२ देखि हालसम्म नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको छ । मध्यपश्चिम तथा सुदूरपश्चिमाञ्चल क्षेत्रमा कायम रहेको बँधुवा मजदुर प्रथाका बारेमा गरेको प्रतिवेदन प्रकाशित भएपछि सरोकारवालाको ध्यान आकर्षित भएको थियो । त्यसपछि भएका विभिन्न चरणको आन्दोलनहरुले बँधुवा मजदुरकारुपमा रहेका कमैयाहरुलाई सरकारले मुक्त गर्ने घोषणा गरेको थियो । तर, विधिको विडम्बना उहाँका योजनाहरुले साकाररुप पाएको उहाँले आफैं हेर्न पाउनु भएन । २०४९ साल साउन १६ गते भएको थाई विमान दुर्घटनामा उहाँको दुखद् निधन भयो ।

स्व. प्रकाश काफ्ले र नेपालको मानवअधिकार आन्दोलनकाबीच अन्योयाश्रित सम्बन्ध छ । उहाँको योगदानको उल्लेख बिना नेपालको मानव अधिकारको आन्दोलन अपूर्ण हुन्छ । प्रकाश भौतिकरुपमा हामी माझ नभएपनि उहाँले मानव अधिकारको क्षेत्रमा जगाउनु भएको प्रकाशको उज्यालोमा हामी छौं ।

–बिमलचन्द्र शर्मा



१ स्व. प्रकाश काफ्ले




२ राष्ट्रिय व्यक्तित्व टिकटमाला शीर्षकमा प्रकाशित स्व. प्रकाश काफ्लेको फोटो अङ्कित हुलाक टिकट



४ मानवअधिकार सम्बन्धी एक अन्तर्राष्ट्रिय कार्यक्रममा स्व. प्रकाश काफ्ले

मानवअ





५ इन्सेकको स्थापनाका... आफ्ना अभिन्न मित्र...

## ...धिकार रक्षा र विकास जनताको सचेतन, जागरण र सङ्गठित आवाजबाट मात्र सम्भव छ ।

– अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्ले




३ प्रकाश काफ्लेको शवयात्रामा एकत्रित जन समुदाय



...ा कालिमाटीमा रहेको कार्यालयमा
...ुशील प्याकुरेल लगायत अन्यसँग




६ मानवअधिकार संरक्षण मञ्चको प्रथम राष्ट्रिय सम्मेलनमा

आयोगको निर्णयलाई प्रभावकारी बनाउन यसको विश्वसनीयता र साखलाई कुनै पनि मूल्यमा जोगाउनु आवश्यक छ। यी मूल्य जोगाउन निम्न कदम आवश्यक छन्।

नेपाल सरकारको प्रशासनिक कर्मचारीलाई यहाँ नियुक्त गर्नुहुन्न किनकि दाबी गर्ने पक्ष सरकारी कर्मचारीहरू पनि हुनेहुनाले उनीहरूको तरफदारी गर्ने सम्भावना हुन्छ।[३५] यहाँ इञ्जिनियर, कानुन व्यवसायी, समाजशास्त्री, मानवशास्त्री र विद्वतवर्ग आदि विभिन्न क्षेत्रबाट खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्छ।[३६]

भ्रष्टाचार रोक्नका लागि यस आयोगका पदाधिकारीहरू र अन्य कर्मचारीलाई पर्याप्त तलब सुविधाका साथै यथेष्ठ साधन तथा पारदर्शी संयन्त्रको व्यवस्था गर्नुपर्छ।

**आकार र समग्र संरचनाबारे**: देशभर विभिन्न शाखाहरू राखी एक केन्द्रीय कार्यालय राख्नुपर्नेछ। आकार र यसको संख्या सम्भावित घटनाहरूको अनुमान र भौगोलिक अवस्थामा पनि भर पर्छ।

**संयन्त्रका बारे**: भिन्नाभिन्नै तर उच्च तालिम प्राप्त कर्मचारीहरू भएको संयोजन सहितको संयन्त्र आयोगभित्र हुनुपर्नेछ। प्रभावकारिता र क्षमता यसको मूल नारा हुने छ। निम्नलिखित आन्तरिक संयन्त्रहरू यस आयोगभित्र वाञ्छित हुनेछः

**मिलाप तथा निर्णय दिने शाखा**: दाबीको दर्तापछि प्रारम्भिक परीक्षण गर्ने अंग यो हुनेछ। यस्तो परीक्षणपछि दुवै पक्षलाई प्रारम्भिक सुनुवाइका लागि बोलाइनेछ र मिलापमार्फत विवाद साम्य पार्ने प्रयास गरिनेछ।

**अनुसन्धान शाखा**: मिलापको प्रयास असफल भए विस्तृत अनुसन्धान गरी तथ्य पत्ता लगाउन मुद्दा यस खण्डमा पठाइनेछ। यसको प्रतिफल मिलाप तथा निर्णय दिने शाखालाई बुझाइनेछ।

(यस चरणमा मिलाप तथा निर्णय दिने शाखाले दोस्रो सुनुवाइको लागि मुद्दा अगाडि बढाउनेछ, र सम्पत्ति फिर्ता गर्ने कि नगर्ने भन्ने विषयमा निर्णय दिनेछ)

**मूल्य निर्धारण शाखा**: यदि सम्पत्ति फिर्ताको प्रश्न असान्दर्भिक भए (जस्तैः धनीहरू आफ्नो जग्गा भएको ठाउँमा जान नचाहेमा वा उनीहरू त्यसलाई किनबेच गर्न तयार भई त्यसको मूल्य निर्धारण गर्नुपरेमा वा सम्पत्ति फिर्ताको लागि नभई क्षति/नष्ट भएको घरको प्रत्यर्पणका लागि दाबी भएमा) र सो जग्गा वा सम्पत्तिको मूल्यबारे विवाद सृजना भए, सो सम्पत्तिको निश्चित मूल्य निर्धारणका लागि मुद्दा यस खण्डमा पठाइनेछ। यसले प्रचलित बजार भाउको आधारमा निश्चित मूल्य तोक्नेछ। यसको प्रतिफल मिलाप तथा निर्णय दिने शाखा मा पठाइनेछ।

सो विवादमा निर्णय दिने यो अन्तिम चरण हुनेछ। अन्तिम सुनुवाइपछि मिलाप तथा निर्णय दिने शाखाले अन्तिम निर्णय सुनाउनेछ। यसलाई नै जग्गा र सम्पत्ति दाबी आयोग र प्रक्रियागत प्रणालीको निर्णय मानिनेछ। यस्तो निर्णयले जग्गाको निश्चित मूल्य तोक्नेछ, पैसा वा निर्माण सामग्री जस्ता अन्य रुपमा दिने प्रत्यर्पणको राशि, र यदि सान्दर्भिक भए आन्तरिक विस्थापित व्यक्तिहरू वा जबर्स्जती निकाला गरिएका व्यक्तिहरूको अस्थायी पुनःस्थापनाको लागि सिफारिस गर्नेछ।

**अनुगमन शाखा**: यसले निर्णयको कार्यान्वयनको अवस्थाबारे हेर्नेछ र नियमित प्रतिवेदन तयार गर्नेछ।

**जग्गा र सम्पत्ति दाबी ट्राइब्युनल**

जग्गा र सम्पत्ति दाबी आयोगको निर्णयबाट असन्तुष्ट भएकाहरूको निवेदन लिनका लागि जग्गा र सम्पत्ति दाबी ट्राइब्युनलको उपस्थिति पनि जरुरी छ। समयको बचत र मुद्दा दोहोरिन नदिन यस ट्राइब्युनलले जग्गा र सम्पत्ति दाबी आयोगले निर्णय गरेको मुद्दामा मात्र न्याय सम्पादन गर्नेछ, र दुई तात्विक विषयहरू मात्र निर्धारण गर्नेछ : दाबीको औचित्य र प्रत्यर्पणको निष्पक्षता लगायत निर्णयको गुणका आधार।[३७] यस ट्राइब्युनलको निर्णय नै अन्तिम हुनेछ।[३८]

**अस्थायी पुनःस्थापना योजनाको आरम्भ**

क्रिस हगिन्सका अनुसार जग्गा र सम्पत्ति दाबी र विशेषगरी दोस्रो पटक भएको सम्पत्तिमाथि कब्जाको कठिन सवाललाई सम्बोधन गर्न राज्यको कानुनी दायित्वबारे बढ्दो सचेतनाको बावजुद पनि तदर्थ उपायहरूको आवश्यकता हुन्छ।[३९] यस अनुभवलाई थप विस्तार गर्ने क्रममा अन्य विद्वानहरूले भनेअनुसार यस्ता तदर्थ

---

३५. नामिबियामा पनि यस्तै प्रकारको घटना भएको थियो। त्यँहा धेरै जग्गा पुनर्वितरणबाट सबैभन्दा पहिले सुविधापूर्वक फाइदा लिनेमा सरकारी अधिकारीहरु भएको भनी आरोप लागेको थियो। हेर्नुहोस्, Shriver D, 'Rectifying Land Ownership Disparities Through Expropriation: Why Recent Land Reform Measures in Namibia are Unconstitutional and Unnecessary', (2005) 15 *Transnational Law & Contemporary Problems,* 419, 429

३६. ग्वाटेमालामा मानवशास्त्रीहरु कानुन व्यवसायीहरु, कृषि इन्जीनियरहरु, समाजशास्त्रीहरु, लगायत पनि संलग्न थिए। हेर्नुहोस्, Bailliet C, 'Preventing Internal Displacement: Conciliating Land Conflicts in Guatemala', (2000), 19 *Refugee Survey Quarterly* (UNHCR), 187, 200

३७. दक्षिण अफ्रिकाको जग्गा दाबी अदालतको कार्यदिश यस विषयमा सान्दर्भिक हुन्छ। हेर्नुहोस्, माथि नं २८, पृ ६७८

३८. यदि सामान्य अदालतमा थप आवेदन स्वीकार गरेमा, एकातर्फ मुद्दाको बाढीले सामान्य अदालत गतिहीन हुन्छ भने अर्कोतर्फ फरक परिणाम दिन्छ भन्ने पनि जरुरी हुँदैन।

३९. Huggins C, 'Linking Broad Constellations of Ideas: Transitional Justice, Land Tenure Reform, and Development,' in *Transitional Justice and Development:Making Connections*, ed. Greiff P and Duthie R (New York: Social Science Research Council, 2009) p. 348.

४०. Meertens D & Zambrano M, 'Citizenship Deferred: The Politics of Victimhood, Land Restitution and Gender Justice in the Colombian (Post?) Conflict' (2010) 4 *The International Journal of Transitional Justice*, Vol., 189, 205

उपायहरूले सम्पत्ति ओगट्ने नयाँ धनीहरूलाई जफत गर्न निषेध गर्छ ।[80] नियमित प्रशासनिक संयन्त्र र अदालती व्यवस्थाले द्वन्द्वोत्तर जग्गा र सम्पत्ति दाबी र प्रत्यर्पण जस्ता विशेष समस्यालाई सम्बोधन गर्न नसक्ने यथार्थप्रति उनीहरूले संकेत गर्छन् । माओवादी पार्टीले सम्पत्ति फिर्ता गर्ने घोषणा गरे यो समस्या रातारात हल हुने धेरै राजनीतिक दलका नेताहरू भन्छन् ।[81] तथापि, यी अनुभवी विद्वानहरूको दृष्टिकोणलाई विचार गर्दा पनि अनधिकृत रुपमा जगगा कब्जा गरिरहेकाहरूलाई हटाउन सजिलो छैन । यस बहसका पछाडि केही व्यवहारिक कारणहरू छन् । यी कब्जा गर्ने नयाँ व्यक्तिहरू भूमिहीन वा दरिद्र वा यति गरीब हुन सक्छन् की उनीहरूका लागि जाने अरु कुनै ठाँउ हुँदैन । एकतर्फ उनीहरूलाई जबर्जस्ती निकाला गर्नाले हिंसात्मक भिडन्त उत्पन्न गराउन सक्छ भने अर्कोतर्फ आफ्ना नागरिकको जीवन, खाना र आश्रयको अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हो ।

त्यसैले, सरकारले तदर्थ अस्थायी पुन:स्थापना योजनाको आरम्भ गर्नुपर्छ । यसका लागि सार्वजनिक जग्गा र अन्य स्रोतहरूको व्यवस्था गर्नुपर्छ । जग्गा र सम्पत्ति दाबी आयोगको सिफारिसअनुसार यस योजनाबाट दुई प्रकारका व्यक्तिहरूले फाइदा लिन सक्छन् । पहिलो विशेष परिस्थितिका कारण घर फर्कन नसक्ने आन्तरिक विस्तापित व्यक्तिहरू र दोस्रोमा जग्गा र सम्पत्ति दाबी आयोगको निर्णयअनुसार भर्खर निकालिएका छन् र उनीहरूको जाने ठाँउ अन्य छैन । यस्ता व्यक्तिहरू दीर्घकालीन नीति अनुसार स्थायी पुन:स्थापनाको व्यवस्था नहुन्जेल त्यँहा बस्न सक्छन् ।

**प्रत्यर्पण र पुन:स्थापना कोषको स्थापना**

विशेष परिस्थितिका कारण सम्पत्ति फिर्ता गर्न नसकिने पीडितहरूलाई प्रत्यर्पण प्रदान गर्ने उद्देश्यका लागि र जग्गा र सम्पत्ति दाबी आयोगको निर्णयअनुसार भर्खर निकाला गरिएका व्यक्तिहरूलाई पुन:स्थापना योजनाअनुरुप पुन:स्थापनाको व्यवस्था गर्ने उद्देश्यका लागि पनि प्रत्यर्पण र पुन:स्थापना कोषको स्थापना गर्नु पर्ने हुन्छ । आर्थिक स्रोतको रुपमा भने कि त यसलाई नेपाल शान्ति ट्रष्ट कोषले यसमा स्रोत प्रदान गर्नु पर्छ कि त यो सोही कोष र नेपालका लागि राष्ट्रसंघको शान्ति कोषको अंग हुनुपर्छ । वैकल्पिक रुपमा प्रत्यक्ष अन्तर्राष्ट्रिय आर्थिक सहयोग पनि प्रत्यर्पण र पुन:स्थापना कोषको स्रोत हुन सक्छ ।

२) **दीर्घकालीन नीतिः**

नेपालको विभेदकारी जग्गा स्वामित्वको प्रणालीलाई सुधार्न दीर्घकालीन नीति निर्देशित हुनुपर्छ । यसका लागि दुईओटा सहज बाटो छन् :

**नेपालको नयाँ संविधानमार्फत यस सवाललाई सम्बोधन गर्ने**

यस समस्यालाई कुशल भाषामा नेपालको अन्तरिम संविधानले सम्बोधन गर्नु जरुरी छ । संविधानसभाको विषयगत समितिको प्रतिवेदनमा[82] सिफारिस गरिएको 'संवैधानिक शब्द' जस्तो नभइ भाषा राजनीतिक भन्दा कानुनी अर्थ दिने प्रष्ट हुन पर्छ । सबै नागरिकको जग्गा स्वामित्व, प्रयोग र बेच्नमा समान अवसर यसले सुनिश्चित गर्नुपर्छ र, यसका लागि हदभन्दा बढी जग्गा उचित क्षतिपूर्ति दिएर लिन र भूमिहीन नागरिकलाई पुनर्वितरण गर्नका लागि सरकारले नयाँ भूमिसुधार योजनाको प्रारम्भ गर्नुपर्छ । यस समस्याको स्थायी समाधान निकाल्न यो देशका लागि यो सुनौलो मौका हुन सक्छ ।

**नयाँ भूमिसुधार नीति प्रारम्भ गर्नेः**

यस नीतिअनुसार नयाँ स्वतन्त्र भूमिसुधार आयोग र जग्गा ट्राइब्युनलको स्थापनाको साथै एक नयाँ भूमिसुधार योजना प्रारम्भ गर्नुपर्छ । विगतका भूमिसुधार आयोगहरू भन्दा यो आयोग क्षमता, शक्ति र कार्यशैलीका आधारमा पूर्णरुपमा भिन्न हुनेछ ।[83] सरकारले नभई संसदबाट पारित कानुनअनुसार यो संस्थाको सृजना गरिनेछ । राजनीतिक दलहरूबाट मात्र नभई राज्य शक्तिका सबै भागहरूबाट यो स्वतन्त्र हुन्छ । नयाँ संविधान जारी भएपछि मात्र यो नीति लागू हुने भएकोले यसको आन्तरिक संयन्त्र, कार्य, र अन्य विवरणको बारे चर्चा गर्नु यहाँ सान्दर्भिक हुँदैन । तथापि, सबै जग्गामा आधारित द्वन्द्वहरूलाई निर्मूल पार्ने र सामाजिक न्याय सुनिश्चित गराउने यस नयाँ भूमिसुधार आयोगको अन्तिम उद्देश्य हुने कुरा यहाँ उल्लेख गर्न जरुरी छ । यस परिप्रेक्ष्यमा, निम्नलिखित पक्षहरू महत्वपूर्ण हुन सक्छन्

- सबै उब्जनीयोग्य, उब्जनी नहुने, चौर, जंगल र अरु जमिनबारे विस्तृत वैज्ञानिक सर्वेक्षण हुन जरुरी छ ।
- जीविका निर्वाह गर्ने आधार नभएका कति भूमिहीन परिवारहरू छन् भन्नेबारे सामान्य सर्वेक्षण हुन पर्छ । यस्ता गरीब जनतालाई बसोबास गराउन चाहिने जग्गाको परिमाणबारे यसले सामान्य चित्र दिन्छ ।
- जग्गाको पुनर्वितरणका लागि जग्गाको परिमाणबारे सामान्य चित्रण भएपछि जग्गाको अधिकतम हदबन्दी तोक्नु

---

८१. उदाहरणका लागि यस्तो विचार नेपाली काँग्रेसका एक नेताले हालै एक टेलिभिजन कार्यक्रममा दिएका थिए । हेर्नुहोस्, तल नं. ४५

८२. उदाहरणका लागि यसले वैज्ञानिक भूमिसुधार कार्यक्रम भने पनि 'वैज्ञानिक' भन्नाले के भनेर बुझ्ने भनी प्रष्ट पारेको छैन र फरक मतमा 'क्रान्तिकारी' शब्दावली थपिएको छ । यी शब्दावलीहरु कानुनीभन्दा पनि बढी राजनीतिक देखिन्छन् । हेर्नुहोस्, धारा ५(२) र यसका फरक मत, संविधानसभा, प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँड समिति, अवधारणापत्रसहितको संविधानको प्रारम्भिक मस्यौदाको प्रतिवेदन, २०६६ । पृपृ ३, ५७

८३. उदाहरणका लागि विगतमा केशव बडाल, हरिबोल गजुरेल र घनेन्द्र बस्नेतको नेतृत्वमा बनेका तीनै भूमिसुधार आयोगहरु सरकारले नै स्थापना गरेको थियो, र स्वतन्त्रविहीन तथा क्षमताविहीन यी आयोगहरु खास राजनीतिक दलको विचार प्रतिनिधित्व गर्थे । यस्तै प्रकारको आयोगहरु पुन: स्थापना गर्नु भनेको प्रयास, स्रोत र समयको मात्र बर्बादी हुनेछ ।

पर्छ ।

**क्षतिपूर्तिबारे प्रावधानः दुई विधिहरूः**

- पैतृक सम्पत्ति प्राप्त गरेका र हदबन्दी नाघेका सामन्ती जग्गाधनीबाट जग्गा जफत गर्दा क्षतिपूर्ति न्यूनतम हुनेछः
- आफ्नो कमाइले जग्गा किनेका र हदबन्दी नाघेका जग्गाधनीबाट जग्गा जफत गर्दा क्षतिपूर्ति बजार भाउअनुसार दिनुपर्नेछ

केही राजनीतिक दल र व्यक्तिहरूले राज्यले जफत गरेको जग्गालाई कुनै क्षतिपूर्ति दिन नहुने विचार व्यक्त गर्छन् । यथार्थमा, लामो अन्तरालमा यो विचार प्रत्युत्पादक हुन जान्छ । यो बहसको पछाडि दुई ओटा मुख्य तर्कहरू छन् । पहिलो, सैद्धान्तिक रुपमा, सामाजिक न्याय र मानवअधिकारको दृष्टिकोणमा यो उचित अभ्यास हुनेछैन भने दोस्रो, प्रतिकुल अवस्थाका कारण केही समयका लागि मौन स्वीकृति दिएपनि उनीहरूले आफ्नो असन्तोष भिन्न प्रकारले प्रकट गर्न सक्छन् र प्रतिकारको लागि हिंसाको सहारा लिन सक्छन् ।

## ५. निष्कर्ष

नेपालको शान्ति प्रक्रिया धेरै जटिल चरणमा प्रवेश गरेको छ । शान्ति प्रक्रियाका विवादित तीन प्रमुख सवालहरूमध्ये जग्गा र सम्पत्ति फिर्ता, र प्रत्यर्पण एक हो ।[४४] ऐतिहासिक रुपमा अन्तर्निहीत भूमिको विभेदकारी वितरण अभ्यासलाई नेपालको सशस्त्र द्वन्द्वको प्रमुख कारणका रुपमा ठम्याउन नमिलेपनि यसलाई गति दिन भने यसको सम्भवतः मुख्य देन छ । माओवादीले पछ्याएको खुला नीतिअनुसार सशस्त्र द्वन्द्वको समयमा जग्गा र सम्पत्ति कब्जा असाधारण रुपमा भयो, र द्वन्द्वको समयमा यसलाई सामान्यरुपमा लिन सकिन्थ्यो । तर, शान्ति सम्झौतामा हस्ताक्षर भएपछि पनि र माओवादीले देखावटी रुपमा सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता भनी आफ्ना नीति परिवर्तन गरेपनि जग्गा र सम्पत्ति कब्जाको निरन्तर अनधिकृत अभ्यास भने कुनै पनि विवेकशील व्यक्तिको लागि पूर्णरुपमा अस्वीकार्य हुन्छ । र, माओवादी पार्टीको प्रत्यक्ष आदेशमा यसलाई कार्यान्वयन गरिएको प्रष्ट छ ।[४५] यस्तो प्रकारको अभ्यासलाई न त इतिहासमा गरिएको गल्तीतर्फ मात्र इंगित गरी स्वीकार्न सकिन्छ न त समानतावादी समाजको सृजना गर्ने शाब्दिक साहित्य कलाबाट यसलाई सहन सकिन्छ । यस बिन्दुमा नेपालका सबैभन्दा ठूलो राजनीतिक दलको रुपमा माओवादीले नेपाली जनताले उसलाई सुम्पिएको ऐतिहासिक जिम्मेवारीलाई बुझेर शान्ति प्रक्रियालाई विवेकपूर्ण निष्कर्षमा लानुपर्छ ।

अनधिकृत जग्गा कब्जा अन्त्य भए मात्र जग्गा र सम्पत्ति फिर्ता, र पीडितलाई प्रत्यर्पण प्रदान गर्ने प्रक्रियामा भएको विचार विमर्श अर्थपूर्ण हुनेछ । र, यसभन्दा पनि पहिले, उचित प्रक्रिया बिना एक व्यक्तिको सम्पत्ति खोसेर अर्कोलाई सुम्पिनुले वास्तवमा सो सम्पत्तिको स्वामित्व हस्तान्तरण हुँदैन भन्ने तथ्यमा माओवादी विश्वस्त हुनु जरुरी छ । समतामूलक समाजको कसरी सृजना गर्ने भन्ने सभ्य विश्वमा विकास भएको प्रणाली यो होइन । यसैगरी, अर्काको सम्पत्ति ओगटेर अस्थायी रुपमा फाइदा लिने त्यस्तो वर्गहरूलाई समेत गरी अन्य कसैलाई पनि यस्तो प्रकारको अभ्यासले न्याय दिँदैन भन्ने कुरा माओवादी पार्टीले पनि बुझ्न जरुरी छ किनभने उनीहरूका लागि यो मृगतृष्णा मात्र हुने छ । अनधिकृत जग्गा कब्जा र पुनर्वितरणले एकातर्फ सामाजिक मेलमिलापलाई विखण्डन गर्छ भने अर्कोतर्फ जग्गामा आधारित द्वन्द्वको अर्को हिंस्रक चक्रको सृजना गर्छ । सरकारको अप्रकट समर्थनमा पनि नीजि जग्गाको अनधिकृत कब्जा र उचित प्रक्रिया बिना भूमिहिनलाई गरिएको वितरणको विध्वंशकारी परिणाम हुन सक्ने जिम्बाबे एक उत्कृष्ट उदाहरण हो ।[४६]

जग्गा र सम्पत्ति फिर्ता र प्रत्यर्पणको प्रक्रियाले कठिन प्रयास र कहिलेकाही नागबेली बाटो लिने गर्छ । भर्खरै उल्लेख गरेअनुसार जग्गा फिर्ता र प्रत्यर्पणका लागि कुन संयन्त्र अपनाउने भन्नेमा बहुपक्षीय सामाजिक-आर्थिक अवस्था पनि निणार्यक कारक हुन सक्छ । यस्तो संयन्त्र तयार गर्दा समाधानहरूले पीडितको ठोस आर्थिक र सामाजिक आवश्यकतालाई सम्बोधन गर्नुपर्छ । कहिलेकाही, कोसोभोमा देखिए झैं सम्पत्तिको दाबी गर्नेहरूले यथार्थमा पुनः त्यसमाथि स्वामित्व चाहेको देखिएनः उनीहरूमध्ये धेरैले आफ्नो सम्पत्तिमाथिको अधिकार बिक्रीबाट हस्तान्तरण गर्न रोजेका थिए । साथसाथै, सम्पत्तिमाथि कब्जा जमाइरहेको वा हटाइएका दोस्रो पक्षको अवस्थालाई सम्बोधन गर्नु पनि राज्यको दायित्व हो । सम्पत्तिको स्वामित्व पुनःस्थापना गराउनु एउटा समाधान हुन सक्छ, तर गरीबको आवश्यकतालाई सम्बोधन गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ । जनताले सम्मानित जीवन बिताउने मेलमिलापपूर्ण र समतामूलक समाजको स्थापना गर्नु सम्पत्ति गुमाउनेहरूलाई प्रत्यर्पण प्रदान गर्नु जत्तिकै महत्वपूर्ण छ । अनधिकृत कब्जाबाट बलपूर्वक निकाल्ने एउटा उपाय हुन सक्छ, र जग्गा कब्जाको छिटपुट पुनर्उदयलाई रोक्नु अर्को उपाय हुन सक्छ । द्वन्द्वोत्तर नेपालमा जग्गा र सम्पत्ति फिर्ता, र प्रत्यर्पणको सवाललाई सम्बोधन गर्नको लागि ध्यान दिनु पर्ने यी मुख्य विशेषताहरू हुन् ।

---

४४. पूर्व लडाकुको व्यवस्थापन र वाईसीएलको अर्धसैनिक संरचना भंग गर्ने अर्का दुई सवालहरु हुन् ।

४५. हालैको एक उदाहरणः कान्तिपुर टेलिभिजनमा ०६७ वैशाख २९ गते प्रशारित 'नयाँ संविधान निर्माणसम्बन्धी बहस' कार्यक्रममा माओवादी पोलिटब्यूरो सदस्य हरिबोल गजुरेलले 'असमान भूमि नियन्त्रणको विद्यमान अवस्था कायम रहिरहे भविष्यमा अझ बढी जग्गा कब्जा हुनेछ,' भनी दृढतापूर्वक भने । उक्त बहस कार्यक्रममा यो स्तम्भकार र नेपाली काँग्रेका नेता विनयध्वज चन्द अर्का दुई स्रोत व्यक्ति थिए । गजुरेल माओवादी पार्टीको भूमिसुधार विभाग प्रमुख हुनुहुन्छ भने माओवादी नेतृत्वको सरकारका बेला उच्चस्तरीय भूमिसुधार आयोगका अध्यक्ष थिए ।

४६. हेर्नुहोस्, Dancaescu N, 'Land Reform in Zimbabwe', (2003) 15 *Florida Journal of International Law*. 615, 621

# विगतमा भएका मानवअधिकार उल्लङ्घनमा जवाफदेहीताको सवाल



विद्या चापागाईं

जनआन्दोलन ०६२/०६३ को सफलता पछि भएको विस्तृत शान्ति सम्झौता र त्यसकै जगमा उभिएर जारी गरिएको अन्तरिम संविधानले नेपालमा सङ्क्रमणकालीन न्यायको लागि मार्ग प्रशस्त गरेका छन् । यसरी हेर्दा, नेपालमा सङ्क्रमणकालीन न्यायका मूलतः दुई आयामहरू देखिन्छन् - पहिलो, दशक लामो सशस्त्र द्वन्द्वका असरहरू र दोश्रो, प्रजातान्त्रिक व्यवस्थालाई अपदस्थ गर्दै अधिनायकवादी शासनसत्ताले गरेका अत्याचारहरू सम्बोधन गर्नु । यसरी दुईखाले परिस्थितिको समिश्रण भएकाले नेपालमा स्क्रमणकालीन न्यायको सवाल अन्य मुलुकहरूभन्दा पृथक र जटिल छ ।

तर, अराजकता तथा दण्डहीनता अन्त्यका लागि सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) ले प्रतिवद्धता व्यक्त गरेर हस्ताक्षर गरेको ऐतिहासिक शान्ति सम्झौता भएको चार वर्ष पुग्न लाग्दा पनि दण्डहीनताको स्थितिमा कमी आएको छैन । यो अझ संस्थागत र व्यापक हुँदै गरेको अनुभूत आम नेपाली जनताले गरेका छन् । द्वन्द्वको समयमा सरकारी सुरक्षाफौज तथा माओवादीले गरेका हत्या, यातना, बेपत्ता तथा अन्य प्रकारका हिंसाका दोषीहरूलाई दण्डित गर्नेतर्फ कुनै ठोस प्रगति हुन सकेको छैन ।

द्वन्द्वको समयमा भएका मानवअधिकार उल्लङ्घनका जघन्य घटनामा जवाफदेहीता सुनिश्चित गर्नेलगायत धेरै मुद्दाहरू लोकतन्त्र स्थापनाको चार वर्ष बितिसक्दा पनि सम्बोधन हुन सकेका छैनन् । जसले गर्दा दण्डहीनताको संस्कृति अझ बलियो बनेको छ र विभिन्न क्षेत्र र तहमा यसले संस्थागत स्वरूप पाएको छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानून तथा मानवीय कानुनको उल्लङ्घनकर्तालाई कानुनी कारवाहीको प्रक्रियामा ल्याउन नसक्नाले विधिको शासनप्रति आम जनमानसमा वितृष्णा जगाउनुका साथैसाथै राजनीतिक शक्तिको आडमा कानुनको शासन र सामाजिक न्यायका सिद्धान्तहरूलाई कुल्चने प्रवृतिलाई बढावा मिलेको छ ।

बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएको ६ वर्षपछि, २०५२ सालमा माओवादीहरूले शुरु गरेको सशस्त्र सङ्घर्षको १० वर्षे अवधिमा १३ हजार [1] व्यक्तिहरूले ज्यान गुमाए । दश वर्षको यो अवधिमा सरकार र माओवादी दुवै पक्षबाट गरी १ हजार ६ व्यक्तिलाई बेपत्ता पारियो ।[2] औपचारिक रूपमा वि.सं. २०६३ मंसिरमा अन्त्य भएको उक्त सशस्त्र द्वन्द्वमा मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन भयो । मानवता विरोधी अपराध, युद्ध अपराध, गैरन्यायिक हत्या, बेपत्ता, अपहरण, यातना, बलात्कार, यौन अपराध तथा अन्य प्रकारका मानवअधिकार उल्लङ्घनका पीडितहरू अझै पनि सत्य, न्याय र परिपूरणको आशामा छन् । यो आशामाथि तुषारापात हुने पो हो कि भन्ने डर भने सर्वत्र छ ।

दण्डहीनताका सन्दर्भमा भएको संस्थागत प्रभावकै कारण कसैलाई पनि न्यायको कठघरामा ल्याइएको छैन । द्वन्द्वका बेला गरिएका गम्भीर मानवअधिकार उल्लङ्घन र ज्यादतीका लागि सुरक्षाफौज तथा माओवादीका कुनै पनि सदस्यलाई फौजदारी अभियोगमा दोषी ठहऱ्याइएको छैन । दण्डहीनता सम्बोधनको लागि आरोपित सैनिक अधिकारी तथा माओवादी लडाकुहरूलाई पदबाट हटाउन आवश्यक छ तर, शान्ति प्रक्रियामा अवरोध आउन सक्ने भनी देखाइएका खतराका कारण र राजनीतिक इच्छाशक्तिको अभावले यसो गर्न सकिएको छैन । व्यक्ति बेपत्ता पार्ने कार्य रोक्ने कानुन निर्माण गर्न तथा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्न समेत अत्यन्त ढिला गरिएको छ ।

संविधानसभाले तोकिएको समयमा संविधान जारी गर्न नसकेका कारणले शान्ति, न्याय तथा जवाफदेहीता स्थापना गर्न गम्भीर अप्ठ्याराहरू उत्पन्न भइरहेका छन् । एकपछि अर्को गर्दै विभिन्न राजनीतिक

**बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएको ६ वर्षपछि, २०५२ सालमा माओवादीहरूले शुरु गरेको सशस्त्र सङ्घर्षको १० वर्षे अवधिमा १३ हजार व्यक्तिहरूले ज्यान गुमाए । दश वर्षको यो अवधिमा सरकार र माओवादी दुवै पक्षबाट गरी १ हजार ६ व्यक्तिलाई बेपत्ता पारियो । औपचारिक रूपमा २०६३ मंसिरमा अन्त्य भएको उक्त सशस्त्र द्वन्द्वमा मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन भयो ।**

---

१. इन्सेक तथ्याङ्क

२. ऐ. ऐ.

उल्झन र अस्थिरताका जटिल अवस्थाहरू सृजना भएको अवस्था स्पष्ट छ। थपिएको म्यादभित्र पनि संविधानसभाले संविधान निर्माण गर्न सक्छ कि सक्दैन भन्ने विषय यकिन छैन। यदि लब्याइएको समय भित्रपनि संविधान बन्न नसकेमा देश संवैधानिक अनिश्चितताको भूमरीमा फस्ने र अराजकता एवम् द्वन्द्वका नयाँ खाले प्रवृत्तिहरूले देशलाई गहिरो सङ्कटतर्फ धकेल्ने खतरा बढ्नेछ।

यस्तो अस्थिर राजनीतिक अवस्थाले गर्दा प्रभावकारी अनुसन्धान तथा अदालती कारबाहीमा समेत बाधा उत्पन्न भइ दुवै पक्षका पीडकहरू दण्डित हुनबाट उम्कन सक्ने अवस्था विद्यमान छ। प्रहरी तथा अदालत लगायतका विधिको शासनसँग सम्बन्धित निकायहरू मानवअधिकार संरक्षण गर्न असफल हुने खतरा बढिरहेको छ। सत्य, न्याय र जवाफदेहीताका लागि राज्यका तर्फबाट कुनै ठोस कदम अगाडि नबढाइएका कारण विगतमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका असर र तिनका प्रतिछायाँहरू निरन्तर छन्। फलस्वरूप, दिगो शान्ति स्थापनाका लागि गरिएका प्रयासहरूमा पनि निरन्तर रूपमा अवरोध पुर्‍याउने जोखिम विद्यमान रहनेछ।

**विगतका ज्यादती र जवाफदेहीता**

संक्रमणकालबाट लोकतान्त्रिक शासन व्यवस्थामा जान लाग्दाको बखत विगतका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्नु पक्कै पनि सरल र सहज कार्य होइन। विस्तृत शान्ति सम्झौतामा हस्ताक्षरपछि राजनीतिक दलहरूले मानवअधिकार उल्लंघन र ज्यादतीका घटनामा जवाफदेहीता सुनिश्चित गर्ने प्रतिबद्धता जनाउँदै आए तापनि त्यसका लागि कुनै पनि दलले हालसम्म कार्यान्वयनका व्यवहारिक उपायहरू अघि सार्न नसकेका कारण यसतर्फ खासै उपलब्धि भएको छैन। अपराधलाई प्रोत्साहन गर्ने दण्डहीनताको पुरानो संस्कृति जस्ताको तस्तै छ, यो अझ

**विस्तृत शान्ति सम्झौताले बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन गर्ने सम्बन्धी आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, र द्वन्द्व पीडितहरूका लागि परिपूरण कार्यक्रमका आधार सृजना गर्ने शान्ति तथा पुनर्निर्माण आयोगजस्ता संयन्त्रहरूको कल्पना गरेको छ। तर, हालसम्म यी आयोगहरू गठन हुन सकेका छैनन्। न त, परिपूरणका प्रभावकारी कार्यक्रमहरू सञ्चालन नै गरिएका छन्। सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना गरेर र स्थानीय शान्ति समितिहरू गठनका लागि प्रयास गरेर केही सकारात्मक कदमहरू चालेको छ।**

बढी फैलिँदै गएको छ।

बिस्तृत शान्ति सम्झौतामा "दुवै पक्ष सम्झौता पत्रमा उल्लेख भएका अधिकारको उपभोगमा बाधा पुर्‍याउने जिम्मेवार व्यक्तिहरू माथि कानुन अनुसार निष्पक्ष छानबिन तथा कारवाही हुनेछ भनी प्रतिबद्धता जाहेर गर्दछन् र दण्डहीनतालाई प्रश्रय नदिने सुनिश्चितता प्रदान गर्दछन्। यसका साथै द्वन्द्व र यातना पीडित तथा बेपत्ता पारिएकाहरूको परिवारको राहत प्राप्त गर्ने अधिकारलाई समेत सुनिश्चित गर्दछन्"[3] भनेर उल्लेख गरिएको छ। तर, बारम्बारको सरकारी आश्वासनका वावजुद द्वन्द्वका समयमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई सम्बोधन गर्न र पीडकलाई संरक्षण प्रदान गर्नेसंस्थाहरू विरूद्ध कारवाही अगाडि बढाउनेसम्बन्धमा देखिएका सरकारी उदासिनताका कारण पीडितका परिवारलाई न्याय नदिने र पीडकलाई अपराधिक दायित्वबाट उन्मुक्ति दिने अवस्था सृजना भएको छ। विगतका मानवअधिकार उल्लङ्घनमा जवाफदेहीता सुनिश्चित गर्न नसक्दा विधिको शासन स्थापित गर्नका लागि राज्यका संयन्त्रहरूको क्षमता र इच्छाशक्तिमा अत्यन्त नकारात्मक असर गर्ने छ निश्चित छ, त्यो भन्दा पनि गम्भीर खतराको रूपमा दण्डहीनताको कुचक्रलाई निरन्तर बढावा मिल्नेछ र फेरि पनि मानवअधिकारको उल्लङ्घन एउटा योजनावद्ध परिपाटीको रूपमा रहिरहने अवस्था विकसित हुनेछ।[4]

विस्तृत शान्ति सम्झौताले बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन गर्ने सम्बन्धी आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, र द्वन्द्व पीडितहरूका लागि परिपूरण कार्यक्रमका आधार सृजना गर्ने शान्ति तथा पुनर्निर्माण आयोगजस्ता संयन्त्रहरूको कल्पना गरेको छ। तर, हालसम्म यी आयोगहरू गठन हुन सकेका छैनन्। न त, परिपूरणका प्रभावकारी कार्यक्रमहरू सञ्चालन नै गरिएका छन्। सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालय स्थापना गरेर र स्थानीय शान्ति समितिहरू गठनका लागि प्रयास गरेर केही सकारात्मक कदमहरू चालेको छ। तर, ती प्रभावकारी हुन सकेका छैनन् र वास्तवित पीडितहरूको पहुँच भन्दा टाढा छन्। राजनीतिक पहुँचका आधारमा यस्ता सेवा सुविधाहरूसम्मको पहुँच निर्धारण हुने परिपाटी कायमै छ। संसदमा अड्किएर बसेको सत्यनिरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन गर्नेसम्बन्धी आयोगका विधेयकहरू पनि सन् २००५ मा संयुक्त राष्ट्रसङ्घले पारित गरेको अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको जघन्य उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घनका पीडितको उपचार र

३. बृहत शान्ति सम्झौताको बुँदा नं. ७.१.३

४. अगष्ट १०, २०१० मा एशियाली मानवअधिकार आयोगले निकालेको विज्ञप्ति

परिपूरणको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डअनुरूप हुन नसकेको कुरा विभिन्न मानवअधिकार संस्थाहरूले सार्वजनिक गर्दै आएका छन् ।

**सत्य निरूपण तथा मेलमिलाप आयोग**

विस्तृत शान्ति सम्झौतामा सत्य निरूपण तथा मेलमिलाप आयोगका बारेमा उल्लेख गरिएको छ । सम्झौतामा संलग्न दुवै पक्ष समाजमा मेलमिलापको वातावरण तयार गर्न तथा द्वन्द्वको क्रममा मानवीय कानुनको उल्लङ्घनमा संलग्न व्यक्ति र गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाको सत्य खोजी गर्नका लागि आपसी समझदारीका आधारमा एक उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग स्थापना गर्न सहमत भएका हुन्[५] । माओवादी द्वन्द्वका बेला भएका मानवअधिकार उल्लङ्घनका घटनाको सत्यतथ्य पत्ता लगाउन बनेको विधेयक २२ अप्रिल २०१० मा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले व्यवस्थापिका संसदमा दर्ता गराएको छ । उक्त विधेयक सन् २००७ मा प्रस्ताव गरिएको विधेयकभन्दा केही प्रगतिशील देखिन्छ[६] । तर पनि अन्तर्राष्ट्रिय मान्यता र मापदण्ड अनुरूप बनाउनका लागि परिमार्जन गर्नुपर्ने देखिन्छ ।

उदाहरणका लागि, आयोगको गठन, आयुक्तको लागि सिफारिसका आवश्यक आधारहरू दफा ४ मा उल्लेख भएपनि कुन प्रक्रियाबाट आयुक्तहरू छानिने हुन् भन्ने बारेमा उक्त दफा मौन रहेको छ । अन्तर्राष्ट्रिय सिद्धान्त र अभ्यास हेर्ने हो भने आयुक्तहरू छानिने प्रक्रिया पारदर्शी तथा सार्वजनिक हुनुपर्छ । यसैगरी, यो विधेयक आयोगका सदस्यहरूको स्वतन्त्रता र निष्पक्षता सम्बन्धमा, आयोगले पत्ता लगाएका सूचनामा सामान्य नागरिकहरूको पहुँच, महान्यायाधिवक्ताको भूमिका, बाल सेना, मेलमिलाप, परिपूरण, गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा आममाफीको प्रावधान, साक्षी र अन्य व्यक्तिहरूको सुरक्षा जस्ता विषयहरूका सम्बन्धमा विधेयक मौन छ ।

संयुक्त राष्ट्र सङ्घले गरेको मार्गनिर्देशन अनुरूप परिपूरणका मापदण्डहरू निर्धारण गरिनुपर्छ । तर, मस्यौदा विधेयकको दफा २६[७] मा उल्लेख भएअनुरूप पीडितलाई दिइने सुविधाहरू भने अर्थमा मात्र परिपूरणलाई बुझाउने र मेलमिलापलाई गलत रूपमा व्याख्या गर्ने खालका छन् । मेलमिलापलाई आयुक्तहरूले पीडक र पीडितका बीचमा बसेर गर्ने काम भन्दा पनि गैरकानुनी तथा निरन्तर प्रक्रियाको रूपमा बुझ्नु जरूरी छ । गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा सत्य, न्याय र परिपूरणको सुनिश्चितता गरे मात्र आयोगहरूले मेलमिलापको अवस्था सृजना गर्न सक्छन् । यसका अलावा गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरूमा आममाफीको सुनिश्चितता गरिनुले सत्य निरूपण तथा मेलपिलाप आयोगसम्बन्धी विधेयक आफैँमा विवादास्पद बनेको छ ।

**परिमार्जित विधेयकमा मानवअधिकार समुदायले सिफारिस गरेका थुप्रै विषयहरू सकारात्मक रूपले ग्रहण गरिएको भए तापनि केही प्रमुख विषयहरू, जस्तैः आयोगको गठन, अधिकार र कार्यविधि, आयोगको सिफारिस कार्यान्वयन, हदम्याद, परिपूरण र मेलमिलाप, साक्षीको सुरक्षा सम्बन्धी व्यवस्थाहरू मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यता विरोधी छन् । बेपत्तासम्बन्धी विधेयकले बेपत्तासम्बन्धी दाबी गर्ने अवधिलाई निश्चित सीमाभित्र राख्ने प्रयास गरेको छ । नेपाली तथा अन्तर्राष्ट्रिय कानुनले यसरी सीमा तोकिनुलाई न्यायोचित मान्दैन ।**

**बेपत्ता व्यक्तिहरूको खोजबिन गर्नेसम्बन्धी आयोग**

बलपूर्वक बेपत्तासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यदलले सन् २००३ र २००४ बुझाएको प्रतिवेदनले नेपालमा बेपत्ताको सङ्ख्या त्यसबेला संसारका मुलुकहरूमध्ये सबैभन्दा उच्च देखाएको थियो । इन्सेकका अनुसार सशस्त्र द्वन्द्वका क्रममा राज्य र माओवादी पक्षबाट १ हजार ६ जना बेपत्ता पारिएको छ । संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयले विस्तृत प्रमाण प्रस्तुत् गरेपनि र मानवअधिकार सङ्घ संस्था तथा बेपत्ता पारिएका व्यक्तिहरूका परिवारले लगातार दवावमूलक अभियान सञ्चालन गरेपनि बेपत्ता पार्ने कार्यमा संलग्न पीडकहरूले पूर्णरूपले दण्डहीनताको उपभोग गर्न पाएको अवस्था छ । बेपत्ता पार्ने कार्यमा संलग्न सरकारी सेना तथा माओवादीका कोही कसैलाई पनि जवाफदेही बनाइएको र दोषी ठहऱ्याइएको छैन । दुवै तर्फबाट बारम्बार प्रतिवद्धताहरू आउने गरे पनि अहिलेसम्म बेपत्ताहरूको अनुसन्धान तथा सार्वजनिक गर्ने कार्यतर्फ कुनै अर्थपूर्ण पहल भएको छैन ।

सशस्त्र द्वन्द्वका बेला बेपत्ता पारिएका सयौँ घटनाहरूको उचित अनुसन्धान गरिएको छैन । सरकारका

---

५. बृहत शान्ति सम्झौताको बुँदा नं. ५.२.५

६. अन्तर्राष्ट्रिय मापदण्ड अनुसार नभएको भन्दै जुलाई २००७ मा सरकारद्वारा ल्याइएको सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी मस्यौदा विधेयक व्यापकरूपले आलोचित थियो । यसका साथै, सरकारी तर्फबाट विश्वसनीय र प्रभावकारी सत्य निरुपण तथा मेलमिलाप आयोग बनाउन र उक्त विधेयक सुधारका लागि थोरै मात्र सुधारका लागि थोरै मात्र सुधारका प्रयासहरू भएका छन् ।

७. सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी मस्यौदा विधेयकको भाग २ (ङ)

तर्फबाट निरन्तररूपमा प्रतिवद्धता व्यक्त गरिए तापनि बेपत्तासम्बन्धी आयोग बन्न सकेको छैन् । सर्वोच्च अदालतको २००७ को मार्गनिर्देश तथा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप नभएका कारण २००९ को फेब्रुअरीमा अध्यादेशमार्फत् ल्याइएको बेपत्तासम्बन्धी (अपराध तथा सजाय) विधेयकको निकै ठूलो आलोचना भए तापनि यसरी विधेयक ल्याइनुलाई बेपत्तासम्बन्धी समस्या समाधान गर्नेतर्फ चालिएको महत्वपूर्ण कदमको रूपमा लिनु पर्दछ । तर, राजनीतिक अस्थिरता तथा यस्ता गम्भीर विषयहरू समाधान गर्नेतर्फ पर्याप्त राजनीतिक इच्छाको कमीका कारण अध्यादेशको म्याद समाप्त भयो । शान्ति मन्त्रालयले फेरि उक्त विधेयकलाई परिमार्जन पश्चात् छलफलका लागि प्रस्तुत गऱ्यो र सरकारले उक्त विधेयक व्यवस्थापिका संसदमा २० अप्रिल २०10 मा दर्ता गराएको छ । त्यसपछि यसमा कुनै प्रगति भएको छैन ।

परिमार्जित विधेयकमा मानवअधिकार समुदायले सिफारिस गरेका थुप्रै विषयहरू सकारात्मक रूपले ग्रहण गरिएको भए तापनि केही प्रमुख विषयहरू, जस्तैः आयोगको गठन, अधिकार र कार्यविधि, आयोगको सिफारिस कार्यान्वयन, हदम्याद, परिपूरण र मेलमिलाप, साक्षीको सुरक्षा सम्बन्धी व्यवस्थाहरू मानवअधिकारको अन्तर्राष्ट्रिय मान्यता विरोधी छन् । बेपत्तासम्बन्धी विधेयकले बेपत्तासम्बन्धी दाबी गर्ने अवधिलाई निश्चित सीमाभित्र राख्ने प्रयास गरेको छ । नेपाली तथा अन्तर्राष्ट्रिय कानुनले यसरी सीमा तोकिनुलाई न्यायोचित मान्दैन । साथै, बेपत्ताको अवस्था स्पष्ट नहुँदासम्म दावी गर्न पाउने कुरालाई सर्वोच्च अदालतले सकारेको छ ।[८] यसका साथै उक्त विधेयकले क्षतिपूर्ति र पुनर्स्थापनाका लागि विशेष उपायहरूमा सीमित राखेर परिपूरणका प्रकारलाई सूचिकृत गरेको छ र परिपूरणको अधिकार प्रत्याभूत गर्न असफल देखिन्छ ।

अन्तर्राष्ट्रिय मूल्य र मान्यताअनुसार बेपत्तासम्बन्धी घटनाहरू नागरिक अदालतको क्षेत्राधिकार अन्तर्गत पर्दछ । यो कुरा संयुक्त राष्ट्रसङ्घीय बेपत्ता सम्बन्धी कार्यदलले डिसेम्बर २००९ मा आफ्नो प्रतिवेदनमा स्पष्टरूपले उल्लेख गरेको छ । बेपत्ता व्यक्तिको सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्रको धारा १६ (२) अनुसार बेपत्ता पार्ने क्रियाकलापमा संलग्न आरोप लागेका मुद्दाहरूको सुनुवाई कुनै पनि राष्ट्रको सक्षम साधारण अदालतमा हुने तर विशेष ट्रिब्युनल खासगरी सैनिक अदालतबाट नहुने उल्लेख छ । सन् २००५ को संयुक्त राष्ट्रसङ्घीय परिपूरण सम्बन्धी[९] निर्देशिका अनुसार पीडितलाई पूर्ण तथा प्रभावकारी क्षतिपूर्ति दिइनुपर्छ, जुन उल्लङ्घनको गाम्भीर्यता तथा परिस्थितिअनुरूप समानुपातिक र उचित हुनुपर्दछ न की बेपत्तासम्बन्धी ल्याइएको विधेयकमा जस्तो लामो सूचीका आधारमा ।

**प्रमुख सरोकारका क्षेत्रहरू**

**१. विद्यमान ज्यादती र दण्डहिनता**

मानवअधिकार उल्लंघन र ज्यादतीका गम्भीर घटनाहरूको उचित अनुसन्धान गर्न तथा आरोप लागेका पीडकहरूलाई कानुनी दायरामा ल्याउन नसक्नु भनेको नेपाल सरकार अन्तर्राष्ट्रिय कानुनको उत्तरदायित्व बहन गर्न असफल हुनु हो । यसका साथै, नेपालमा दिगो शान्ति स्थापित गर्ने र सामाजिक तथा राजनीतिक विवादको समाधानतर्फ गम्भीर बाधा सृजना गर्नु पनि हो । यो तथ्यलाई कदापि नजरअन्दाज गर्न मिल्दैन । यद्यपि, हालपनि अपराधलाई प्रोत्साहन दिने, राजनीतिक संरक्षण प्रदान गर्ने र दण्डहीनताको अवस्था उस्तै छ । विगतका अपराधिक घटनाहरूको समाधानबारे राजनीतिक दलहरूले पर्याप्त इच्छाशक्ति देखाएका छैनन् ।

विस्तृत शान्ति सम्झौताले सङ्क्रमणकालीन न्याय (सत्य, परिपूरण, संस्थागत सुधार) का साथै विगतका अपराधहरूको सम्बोधन र कारबाही गर्ने प्रतिवद्धता जाहेर गरेको छ । तर पीडकलाई कानुनी कारबाही गर्नेतर्फ राजनीतिक इच्छा भने देखिँदैन । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले विगतका अपराधीहरूलाई कारवाही गर्न सरकारी सुरक्षा निकाय तथा माओवादीले देखाएको अनिच्छालाई नजिकबाट नियालिरहेको अवस्था छ ।[10] राजनीतिक पार्टी तथा तिनका नेताहरू र सरकारमा बसेका पार्टीहरूले समेत पीडक र आपराधिक समूहलाई दिने गरेको राजनीतिक संरक्षणका कारण विधिको शासन वेवास्ताको विषय बनेको छ । आपराधिक कार्यहरूलाई प्रोत्साहन मिलेको छ । नेपाली सेना र माओवादी दुवैले आफ्ना सैनिक र लडाकू एवम् मातहतका व्यक्तिहरूलाई उनीहरूले विगतमा गरेका मानवअधिकार ज्यादतीका लागि जवाफदेही बनाउन इन्कार गरिरहेको अवस्था छ । राजनीतिक प्रकृतिको भएका र ती मुद्दामा आरोपितहरू माओवादी भएकै कारणले मात्र दायर गरिएको भन्दै माओवादी नेतृत्वमा रहेको सरकारले माओवादी नेता तथा कार्यकर्ताहरूविरूद्ध अदालतमा मुलतवीमा रहेका ३ सय ४९ मुद्दाहरू २००८ अक्टोबरमा फिर्ता लिने निर्णय गऱ्यो [11]। यस घटनाले राजनीतिक दलहरू कसरी सत्ताको दुरूपयोग गरी दण्डहीनतालाई प्रोत्साहित गर्न तल्लीन छन् भन्ने तथ्य पुष्टि गर्ने एउटा बलियो उदाहरणका रूपमा लिन सकिन्छ ।

मानवअधिकार दुर्व्यवहारका गम्भीर घटनामा संलग्न व्यक्तिहरूलाई जवाफदेही बनाउन नसक्नुले राजनीतिक समूहबाट हाल

---

८. सत्य , न्याय र परिपुरणका लागि संसदीय कारवाहीका लागि अपिल, संविधानसभाका अध्यक्ष समक्ष मानवअधिकार समुदायले प्रस्तुत मानवअधिकार संयुक्त अपिल, मार्च २०10

९. संयुक्त राष्ट्र सङ्घीय महासभाद्वारा १६ डिसेम्बर २००५ मा जारी गरिएको अर्न्तराष्ट्रिय मानवअधिकार कानुन र मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितहरुको उपचार र परिपूरणको अधिकारसम्बन्धी आभारभूत सिद्धान्त र निर्देशिका (A/RES/60/147)

10. Nepal Peace and justice, International Crisis Group, 14 January 2010, http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/184%20nepal%20peace%20and%20justice.ashx

11. Nepal, Events of 2009, Human Rights Watch, http>//www.hrw.org/en/node/87397

भइरहेका हिंसात्मक गतिविधि र त्यसले उत्पन्न गरेको मानवअधिकारसम्बन्धी समस्यामा बल पुगेको छ । र, दण्डहीनता मौलाउने अवसर प्राप्त भएको छ । माओवादीसँग सम्बद्ध योङ कम्युनिष्ट लिग, नेकपा (एमाले) को भातृ संगठन युथ फोर्स र नेपाली काङ्ग्रेसको भातृ सङ्गठन तरूण दलजस्ता राजनीतिक सङ्गठनहरू मानवअधिकार ज्यादतीका घटनाहरूमा संलग्न भएका सूचनाहरू बारम्बार सार्वजनिक भइरहेका छन् । त्यस्ता घटनाका दोषीहरूलाई कारवाही भएको उदाहरण भने विरलै पाइन्छन् । एकाध यस्ता उदाहरणहरूलाई छाडेर हेर्ने हो भने, युवा दस्ताका नाममा राजनीतिक दल यी संगठित समूहहरूका कारण मानवअधिकारको अवस्था झनै खस्कने र दण्डहीनताको संस्कृति अझ बलियो हुँदै जाने खतरा विद्यमान छ । राजनीतिक आवरणमा हुने अपराधिक गतिविधिहरूले गर्दा सार्वजनिक सुरक्षाको विषय अझ बढी जटिल बन्ने अवस्था छ ।

**संस्थागत कमजोरी**

राजनीतिक हस्तक्षेप, भ्रष्टाचार, स्रोतको अभाव र एक दशक लामो द्वन्द्वबाट सृजित गम्भीर संस्थागत प्रभावकारिता क्षयीकरणका कारण वर्तमान फौजदारी न्याय प्रणाली निकै कमजोर भएको छ । हजारौं मुद्दाहरू विभिन्न तहका अदालतमा फछ्र्यौट हुन नसकी थाँती रहेका छन् ।[१२] देशका ७५ वटै जिल्लाका दुर्गम स्थानमा रहेका धेरै मानिसका लागि न्यायमा पहुँच एउटा प्रमुख समस्याको रूपमा रहिआएको छ । यसलाई नीतिगत प्रणालीले थप जटिल बनाएको छ । आर्थिक तथा मानवीय स्रोतको अभाव, जवाफदेहीताको लागि प्रभावकारी प्रणाली नहुनु, जताततै भ्रष्टाचार, विभेद र शक्तिको दुरूपयोग बढ्नुले गर्दा प्रहरी प्रशासन कमजोर बनेको छ ।

अन्तर्राष्ट्रिय मानवअधिकारका सिद्धान्तका दृष्टिकोणले हेर्दा नेपालमा अपराध अनुसन्धानसम्बन्धी कानुनी संरचनाहरू निकै कमजोर छन् । सरकारी मुद्दासम्बन्धी ऐन १९९२ सामान्य प्रशासन ऐन १९७१, प्रहरी ऐन १९५५, सैनिक ऐन २००६, सार्वजनिक सुरक्षा ऐन १९८९, सोधपुछ आयोग ऐन १९६९, मुलुकी ऐन र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन १९७३ जस्ता कानुनहरूमा अपराध अनुसन्धानका विभिन्न विषयवस्तु र क्षेत्र एवम् विधिहरूको व्यवस्था गरिएको छ ।

यातना र बेपत्ता पार्ने कार्यलाई अपराधिकरण गर्न नेपालको न्याय प्रणाली असक्षम भएकोले मानवअधिकार उल्लंघनका पीडकहरूलाई सहयोग पुग्न गई दण्डहीनताले प्रश्रय पाएको हो । मारिएका र बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले फौजदारी अनुसन्धानको माग गर्दै प्रहरीसक्षम उजुरी दर्ता गराएका भए पनि नेपालको न्याय प्रणाली ती उजुरीहरूमा हालसम्म जवाफ दिन सफल भएको छैन । नेपाली सेना र माओवादीको डरले प्रहरी प्रशासनले प्रस्तावित सत्य निरूपण तथा मेलमिलाप आयोग गठन हुने हवाला दिँदै यस्ता उजुरीहरू दर्ता गराउन इन्कार गर्दै आएको छ ।[१३] यस्ता घटनाहरू प्रहरीमा दर्ता गरिहाले पनि कैयौं घटनामा अर्थपूर्ण अनुसन्धान गर्न र कानुनी प्रक्रियामा लैजान प्रहरी असफल भएको छ ।[१४] सम्बन्धित अधिकारी र अदालतका आदेशबाट दर्ता गराइएका प्राथमिक सूचना प्रतिवेदन (एफआईआर) मा अदालतका कैयौं आदेशहरूका बाबजुद पनि मानवअधिकार उल्लङ्घनका घटनाहरू अनुसन्धान गर्न प्रहरी-प्रशासनले अस्वीकार गर्ने गर्छ । यस्तो परिपाटीले स्वतन्त्र न्यायपालिकालाई गम्भीर चुनौती दिएको छ । एफआईआर दर्ता गर्न अस्वीकार गर्नुले नेपालको अन्तर्राष्ट्रिय कानुनप्रतिको दायित्व समेत उल्लङ्घन भएको छ । पीडितहरूलाई न्यायमा पहुँचबाट वञ्चित गरिनुले विधिको शासन तथा लोकतन्त्रिक मूल्य-प्रणालीको उपहास भएको छ भन्दा अत्युक्ति नहोला ।

**फौजदारी न्याय प्रणालीप्रति असहयोग**

विस्तृत रूपमा सार्वजनिक गरिएका घटनाहरूमा समेत नेपाली सेना र एनेकपा (माओवादी) ले गर्दै आएको असहयोग अहिले पनि कायमै छ । दोषी ठहऱ्याइएका पीडकहरूलाई अदालत र प्रहरीसमक्ष नबुझाएर सेना, प्रहरी र एनेकपा (माओवादी) ले फौजदारी न्याय प्रणालीलाई असहयोग गरेको छ ।[१५] सम्बन्धित अधिकारी तथा अदालतको आदेशमा एफआईआर दर्ता गराइएका घटनाहरू अनुसन्धान गर्न प्रहरीले अस्वीकार गरिरहेका उदाहरणहरू छन् । यस प्रकृतिका करिब १ सयओटा घटनाहरू विभिन्न प्रहरी कार्यालयहरूमा मुलतबिमा छन् । हिरासतभित्र व्यापक रूपमा यातना र दुर्व्यवहारका घटना हुनुले प्रहरी कानुनभन्दा माथि देखिन्छ । पीडकहरू निरन्तर न्यायलाई छलिरहेका छन् । यसको उल्टो उनीहरूमाथि लगाइएका मुद्दाहरू फिर्ता लिइएका छन् र पीडितहरूलाई नाम मात्रको क्षतिपूर्ति उपलब्ध गराइएको छ । सेना संलग्न रहेका मुद्दाहरू अनुसन्धान गर्न प्रहरीले देखाएको अनिच्छा, सरकारी बेवास्ता तथा आफ्नो कर्मचारीलाई नागरिक अदालतमा बुझाउन सेनाले खुल्लारूपमा गरेको अस्वीकारले राज्य संलग्न घटनाहरूको अनुसन्धान र दोषीहरूलाई कानुनी दायरामा ल्याउने कार्यमा बाधा पुगेको छ । त्यसैगरी माओवादीबाट भएका ज्यादतीका सम्बन्धमा

१२. नेपालको मानवअधिकार अवस्थाका सम्बन्धमा एसियालि कानुनी श्रोत केन्द्रद्वारा मानवअधिकार परिषद अन्तर्गत विश्वव्यापी आवधिक समिक्षाका लागि प्रस्तुत प्रतिवेदन, एसियालि कानुनी श्रोत केन्द, ५ जुलाई २०१०

१३. प्रधानमन्त्री पुष्पकमल दाहालदलाई ह्युम्यान राइटर्स वाचको पत्र, http//www.hrw.org/en/news/2009/03/09 letter-prime-minister-pushpa Kamal Dahal- Nepal

१४. मैना सुनार विरुद्ध काभ्रे जिल्ला प्रहरी कार्यालय, अर्जुन लामा विरुद्ध जिल्ला प्रहरी कार्यालय काभ्रे, सञ्जीव कुमार कर्ण विरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषा र अन्य

१५. सैन्य अधिकारीहरूले मेजर निरन्जन बस्नेतलाई काभ्रे जिल्ला अदालतले दिएको आदेश अनुसार काभ्रे जिल्ला अदालतमा बुझाउन अस्वीकार गऱ्यो । (विस्तृत जानकारीका लागि www.icj.org हेर्नुहोला) यसैगरी चितवन जिल्ला अदालतको आदेश नमान्दै एनेकपा (माओवादी) ले कालीबहादुर खामलाई चितवन जिल्ला अदालतमा बुझाउन अस्वीकार गऱ्यो ।

पनि यही प्रवृत्तिले अवरोध सृजना गरिरहेको छ। राजनीतिको अपराधीकरण र अपराधको राजनीतिकरणका कारण दण्डहीनताले यत्रतत्र सर्वत्र घर गरेको परिस्थिति सङ्क्रमणकालीन न्याय स्थापित गर्ने प्रयासका लागि सबैभन्दा ठूलो चुनौतिका रूपमा रहिआएको छ।

अहिलेसम्मका घटना र प्रकृतिहरू हेर्ने हो भने, सेनाले गैरन्यायिक हत्या, बेपत्ता र मानवअधिकार उल्लङ्घनका आरोपित आफ्ना अधिकृतहरूलाई बढुवा गर्दै रह्यो तर उनीहरूलाई कारवाही गरेको दावी गर्न भने छोडेन। खासगरी तोरणबहादुर सिंह[१६] लाई कार्यवाहक सेना प्रमुखमा गरिएको बढुवा निकै विवादास्पद रह्यो। माओवादीबाट संविधानसभामा निर्वाचित भएकाहरू पनि मानवअधिकार उल्लङ्घनका दोषीका रूपमा आरोपित छन् र उनीहरूमाथि प्रहरी अनुसन्धान भइरहेको छ।[१७] मैना सुनार हत्याकाण्डमा सेना मुख्यालयले गरेको बारम्बारको गैरकानुनी प्रयास तथा अविश्वसनीय विवरणले उसका मातहतका कर्मचारीलाई कानुनी कारवाही चलाउन बाधा पुऱ्यायो। सेना र रक्षा मन्त्रालयले आफ्ना संलग्न व्यक्तिलाई क्षमा दिएको कुरा सही ठहऱ्याउने प्रयास गऱ्यो, जुन आधारहीन सावित भयो। सेनाभित्रका व्यक्तिलाई कानुनी कारवाही गर्न सिफारिस नगर्न अथवा उनीहरूउपर अनुसन्धान नगर्न जोड तथा धम्की दिइएको, सैनिक इलाकाभित्र प्रवेश नदिएको, र सेनाले अनुसन्धानमा सहयोग नगरेको कुरा प्रहरीले भन्दै आएको छ। सरकार सेनाविरूद्ध कानुनी कारबाही चलाउन हिम्मतसम्म गर्न नसक्ने गरी कमजोर देखिएको छ।[१८]

**संस्थागत सुधारका लागि भेटिङ[१९] विधिको कमी**

गृहयुद्ध, निरङ्कुश शासन अथवा दुवैका कारणले उत्पन्न गरेको भए पनि कुनैपनि राजनीतिक सङ्क्रमणले देशमा न्यायपालिका, प्रहरी तथा सुरक्षा फौजजस्ता संस्थाहरूमा व्यापक सुधारका लागि गतिलो अवसर प्रदान गर्दछ। नेपालको वर्तमान परिप्रेक्ष्यमा भेटिङको अवधारणा सुरूआत गर्ने उपयुक्त अवसर आएको छ। नेपालको शान्ति प्रक्रियाले अङ्गिकार गरेको सङ्क्रमणकालीन न्याय सम्बन्धी विधिले यसलाई समावेश गरेको छैन। सशस्त्र द्वन्द्वको अवधिमा मानवअधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरूलाई छानबिन गर्नका लागि बृहत् भेटिङ कार्यक्रम शुरू गर्न, विभिन्न सोधपुछ आयोगहरूका प्रतिवेदनमा मुछिएका नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका व्यक्तिहरू पत्ता लगाउन र शान्ति स्थापनार्थ संयुक्त राष्ट्रसङ्घमा पठाइने सेनाका व्यक्तिहरूलाई भेटिङ गर्न यो विधि वा तरिकाले धेरै अवसर प्रदान गर्न सक्दछ।

कतिपय घटनाहरूमा सर्वोच्च अदालतले नेपाल सरकारलाई गम्भीर मानवअधिकार उल्लङ्घनमा संलग्न व्यक्तिहरूउपर अनुसन्धान गर्न तथा त्यस्ता घटनामा मुछिएका व्यक्तिहरूलाई सरकारी सेवाबाट निलम्बन गर्न आदेश दिएको थियो। तर, सरकारले विभिन्न सोधपुछ आयोगका प्रतिवेदनद्वारा दोषी ठहऱ्याइएका व्यक्तिहरूलाई बढुवा गरेको छ। गिरफ्तारीको आदेश जारी भएपछि पनि प्रहरी शङ्कास्पद व्यक्तिहरूको बारेमा चुप रहन चाह्यो र उल्टो आरोपितहरूलाई नै बल प्रदान गर्न उद्दत रह्यो। उदाहरणका लागि, आरोपितमध्येका एक, नेपाली सेनाका निरञ्जन बस्नेत[२०]लाई संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा पठाइयो। तर, संयुक्त राष्ट्रसङ्घले उनलाई डिसेम्बर २००९ मा स्वदेश फर्काइदिए पनि प्रधानमन्त्रीको आदेश विपरीत नेपाली सेनाले बस्नेतलाई प्रहरीसमक्ष बुझाउन इन्कार गऱ्यो। यस्तो अवस्थाका कारण शान्ति प्रक्रिया तथा सत्य, न्याय र परिपूरणसम्बन्धी पीडितको अधिकारमा गम्भीर आघात पुगेको छ।

यसरी नेपालको वर्तमान सङ्क्रमणकालीन अवस्था विभिन्न राजनीतिक उतार चढाव, राजनीतिक दलहरूको बदलिँदो प्राथमिकता, कमजोर राज्य, पर्याप्त कानुनी र संरचनागत क्षमताको अभाव आदिका कारण झन् झन् जटिल बन्दै गएको छ। विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उपयुक्त ढङ्गले सम्बोधन गर्ने र न्यायमा आधारित शान्ति स्थापनाका लागि पहल गर्नेतर्फ राज्यको असफलता जारी छ। यस्तो परिस्थितिमा मानवअधिकार रक्षकहरू, पीडित समुदायहरू र आम नागरिकहरूले सक्षम राज्यका लागि पहल गर्ने, राजनीतिक इच्छाशक्ति वृद्धि गर्न विभिन्न प्रयासहरू थाल्ने र विधिको शासनका पक्षमा तथा दण्डहीनताका विरूद्ध सक्रिय भूमिका निर्वाह गर्ने बेला आइसकेको छ।

*(लेखक : इन्सेक केन्द्रीय कार्यालयमा कार्यरत हुनुहुन्छ।)*

---

१६. तोरण बहादुर सिंह दसौं ब्रिगेड प्रमुख भएको बेला यसको एउटा बटालियन महाराजगञ्ज,काठमाडौंस्थित सैनिक क्याम्पमा सन् २००३ मा गैरकानूनी गिरफ्तार, यातना तथा कम्तिमा ४९ जना बन्दीलाई बेपत्ता पार्न संलग्न भएको आरोप लागेको छ।

१७. अर्जुन लामाको हत्यामा अग्नि सापकोटा संलग्न भएको आरोप लागेको छ। डिसेम्बर २००५ मा एनेकपा (माओवादी) का सदस्यहरूले लामालाई अपहरणपश्चात् हत्या गरेका थिए। बदला लिने डरले प्रहरीले उजुरी दर्ता गर्न अस्वीकार गऱ्यो। ठूलो संख्यामा आएका माओवादी सदस्यहरूले प्रहरी र लामाका नातेदारहरुलाई उजुरी दर्ता गर्न खोज्दा धम्क्याए। सर्वोच्च अदालतले अगष्ट ११, २००८ मा प्रहरीलाई ५ माओवादी सदस्य र १ केन्द्रीय समिति सदस्य विरुद्ध हत्याको मुद्दा दर्ता गराउन दिएको आदेश अनुसार अन्ततः काभ्रे प्रहरीले उजुरी दर्ता गऱ्यो। तर, यस सम्बन्धमा हालसम्म कुनै अनुसन्धान भएको छैन। उल्टै एनेकपा (माओवादी) का केन्द्रीय समिति सदस्यहरुले पत्रकार सम्मेलन गरी उक्त घटना हेरिरहेका मानवअधिकार रक्षकहरूलाई धम्की दिए।

१८. Nepal, Events of 2009, Human Rights Watch, http>//www.hrw.org/en/node/87397

१९. मानवअधिकार उल्लङ्घनमा संलग्न भएका सार्वजनिक पद धारण गरेका व्यक्तिहरु जो राज्यका लागि नै खतरा हुन्छन् तिनलाई सार्वजनिक सेवावाट निकाला गर्नु वा अलग राख्नु हो। यो सङ्क्रमणकालीन न्यायको महत्वपूर्ण रणनीतिमा पर्दछ र भविष्यमा हिंसा रोक्नका लागि र जवाफदेहिता सुनिश्चित गर्न बढी मात्रामा सुरक्षा निकाय र न्यायिक क्षेत्रसँग सम्बन्धित छ।

२०. सेनाको हिरासतमा रहँदा फ्रेबुअरी २००४ मा १५ वर्षीय मैना सुनारको यातनापछि हत्याको घटनामासंलग्न भएको आरोप लागेका।

# प्रकाश मानवअधिकार पुरस्कारबाट डा. अरूण बुढा सम्मानित




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा राजधानीको राष्ट्रिय सभागृहमा २०६७ साउन १६ गते १८औं प्रकाश स्मृति दिवस सम्पन्न भयो । नेकपा एमालेका स्थायी समिति सदस्य केपी शर्मा ओलीको प्रमुख आथित्यमा सम्पन्न उक्त कार्यक्रममा यस वर्षको प्रकाश मानवअधिकार पुरस्कार डडेल्धुरा लगायतका विकट जिल्लाहरूमा स्वास्थ्यसेवा पुऱ्याई रहनु भएका डा. अरूण बुढालाई सम्मान गरियो ।

देशको मानवअधिकार अवस्थाको सुधारकालागि अत्यन्तै चिन्तित एवम् क्रियाशील रहने अथक मानवअधिकार योद्धा तथा इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेको स्मृतिमा इन्सेकद्वारा २०५१ सालमा प्रकाश मानवअधिकार पुरस्कारको स्थापना गरिएको हो । मानवअधिकारको रक्षा र विकास जनताको सचेत जागरण र सङ्गठित आवाजबाट मात्र सम्भव छ भन्नु हुने मानवअधिकारकर्मी प्रकाश काफ्लेको वि.स. २०४९ साल साउन १६ गते थाई विमान दुर्घटनामा परी दुःखद निधन भएको थियो । ०५१ सालदेखि मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा विशेष योगदान पुऱ्याउने व्यक्तिलाई हरेक वर्ष प्रकाश मानवअधिकार पुरस्कार प्रदान गर्ने गरिएको छ । प्रकाश मानवअधिकार पुरस्कारको राशी नगद रू ५० हजारसँगै प्रशंसा-पत्र तथा इन्सेकको प्रतीक चिन्ह प्रदान गरिन्छ ।

प्रकाश मानवअधिकार पुरस्कार २०६६ बाट पुरस्कृत डा. अरूण बुढाको जन्म कुष्ठरोगपीडित पिता रघुवीर बुढा तथा माता पार्वती बुढाको कोखबाट २०३७ साल साउन ३० गते डँडेलधुराको टिम अस्पतालमा भएको थियो । डा. अरूणको बाल्यकाल कुष्ठरोगबाट पीडित मातापिताका साथै अन्य कुष्ठरोगीहरू सँग बितेको थियो जसलाई उनले बुबा, आमा, काका, काकी, हजुरबुबा, हजुरआमा आदि भनेर सम्बोधन गर्ने गर्दथे । उनीहरूले भोगिरहेका सामाजिक, सांस्कृतिक विभेद एवम् प्रताडना र सङ्घर्षसँगै उनको बालककाल बितेको थियो । समाजमा व्याप्त यिनै अन्धविश्वासबाट अपहेलित र अपमानित व्यक्तिहरूसँगको सामीप्यले उनलाई आफ्नो जीवनको लक्ष्य तय गर्न हौसला प्रदान गऱ्यो ।

गरिबी, अन्धविश्वास र चेतनाको अभाव भएको डडेलधुराको उग्रतारा माध्यमिक विद्यालयबाट एसएलसी र ललितपुरको पाटन बहुमुखी क्याम्पसबाट उनले आईएस्सी पास गरे । त्यसपछि चीनको सियाङ जियाओ तोङ विश्वविद्यालयबाट एमबीबीएस गरी समाजप्रतिको कर्तव्यबोध गरेर नेपाल फर्किएका यी कर्मयोगीले आफ्नो जन्मस्थल टीम अस्पताललाई नै साधनास्थलका रूपमा रोजे । जहाँबाट उनले कुष्ठरोगीहरू जस्तै अन्य रोगी एवम् दुःखीहरूको दुःखमा मलम लगाउने काम गरिरहेका छन् । देशको राजधानी काठमाडौंबाट निकै टाढा साथै हरेक कोणबाट वेवास्ता गरिएको दुर्गम जिल्ला डडेलधुरा मात्र नभइ त्यस्तै अन्य विकट जिल्लाहरूमा पनि उनले स्तरीय स्वास्थ्य सेवा दिने काम गरे । आवश्यकता अनुसार समयसमयमा विभिन्न जिल्लामा स्वास्थ्य शिविरको आयोजना गरी डा. अरूणले दुर्गम गाउँका आधारभूत स्वास्थ्यको अधिकारबाट वञ्चित, रोग, भोक, शोकग्रस्त क्षेत्रका बासिन्दालाई पनि स्वास्थ्यसेवा उपलब्ध गराउनमा पछि हटेका छैनन् ।

देशकै पिछडिएको क्षेत्रमा उज्यालो बाँड्दै हिँडेका डा. अरूण बुढा सम्पूर्ण नेपाली युवाका लागि प्रेरणादायी व्यक्तित्वका रूपमा स्थापित भएका छन् ।

आफ्नो जन्मथलोलाई अत्यन्तै माया गर्ने उनी शहर र विदेशको सुविधासम्पन्न बसाइ र अर्थोपार्जनलाई त्यहीं छोडेर दुःखी गरीब जनसाधारणको सेवामा लागेका डा. अरूण जीवनको आनन्द नै उनको पेशागत सीप र सेवा हो भन्ने ठान्छन् । ज्ञानलाई अर्थोपार्जनको साधनका रूपमा प्रयोग गर्ने चिन्तनबाट मुक्त भएर उनी आफ्नो आदर्शलाई व्यवहारमा प्रमाणित गर्न सफल भएका छन् । उनी सरहकै सीप र योग्यता भएका कयौं व्यक्तिहरू देशविदेशका सहरमा आयआर्जन गर्न गएका भएता पनि उनीहरू भैंm शहर र विदेशमा हराउने सपना उनले बुनेनन् । उनको आँखामा एउटै सपना छ- 'स्वस्थ र सुखी नेपालीको' नेपाल । बिरामीहरूको मुस्कान र मायालाई नै जीवनको आर्जन ठान्ने उनका लागि सेवा नै जीवनको ध्येय भएको छ ।

देशका कुनाकन्दरामा व्याप्त रोग, यसप्रति सरकारी अकर्मण्यताको उनले बाल्यकालमा नै अनुभव गरेका थिए । आधारभूत स्वास्थ्यबाट वञ्चितहरूको अवस्थाप्रति संवेदनशील भएर उनले समय-समयमा दुर्गम स्थानहरूमा स्वास्थ्य शिविर राखेर जनताको सेवा गर्दै आएका छन् । यस रोजाइले पिछडिएको क्षेत्रमा दरिएको सुदूरपश्चिमाञ्चल क्षेत्रका जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा दिलाइ रहेको छ । अन्धविश्वास र अशिक्षाका कारण समाजबाट मानवेतर जीवन बाँच्न बाध्य भएका मानिस पनि अरूसरह अधिकारसम्पन्न हुनुपर्छ भन्ने बाल्यकालदेखिको धारणालाई उनी निस्वार्थ व्यवहारमा उतार्न लागिपरेका छन् ।

# कम्लहरी मुक्ति र पुनर्स्थापनाको सवाल

कमैया मुक्तिको घोषणा भएको १० वर्ष पुगेको छ। २०५७ साल साउन २ गते शेरबहादुर देउवा सरकारले कमैया मुक्तिको घोषणा गरेको थियो। त्यस बेला हालको एकीकृत नेकपा (माओवादी) सशस्त्र सङ्घर्षमा थियो। २०६२ / ०६३ सालको ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलले राजाको शासन ढाल्यो। लोकतन्त्र स्थापना पछि भएको शान्ति सम्झौता पछि माओवादीको सशस्त्र संघर्षलाई पनि विधिवत अन्त्य गरिदियो। राजनीतिक दलहरूले संविधानसभाको निर्वाचन पछि जनअनुमोदित भएर आ-आफ्नो हैसियत बनाए। देश र जनताको हितमा धेरै अग्रगामी र प्रगतिशील व्यवस्था बनाउने बाचा बन्धन पनि गरिए। तर, मुक्त कमैया परिवारको थात बासको व्यवस्था गर्ने , सौंकी (ऋण) मिनाहा गर्ने, प्रभावकारी पुनस्थापनाको व्यवस्था गर्ने प्रतिवद्धता जाहेर गरिए पनि राजनीतिक अस्थिरता र सत्ताको खेलमा राजनीतिक दलहरू केन्द्रित हुँदा एक दशकमा पनि मुक्त कमैया पुनर्स्थापनाको सवाल राज्यको प्राथमिक सवाल बन्न सकेन। तीस हजारको सङ्ख्यामा रहेको कमैयाहरू मध्ये न्युनतम व्यवस्था गर्ने सन्दर्भमा अझै छ हजार बढी मुक्त कमैयाहरूलाई पुनःस्थापित गर्न नसकेको सरकारले स्वीकार गरेको छ।

पुनर्स्थापना भएका भनिएका मुक्त कमैयाहरू पनि थात बासको अनश्चितता, रोजगार, सीपमुलक तथा आयमुलक काम नपाएर अहिले पनि कष्टकर जीवन जिउन बाध्य छन्। गरीबी र अशिक्षाका कारण मुक्त कमैयाका बालबालिकाहरू गाउँ सहरमा बँधुवा बाल मजदुरी र कम्लहरी पेशा गर्न बाध्य छन्। सरकारबाट जमिन पाएका मुक्त कमैयाहरू अझैसम्म आफ्नो जग्गा पहिचान गरी झुप्रो बनाउन सकिरहेका छैनन्। राज्यले मुक्त कमैयाहरूलाई राहतको व्यवस्था गर्ने भने पनि उनीहरू राज्यबाट खासै राहत पाउन सकेका छैनन्। मुक्त कमैयाहरू स्वतन्त्र रूपमा जल, जमिन र जङ्गलको उपभोग गर्नबाट पनि वञ्चित छन्। उल्टै मुक्त कमैयाहरू आफूले पाएको जग्गा भोगचलन गर्ने क्रममा स्थानीय समुदाय तथा वन समितिबाट प्रताडित छन्।



सुशील चौधरी

**देशको राजनीतिक अस्थिरताका कारण जनताका जनजीविका र ज्वलन्त सामाजिक न्यायका क्षेत्रमा राज्यले ध्यान दिन सकेको देखिँदैन। सरकारी निकायको उदासिनता पनि एउटा कारण बनेको छ। तथाकथित शिक्षित र सहरवासी ठूलाबडाहरूको सामन्ती चिन्तनका कारण पनि कम्लहरी मुक्ति हुन नसकेको हो। भूमि र मुक्त कमैया हाल कृषि मजदूरहरूको अन्योन्याश्रित सम्बन्धका कारण पनि अभाव र गरिबीको फाइदा उठाएर मुक्त कमैया, भूमिहीन तथा सुकुम्वासी परिवारका बालबालिकालाई कमलहरीको रूपमा राखिरहेका छन्।**

नेपालबाट बँधुवा बालश्रम ऐन अनुसार निषेध गरिएपनि बधुवा बालश्रमिकको रूपमा कम्लहरी प्रथा विद्यमान छ। हुन त नेपाल सरकारले कम्लहरी मुक्तिको घोषणा पनि गरिसकेको छ। तर गरीबीको फाइदा उठाउँदै तथाकथित ठूला बडाहरूले आफ्नो क्षणिक स्वार्थ र बडप्पन देखाउन बालबालिकालाई कम्लहरी राखेका छन्। अहिले पनि मध्य तथा सुदूरपश्चिमका देशका ठूला सहरहरूमा कम्लहरीको रूपमा विशेष गरी थारू र अन्य समुदायका नाबालिकाहरू बालश्रमिकको रूपमा काम गरिरहेका छन्। बालबालिका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था एफ्एनसीका अनुसार मध्य तथा सुदूरपश्चिमका दाङ, बाँके बर्दिया, कैलाली र कञ्चनपुरका ४ हजार ६ सय ९५ जना बालबालिकाहरू बालश्रमिकको रूपमा काम गर्न बाध्य छन्। शिक्षाको अभाव, चेतनाको कमी, गरीबीका कारण थारू समुदायका धेरै जनाले पढ्ने लेख्ने उमेरका बालबालिकालाई अर्काको घरमा काम गर्न पठाउन बाध्य छन्। गरीबीको फाइदा उठाउँदै राम्रो विद्यालयमा पढाइदिने, खान लाउन दिने, गाउँमा अधिया बटैया जग्गा जोत्न दिने जस्ता प्रलोभनमा देखाइ बालबालिकालाई काममा लगाउने गरेका छन्।

बालश्रमिकको रूपमा रहेका बालबालिकाहरू माथि चरम श्रम शोषण हुनुको साथै यौन दुर्व्यवहार भइरहेको घटनाहरू आम सञ्चार माध्यमबाट सार्वजनिक भइरहेका छन्। दिनरात काममा लगाउने, पढ्न नपठाउने, सानो काम बिगार्दा समेत गाली गलौज र शारीरिक यातना दिने, योन शोषण गर्ने, पोषणयुक्त खाना नदिने, वेपत्ता पार्ने जस्ता अति घृणित

## लक्षित समुदायको तथ्याङ्कीय विवरण (श्रोत :एफएनसी)

कम्लहरीपठाएका परिवारिक स्थिति तथा जग्गा अनुसार तथ्याङ्क

| क्र.सं. | जिल्लाको नाम | कम्लहरी सङ्ख्या | कम्लहरी घर धुरी सङ्ख्या | पारिवारीक स्थिति | | | जग्गाको विवरण | | | अधिया कमाउने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ऐलानी वा सुकुम्वासी | किसान | मुक्त कमैया | १ कठ्ठा भन्दा कम | १० कठ्ठा भन्दा कम | ११ कठ्ठा भन्दा माथि | |
| १ | कैलाली | १९९६ | १७४७ | ६४५ | ४५९ | ६४३ | ४७९ | ९५२ | ३१६ | |
| | | | | | | | | | | |
| २ | बाँके | ३९१ | ३३७ | १२१ | १६० | ५६ | १२३ | ११२ | १०२ | १२६ |
| ३ | कन्चनपुर | ३९६ | ३२४ | ६७ | १४७ | ११० | ८३ | १८३ | ५८ | ९३ |
| | वर्दिया | १३९२ | ११९० | ४३५ | १४६ | ६०९ | २४८ | ६३० | ३१२ | |
| ५ | दाङ | ५२० | ५०० | | | | | | | |
| | | ४६९५ | ४०९८ | १२६८ | ९१२ | १४१८ | ९३३ | १८७७ | ७८८ | २१९ |
| कूल जम्मा | | | | ३५८९८ | | | ३५९८ | | | |

## उमेर तथा आम्दानी अनुसारको कम्लहरीतथ्यांक सूचि

| क्र.सं. | जिल्लाको नाम | कम्लहरी सङ्ख्या | कम्लहरीघर धुरी सङ्ख्या | उमेर मूह (वष) | | | बाषिक ज्यालाको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ५ वर्षदेखि १० वर्ष | ११ वर्ष देखि १५ | १६ वर्ष माथि | रू. ५०० देखि २००० | रू.२००० देखि ५००० | रू. ५००० माथि | विना ज्याला | पढाइ दिने | अधिया खेती बापत | थाहा नभएको |
| १ | कैलाली | १९९६ | १७४५ | २७७ | ११११ | ६०८ | १५८ | ५१९ | ७३० | २३७ | २०६ | ७३ | ४६ |
| २ | बाँके | ३९१ | ३३७ | ४७ | २२८ | ११६ | ३२ | ५१ | ११२ | ३४ | ११६ | ६ | ० |
| ३ | कन्चनपुर | ३९६ | ३२४ | ६८ | २३५ | ९३ | ३४ | ८९ | १२२ | ५८ | ९० | ० | ३ |
| ४ | वर्दिया | १३९२ | ११९० | १८१ | ८०३ | ४०८ | १९१ | २४८ | २६३ | २९५ | २८५ | ५४ | ५६ |
| ५ | दाङ | ५२० | ५०० | ५० | ३९५ | ७५ | २० | १२० | २५२ | ७ | ८६ | ३५ | |
| कूल जम्मा | | | | ४६९५ | | | ४६९५ | | | | | | |

तथा अमानवीय कार्य गर्ने गरेको पाइन्छ ।

मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र १९४८ ले कसैलाई दास बनाउने कुरालाई अस्वीकृत गरेको छ दशक बढी भइ सकेको छ । बालबालिका सम्बन्धी महासन्धिको धारा १९(१) ले भन्दछ "बाबुआमा, कानुनी संरक्षण गर्ने वा अन्य बालबालिकाको हेरचार गर्ने व्यक्तिको हेरचाहमा रहेको अवस्थामा बालबालिकालाई सबै किसिमको कुनै शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, उपेक्षित व्यवहार, र्दुव्यवहार वा शोषण वा यौन दुर्व्यवहार, समेतबाट बालकालिकालाई संरक्षण गर्न पक्ष राष्ट्रले सबै समुचित कानुनी, शासनिक, सामाजिक

**राजनीतिक दलहरूले संविधानसभाको निर्वाचन पछि जनअनुमोदित भएर आ–आफ्नो हैसियत बनाए । देश र जनताको हितमा धेरै अग्रगामी र प्रगतिशील व्यवस्था बनाउने बाचा बन्धन पनि गरिए । तर, मुक्त कमैया परिवारको थात बासको व्यवस्था गर्ने , सौंकी (ऋण) मिनाहा गर्ने, प्रभावकारी पुनस्थापनाको व्यवस्था गर्ने प्रतिवद्धता जाहेर गरिए पनि राजनीतिक अस्थिरता र सत्ताको खेलमा राजनीतिक दलहरू केन्द्रित हुँदा एक दशकमा पनि मुक्त कमैया पुनर्स्थापनाको सवाल राज्यको प्राथमिक सवाल बन्न सकेन ।**

## कम्लहरी पठाइएको स्थान अनुसारको तथ्याङ्क सूची

| क.सं. | जिल्लाको नाम | कम्लहरी सङ्ख्या | कम्लहरीघर धुरी सङ्ख्या | गाविस भित्र काम गर्ने | कैलाली जिल्ला दरमुकाममा काम गर्ने | कैलाली र राजधानी बाहेकका जिल्ला | राजधानीमा काम गर्ने | भारत | अन्य मुलुक | थाहा नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | कैलाली | १९९६ | १७४७ | ६३७ | ८३४ | २२५ | २६९ | २२ | ० | ९ |
| २ | बाँके | ३९१ | ३३७ | १०२ | १५३ | ४८ | ६० | २ | ० | २६ |
| ३ | कञ्चनपुर | ३९६ | ३२४ | १३८ | १२४ | ६७ | ५६ | ११ | ० | ० |
| ४ | बर्दिया | १३९२ | ११९० | ३२७ | ७२८ | १५६ | १६६ |  |  | १५ |
| ५ | दाङ | ५२० | ५०० |  | ३५४ | ६८ | ९५ | ३ |  |  |
| जम्मा |  | ४६९५ | ४०९८ | १२०४ | २१९३ | ५६४ | ६४६ | ३५ | ० | ५० |
| कूल जम्मा |  |  |  |  |  | ४६९२ |  |  |  |  |

वा शैक्षिक उपायहरू अपनाउने छन् ।" नेपाल यस महासन्धिको पक्ष राष्ट्र भएको दुइ दशक पूरा भइसकेको छ। त्यस अनुरूप नेपालले बालबालिका सम्बन्धी ऐन २०४८ र बालश्रम निषेध ऐन पनि जारी गरेको छ । राज्यले सन् २०१५ सम्ममा अर्थात अबको पाँच वर्षभित्र सबैकोलागि शिक्षाको लक्ष्य लिएको छ । नेपालको कानुनी व्यवस्था अनुरूप बाँधा श्रम र बाल श्रमलाई गैरकानुनी मानेको छ । १४ वर्ष मुनीका बालबालिकालाई काममा लगाउन नपाइने स्पष्ट कानुनी व्यवस्था हुँदा हुँदै हजारौंको सङ्ख्यामा बालबालिका जोखिमपूर्ण काम गर्न बाध्य छन् । त्यसमा पनि कम्लहरी बालिकाहरू जो परिवारको भूमि सम्बन्धका कारण अर्काको घरमा आफ्नो बालापनलाई जोखिममा राखेर आफ्नो परिवारको भरपेटका लागि काम गर्न बाध्य छन् । यसपालीको एसएलसी परीक्षामा बाँके, दाङ, सुर्खेत र बर्दियाबाट ३७ जना मुक्त कम्लहरी उतीर्ण भएपनि उच्च शिक्षा पढ्न नपाइने हो की भन्ने चिन्तामा छन् । नेपाल सरकारले कम्लहरी पुनस्थापनाका लागि १२ करोड बजेट विनियोजन गरेका सुन्नमा आएपनि कमलहरीहरूलाई 'आकाशको फल आँखा तरी मर' जस्तो भएको छ ।

देशको राजनीतिक अस्थिरताका कारण जनताका जनजीविका र ज्वलन्त सामाजिक न्यायका क्षेत्रमा राज्यले ध्यान दिन सकेको देखिँदैन । सरकारी निकायको उदासिनता पनि एउटा कारण बनेको छ । तथाकथित शिक्षित र सहरवासी ठूलाबडाहरूको सामन्ती चिन्तनका कारण पनि कम्लहरी मुक्ति हुन नसकेको हो । भूमि र मुक्त कमैया हाल कृषि मजदूरहरूको अन्योन्याश्रित सम्बन्धका कारण पनि अभाव र गरिवीको फाइदा उठाएर मुक्त कमैया, भूमिहीन तथा सुकुम्वासी परिवारका बालबालिकालाई कमलहरीको रूपमा राखिरहेका छन् । अब, आम समाजले पहिले जसरी कमैया वा हलिया राख्ने व्यक्तिलाई सामाजिक रूपमा तिरस्कार गरियो त्यसरी नै कम्लहरी राख्ने व्यक्ति माथि नैतिक र कानुनी प्रश्न उठाउन जरूरी छ। सरकारले पनि जिल्ला प्रशासन कार्यालय, महिला विकास शाखा, प्रहरी र अन्य सरकारी गैरसरकारी क्षेत्रका सरोकारवालाहरू सँग समन्वय गर्दै कम्लहरी मुक्ति अभियानलाई व्यवहारिक कार्यन्वयन गर्न विलम्ब गर्नु हुँदैन । यो समस्या वा सामाजिक कलङ्क सबै नेपालीको निधारमा लागेको छ। यस्तो अमानवीय कार्यको सधैका लागि अन्त्य गर्न आआफ्नो ठाउँबाट उठ्न आवश्यक छ । यस्तो महान् कार्यलाई फगत परियोजना बनाइनु हुँदैन । साझा सवालको रूपमा हातेमालो गर्नुपर्दछ ।

***(लेखक : मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जमा कार्यरत हुनुहुन्छ ।)***

**सरकारले पनि जिल्ला प्रशासन कार्यालय, महिला विकास शाखा, प्रहरी र अन्य सरकारी गैरसरकारी क्षेत्रका सरोकारवालाहरूसँग समन्वय गर्दै कम्लहरी मुक्ति अभियानलाई व्यवहारिक कार्यन्वयन गर्न विलम्ब गर्नु हुँदैन ।**



# मध्यपश्चिमाञ्चल विकास क्षेत्रका दुर्गम जिल्लाहरूमा खाद्यान्न उपलब्धता, वितरण र सङ्कट सम्बन्धमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) क्षेत्रीय कार्यालय नेपालगञ्जले गरेको अध्ययन/अनुगमन प्रतिवेदन



**पृष्ठभूमि :**

मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतका बाँके, बर्दिया, दाङ र सुर्खेत बाहेकका जिल्लाहरू खाद्यन्नमा परनिर्भर रहँदै आएका छन् । यस क्षेत्रका कतिपय जिल्लामा अझैपनि भरपर्दो यातायात सुविधा नभएका कारण हवाई सेवा मार्फत सरकारले राहत कोटाअनुसार खाद्यान्न उपलब्ध गराउँदै आएको छ। पैसा भएर पनि खाद्यान्न नपाउने नियति यस क्षेत्रका जनताले लामो समयदेखि भोग्दै आएका छन् । यहाँका जनताले वर्सेनी भोकमरी र खाद्यान्न सङ्कट भोग्दै आएको समाचार नौलो होइन । हवाइसाधनबाट ।रेर चामल खुवाउने प्रचलन संस्थागत ई जाँदा यहाँका जनताको खाद्य परनिर्भरता झनै चुलिँदै गएको छ। भौगोलिक विकटता, परम्परागत कृषि प्रणाली, गुणस्तरहीन बीउबिजन, औषधि, मल र सिंचाईको अभाव, प्रभावकारी अनुसन्धानको कमी, सरकारी उपेक्षा, परनिर्भरमुखी मानसिकता, युवा जनशक्तिको शहर र विदेश पलायन, विश्वव्यापी मौसम परिवर्तनको असर, ह्रासोन्मुख भूमिशक्ति, प्राकृतिक प्रकोप लगायतका कारण यस क्षेत्रका अधिकाङ्श जिल्लाहरूमा विगत वर्षहरूमा झैँ यस वर्षपनि खाद्यन्न सङ्कट सुरू भएको छ । खाद्यान्न अभावका कारण स्थानीय सर्वसाधारणको जनजीवन कष्टकर बन्दै गएको समाचारहरू विभिन्न सञ्चारमाध्यमहरूमा महत्वका साथ सार्वजनिक भइरहेका छन् । इन्सेक मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगञ्जले सम्बन्धित जिल्लाका इन्सेक प्रतिनिधिहरूको सहयोगमा खाद्यान्नको उत्पादन, ढुवानी प्रक्रिया, वितरण प्रक्रिया, प्राप्त गर्ने प्रक्रिया, सर्वसाधरणको पहुँच, सङ्कटका मुख्य कारण, समाधानका उपायहरू लगायतका विषयमा जिल्लाका उपभोक्ता र सम्बन्धित सरोकारावालाहरूसँग छलफल गरी सङ्कलित सूचनाको आधारमा यो प्रतिवेदन तयार पारेको हो ।

**अनुगमन गरिएका जिल्लाहरू :**

मध्यपश्चिमका १५ मध्ये ११ जिल्ला (जाजरकोट, कालीकोट, जुम्ला, हुम्ला, मुगु, डोल्पा, रोल्पा, सल्यान, दैलेख, रोल्पा र प्यूठान )

**अनुगमन विधि :**

इन्सेक क्षेत्रीय कार्यालय नेपालगञ्जले खाद्यान्न सङ्कटका विषयमा बन्द र खुल्ला (वस्तुगत र विषयगत) गरी २३ प्रश्नावली सहितको प्रश्नावली तयार गरेको थियो। प्रशनावलीमा आधारित रही सम्बन्धित जिल्लाका इन्सेक प्रतिनिधिहरूले आ-आफ्ना जिल्लास्थित खाद्य संस्थान कार्यालय, स्थानीय उपभोक्ता, जिल्ला कृषि विकास कार्यालय र अन्य सरोकारवाला निकायहरूसँग अन्तरवार्ता, सोधपुछ र छलफल गरी विवरण सङ्कलन गरेका थिए । सोही विवरणका आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

**जिल्लागत अवस्था :**

***मुगु***

नेपालको विकट र पिछडिएको अञ्चल कर्णालीको पनि कर्णाली भनेर चिनिने मुगु जिल्लामा २४ ओटा गाविस र ५१ हजार ३० जनसङ्ख्या रहेको छ । जनसङ्ख्याका आधारमा ११ हजार ५ सय ५० मेट्रिक टन खाद्यान्नको आवश्यक पर्ने मुगु जिल्लामा ९ हजार ५ सय १२ मेट्रिक टन मात्र खाद्यान्न उत्पादन हुने गरेको र जिल्लामा १ हजार ९ सय ८८ मेट्रिक टन खाद्यान्न अपुग भएको

## खाद्यान्न वितरण र सङ्कट सम्बन्धी तथ्याङ्कमा जिल्लागत विवरण :

| जिल्ला | खाद्यान्न कसरी प्राप्त गर्छन् | खरिद गर्दा तिर्नु पर्ने रकम | भण्डारण गरिने समयावधि | अपुग खाद्यान्न | आवश्यक खाद्यान्न | प्रति वर्ष उत्पादन |
|---|---|---|---|---|---|---|
| कालीकोट | श्रमदान र प्रत्यक्ष खरिद | प्रत्यक्ष प्रति केजी रू ५० | ६ महिना | १५,७३२ मेट्रिक टन | २९,०४३ मेट्रिक टन | १३,३११ मेट्रिक टन |
| रोल्पा | श्रमदान र प्रत्यक्ष खरिद | प्रत्यक्षमा ४० र श्रमदानमा ४५ | १ महिना | १३,६४८ मेट्रिक टन | ४९,३७२ मेट्रिक टन | ३५,७२४ मेट्रिक टन |
| हुम्ला | अनुदान | प्रति केजी ४० | कम्तीमा १ महिना | ५,६८५ मेट्रिक टन | ६,०७४ मेट्रिक टन | ३,८९ मेट्रिक टन |
| प्युठान | प्रत्यक्ष खरिद | प्रति केजी ३० | बढीमा ३ महिना | ३,६०० मेट्रिक टन | ४,८०० मेट्रिक टन | १२०० मेट्रिक टन |
| रूकुम | - | अनुदानमा ३०, श्रमदानमा २५, प्रत्यक्षमा ३६ | १ महिना | ५,००० मेट्रिक टन | २०,००० मेट्रिक टन | १५,००० मेट्रिक टन |
| सल्यान | प्रत्यक्ष खरिद | ३० प्रति केजी | | १०६३ मेट्रिक टन | २६,५६३ मेट्रिक टन | २५,५०० मेट्रिक टन |
| दैलेख | श्रमदान र प्रत्यक्ष | प्रत्यक्ष खरिद गर्दा २९ देखि ४९ सम्म | २ महिना | ७,८६८ मेट्रिक टन | ५०,२४५ मेट्रिक टन | ४२,३७७ मेट्रिक टन |
| जुम्ला | प्रत्यक्ष खरिद, अनुदान र श्रमदान | ४० देखि ४५ रूपयाँ | ६ महिना | ३५०० मेट्रिक टन | १३५०० मेट्रिक टन | १०,००० मेट्रिक टन |
| जाजरकोट | अनुदान र श्रमदान | अनुदानमा प्रति केजी ३१, श्रमदानमा ४ केजी चामल आधा केजी दाल | ६ महिना | ८,५०० क्विन्टल | १०, ००० क्विन्टल | १,५०० क्विन्टल |
| मुगु | अनुदान र श्रमदान | अनुदानमा मोटो चामल ३८ र मसिनो चामल ४४ | १ महिना | १,९८८ मेट्रिक टन | ११,५०० मेट्रिक टन | ९, ५१२ मेट्रिक टन |
| डोल्पा | अनुदान र श्रमदान | | १ महिना | २,२७१ मेट्रिक टन | ९,७१० मेट्रिक टन | ७,४३९ मेट्रिक टन |

*स्रोत : सम्बन्धित जिल्लाका खाद्य संस्थान*

जिल्लास्थित कृषि कार्यालयले बताएको छ। मुगु जिल्लामा नुनको पनि अभाव छ। चालु आर्थिक वर्षमा जिल्लामा २८ हजार ७५ क्विन्टल नुन छुट्याइएको छ। जनसङ्ख्याका आधारमा जिल्लामा ५ हजार क्विन्टल नुनको आवश्यकता पर्दछ।

मुगु जिल्लामा नेपाल खाद्य संस्थान, विश्व खाद्य कार्यक्रम र असल छिमेकी नामक सरकारी र गैर सरकारी निकायले खाद्यान्न वितरण गर्ने गरेका छन्। खाद्यान्न वितरण गाविस सचिव, प्रमुख जिल्ला अधिकारी र राजनीतिक दलका प्रतिनिधिहरूले गरेको सिफारिसका आधारमा हुन्छ। हाल मुगु जिल्लाका धिइ, नाथार्पु, जिमा, फोतु, हयाङ्लु, डोल्फु गाविसहरूमा खाद्यान्न सङ्कटको समस्या बढी देखिएको छ। त्यसैगरी किम्री, पुलु, माङरी, कोटडाँडा, सुकाडिक, कालै, धनै लगायतका २४ गाविसमा पनि खाद्यान्न सङ्कट रहेको छ। सात गाविस रहेको जिल्लाको कराना क्षेत्रमा आलु मात्र उत्पादन हुन्छ। खाद्य सस्थानले मन्सुली र जापानिज गरी दुई प्रकारको चामल वितरण गर्दछ। खाद्य संस्थानद्वारा वितरित जापनिज चामलका लागि सर्वसाधारणले ३८ र कर्मचारीले ४२ रूपैयाँ मूल्य तिर्नुपर्छ। त्यस्तै मन्सुली चामल सर्वसाधारणका लागि ४४ र कर्मचारीका लागि ५१ रूपैयाँमा वितरण गर्ने गरिएको छ। विश्व खाद्य कार्यक्रमले स्थानीय साझेदार संस्था मार्फत खाद्यान्न वितरण गर्छ। विश्व खाद्य कार्यक्रमको 'कामका लागि खाद्यान्न' कार्यक्रम मार्फत ४० दिन काम गरेपछि कामदारलाई १ सय ६० केजी चामल उपलब्ध गराइन्छ। हवाई यातायात नै

ढुवानीको एकमात्र विकल्प भएको कारण खाद्य ढुवानी अति नै महँगो पर्दछ।

खाद्य भण्डारका लागि नेपाल खाद्य संस्थानले १ सय ५० मेट्रिक टनका दुई गोदामहरू जिल्ला सदरमुकाममा राखेको छ। खाद्य संस्थानका अनुसार आपूर्ति र मागको आधारमा भण्डारण गर्ने गरिन्छ। खेतीयोग्य जमिन कमी हुनु, जमिनको उर्वरा शक्ति ह्रास हुँदै जानु, लामो खडेरी र वर्षाको समयमा अत्याधिक वर्षका कारण पहिरो जानु, स्थानीय खाद्यन्नको उत्पादन र प्रयोग कमी हुँदै जानु, जनसङ्ख्या बृद्धि हुँदै जानु र सरकारले वितरण गर्ने खाद्य कोटा प्रति वर्ष घट्दै जानुले खाद्यान्न सङ्कट झनै चुलिँदै गएको छ। विगत तीन वर्षदेखि मुगु जिल्लामा खाद्यान्न उत्पादनका लागि चाहिने आवश्यक पानी परेको छैन। जिल्लामा ०६४/०६५ मा सरकारले चामलको कोटा १३ हजार ३ सय २० क्विन्टल छुट्याएको थियो भने ०६५/०६६ मा १२ हजार ४ सय छुट्याएको थियो। त्यसैगरी ०६६/०६७ मा ९ हजार ७ सय मात्र छुट्टाएको छ। जिल्लामा जनसङ्ख्यामा बृद्धि हुदै गएको र स्थानीय उत्पादन घट्दै गएको अवस्थामा सरकारले कोटाको खाद्य पनि घटाउँदै जानाले समस्या झन बढिरेहको छ।

***हुम्ला***

हुम्ला जिल्लामा २७ गाविस र ४७ हजार २ सय २९ जनसङ्ख्या रहेको छ। वार्षिक करिब ३ सय ८९ मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको हुम्लामा वार्षिक ६ हजार ७४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने र आवश्यकमध्ये ५ हजार ६ सय ८५ मेट्रिक टन खाद्यान्न अपुग रहेको छ। यस जिल्लाका सर्वसाधारणले अनुदान मार्फत खाद्यान्न प्राप्त गर्दछन्। सरकारले खाद्य संस्थान मार्फत वार्षिक कोटा ९ हजार क्विन्टल खाद्यान्न उपलब्ध गराउँदै आएको छ। विश्व खाद्य कार्यक्रमले वार्षिक १ सय मेट्रिक टन चामल जिल्लाका २७ वटै गाविसमा उपलब्ध गराउँदै आएको छ। कामका लागि खाद्यान्न कार्यक्रम मार्फत विश्व खाद्य कार्यक्रमले खाद्यान्न वितरण गर्दछ। अनुदानमा प्राप्त खाद्यान्नलाई सर्वसाधारणले प्रति केजी ४० रूपैयाँ तिर्नुपर्छ। खाद्यान्न वितरण उपभोक्ता समिति मार्फत गरिन्छ। हुम्लामा यातायात सुविधा नभएकाले खाद्यान्न ढुवानीको माध्यम हेलिकप्टर, चौरी गाई, भेडा, घोडा आदि रहेका छन्। एकदिन काम गरे वापत सर्वसाधारणले ४ केजी खाद्यान्न पाउँछन्। जिल्लामा जनसङ्ख्या बढ्दै गएपनि खाद्यान्न उत्पादनमा बृद्धि भएको पाईदैन। सुख्खा मौसम, पाखोबारी, सिँचाई सुविधाको अभाव, प्राकृतिक विपति, परम्परागत कृषि शैली आदिका कारण जिल्लामा उत्पादन बढ्न नसकेको जिल्ला बाली संरक्षण अधिकृत उदयकान्त झाले बताए। खेती योग्य जमिन कमी, माटो सुहाउँदो बालीको चयन नहुनु, वैज्ञानिक कृषि प्रणालीको अभाव आदि जिल्लामा खाद्य निर्भरताका लागि चुनौतीहरू हुन्। कृषि क्षेत्रमा सर्वसाधारणको रूची कम हुँदै जानु, परनिर्भरता बढ्नु, कृषिमा लगानी कमी हुनु र सरकारी नीति प्रभावकारी नहुनु आदिका कारण पनि हुम्ला जिल्लामा खाद्य समस्या दीर्घकालीन रूपमा रहिरहने देखिन्छ।

***कालीकोट***

कालीकोट जिल्लामा २९ गाविस र १ लाख २१ हजार १ सय ८ जनसङ्ख्या रहेका छन्। यस जिल्लाका स्थानीयवासीहरूको जीविकोपार्जनको प्रमुख आधार कृषि नै हो। २९ हजार ४३ मेट्रिक टन खाद्यान्न आवश्यक हुने कालीकोट जिल्लामा १३ हजार ३ सय ११ मेट्रिक टन मात्र उत्पादन हुने गरेको छ। तथ्याङ्क अनुसार जिल्लामा १५ हजार ७ सय ३२ मेट्रिक टन खाद्यान्न अपुग छ। यस वर्ष पनि खडेरी र त्यसपछि आएको असिनाले बालिनाली नष्ट भएको हुँदा खाद्यान्न सङ्कट झनै बढ्ने खतरा रहेको छ। यतिबेला जिल्लाको खाद्य गोदाममा चामल स्टक भएपनि संस्थाद्वारा निर्धारित परिमाणमा मात्र खरिद गर्न पाइने नियमका कारण सर्वसाधारणले आवश्यकता अनसुसार चामल खरिद गर्न सकेका छैनन्।

सर्वसाधारण जनताले खरिद गर्दा प्रति केजी ५० रूपैयाँ रकम तिर्नु पर्दछ। यस जिल्लामा वितरण गरिने खाद्यान्नको स्तर मध्यम खालको हुने गर्दछ। केही व्यक्तिहरूलाई सहज भएपनि अधिकाङ्श सर्वसाधारण जनतालाई खाद्यान्न प्राप्त गर्न सहज छैन। जिल्लामा वितरण गरिने खाद्यान्न करिब ६ महिनासम्म भण्डारण हुने गर्दछ।

जिल्ला सदरमुकामस्थित नेपाल खाद्य संस्थानको गोदाममा चार हजार क्विन्टल चामल रहेपनि गाँउ-गाँउमा खाद्यान्न सङ्कट भएको छ। वर्सेनी भोकमरीको चपेटामा परिरहने पलाता क्षेत्र खिन, धौलागोह, थिपु नानिकोट र राम्नाकोटमा यो वर्ष पनि हिउँदेवाली असिना र खडेरीले नष्ट पारेपछि यहाँका वासिन्दाहरूले हाल खाद्यान्न सङ्कट भोग्नु परेको हो। "नेपाल खाद्य संस्थानले वितरण गर्ने खाद्यान्न पलाता क्षेत्रका पाँच गाविसको लागि १५ सय क्विन्टल चामल भएपनि त्यो सबैको पैसा एकमुष्ट बुझाए मात्र चामल पाउने नियमका कारण सर्वसाधरणले खरिद गर्न नसकेर सदरमुकाममा चामल भण्डारण गरिएको छ भने गाउँका जनतामा भोकमरी व्याप्त छ। खाद्य संस्थान कालीकोटका निमित्त प्रमुख



**फाइल फोटो : कालीकोट खाद्य कार्यालयमा खाद्यका लागि लागेको सर्वसाधरणको भीड।**

टेकप्रसाद रेग्मीका अनुसार यो वर्षको जम्मा कोटा ८ हजार ७ सय क्विन्टल चामल सबै ढुवानी भएर वितरण भइरहेको छ भने पलाता क्षेत्रलाई १५ सय क्विन्टल छुट्याइएको भएपनि एकमुष्ट रकम जम्मा गर्न नसक्दा कसैले लिन नपाएर समस्या भएको छ । निमित्त प्रजिअ मणिकुमार पोखरेल जिल्लामा १५ हजार ७ सय ३२ मेट्रिक टन खाद्यान्न आवश्यक रहेपनि राज्यले ८ हजार ७ सय क्विन्टलको मात्र व्यवस्था गरेकोले खाद्यान्न समस्या भइरहेको बताए ।

***जाजरकोट***

मध्यपश्चिमको विकट पहाडी जिल्लामध्ये जाजरकोट पनि एक हो । ३० गाविस रहेको यस जिल्लामा जनसङ्ख्या १ लाख ५४ हजार ९७ रहेको छ । सदरमुकाम खलङ्गासम्म सडक मार्गले छोएको भएतापनि भौगोलिक विकटताका कारण गाँउमा यातायात सेवा पुग्न सकेको छैन । जाजरकोटका ३० आटै गाविसमा खाद्यान्न समस्या देखिन्छ । जिल्लामा प्रतिवर्ष १० हजार क्विन्टल खाद्यान्नको आवश्यकता परेपनि सरकारले ४५ सय क्विन्टल मात्र खाद्यान्न निकासा गर्ने गरेको जिल्ला खाद्य संस्थानका वरिष्ठ सहायक डोलेश्वर निरौलाले बताए । मौसमी अनुकुलतामा निर्भर रहने जिल्लाको कृषि उत्पादनको कुनै निश्चितता हुन्न । जिल्लाभित्रको उत्पादनले मुस्किलले छ महिनाको मात्र माग पूरा गर्दछ ।

खाद्यान्न समस्या समाधानका लागि विश्व खाद्य कार्यक्रमले कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत चामल वितरण गर्दै आएको छ । डब्लुएफपीले आफ्ना साझेदार सस्था नेवा, डिप्रोक्स मार्फत सिंचाइ, पोखरी, विद्यालय बाटो निर्माण गर्दै आएको पाइन्छ । यसरी निर्माण कार्यमा संलग्न भए वापत स्थानीयबासीले प्रतिदिन ४ केजी चामल र आधा केजी दाल पाउँछन् । डब्लुएफपीको यस कार्यक्रमले अल्पकालीन रूपमा समस्या समाधानमा सहयोग पुऱ्याएको भएपनि यसले स्थानीयवासीमा परनिर्भरता बढाएको छ । खाद्य वितरण गर्ने परम्पराले गर्दा सर्वसाधरणको कृषि प्रतिको रुचि र स्थानीय उत्पादनको उपभोग गर्ने प्रचलनमा कमी ल्याएको छ । खाद्य सङ्कट कम गर्न विश्व खाद्य कार्यक्रमले काम गरेवापत खाद्यान्न वितरण गर्दै आएको छ भने खाद्य संस्थानले अनुदानमा खाद्यान्न वितरण गर्ने गरेको छ । भौगोलिक विकटता, कृषि उत्पादनयोग्य जमिनको कमि, परम्परागत कृषि शैली, माटो सुहाउदो बालीका विषयमा अनुसन्धानको कमी, प्रभावकारी सरकारी नीतिको अभाव आदिका कारण जिल्लामा खाद्यान्न सङ्कटले निरन्तरता पाउँदै आएको छ ।

***डोल्पा***

नेपालको सबैभन्दा ठूलो जिल्ला डोल्पामा ३३ गाविस छन् जसमा ०५८ को जनगणना अनुसार ३३ हजार ७ सय ३१ जनसङ्ख्या बसोवास गर्दछन् । जिल्ला कृषि विकास कार्यालय डोल्पाका अनुसार ७ हजार ४ सय ३९ मेट्रिक टन खाद्यान्न उत्पादन हुने डोल्पामा जनसङ्ख्याका आधारमा ९ हजार ७ सय १० मेट्रिक टन खाद्यान्न आवश्यक पर्छ । सो कार्यालयका अनुसार जिल्लामा २ हजार २ सय ७१ मेट्रिक टन खाद्यान्न अपुग रहेको छ । जिल्ला खाद्य संस्थान कार्यालय डोल्पाले जिल्लालाई भौगोलिक विकटताका आधारमा विभिन्न भागमा वर्गीकरण गरी खाद्यान्न वितरण गर्ने गरेको छ । जस अनुसार हिमाली क्षेत्र माथिल्लो डोल्पामा वर्षमा एक पटक खाद्यान्न वितरण गर्ने गरेको छ । तल्लो डोल्पामा गाईगाउँ, लिकु र सर्मे गरी तीन ठाउँमा खाद्य डिपोहरू रहेका छन् । तल्लो डोल्पामा रहेका ती डिपोले टेन्डर आह्वान गरी ठेकेदार मार्फत त्यस क्षेत्रका व्यक्तिहरूलाई खाद्यान्न वितरण गर्दछ । जिल्लामा वितरण गरिने खाद्यान्न कम्तिमा २० दिन भण्डारण गरिने गरिएको स्थानीयबासीले बताएका छन् । सदरमुकाम दुनै र जुफाल क्षेत्रका जनतालाई प्रत्येक घरमा कार्ड मार्फत खाद्यान्न वितरण गरिन्छ । सो क्षेत्रका गैरदलिततलाई एक जना बराबर तीन किलो र दलिततलाई एकजना बराबर ४ किलो चामल वितरण गरिन्छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिले १० किलो चामल पाउने गरेका छन् भने स्थानीय कर्मचारीले १० किलो र बाहिरका कर्मचारीहरूले १२ केजी चामल पाउने गरेका छन् । बढ्दै गएको जनसङ्ख्या, खेतीयोग्य जमिनको सीमितता, परम्परागत कृषि शैली, माटो सुहाउदो खेती र बीउविजन र सिँचाईको अभाव, प्राकृतिक प्रकोप, कृषि प्रति नयाँपुस्ताको अरुचि, परनिर्भरमुखी संस्कार आदि यस जिल्लामा खाद्य निर्भरताका चुनौतिहरू हुन् ।

***जुम्ला***

जुम्ला जिल्लामा ३० गाविस र १ लाख २ हजार ९१ जनसङ्ख्या रहेको छ । यस जिल्लामा उत्पादन हुने खाद्यान्नले ६ महिनासम्म मात्र जिल्लाको माग पूरा गर्ने र बाँकी ६ महिना विभिन्न सहयोगी संस्था र खाद्य संस्थानमा प्रत्यक्ष खरिद गरेर उपभोग गर्नुपर्ने अवस्था रहेको छ । पहुँचका आधारमा खाद्यान्न वितरण गरिनाले सर्वसाधारणले सहज रुपमा खाद्यान्न पाउँदैनन् । खाद्य संस्थानले जिल्लामा कोटा र कुपन मार्फत खाद्यान्न वितरण गर्दछ । खाद्यान्न वितरणको कुपन जिल्ला प्रशासन र गाविसको कार्यालय मार्फत उपलब्ध गराइन्छ । सर्वसाधारण जनता र कर्मचारीबीच खाद्यान्न मूल्यमा ७ रूपैयाँको फरक रहेको छ । कर्णाली राजमार्गमा यातायातका साधनहरू नियमित सञ्चालन नहुँदा हवाइजहाजबाट हुने महँगो ढुवानी खर्च यहाँका जनता तिर्न बाध्य छन् । जिल्लामा वितरण हुने खाद्यान्नको गुणस्तर राम्रो छैन । करिब ६ महिनासम्म खाद्यान्न भण्डारण गरिन्छ तर भण्डारण गर्दा वैज्ञानिक विधि अपनाइएको छैन । जिल्लामा हरेक वर्ष १० हजार मेट्रिक टन खाद्यान्न उत्पादन भएता पनि तीब्र जनसङ्ख्या वृद्धिका कारण बढीमा छ महिनासम्म मात्र त्यो उत्पादनले जिल्लाको माग पूरा गर्दछ । हाल खाद्य संस्थान शाखा कार्यालय जुम्लाको मूल्य दर अनुसार प्रति केजी मोटा चामल ३४, मसिनो चामल ४०, जापानी चामल ३५ रूपैयाँ रहेको छ । यो आर्थिक वर्षमा संस्थानले जिल्लामा ३१ हजार क्विन्टल थप खाद्यान्नको माग गरेको छ ।

***दैलेख***

एउटा नगरपालिका, ५५ गाविस र २ लाख ६० हजार ५ सय ६६ जनसङ्ख्या रहेको दैलेख जिल्लामा पूर्वतर्फका एकदर्जन र पश्चिमतर्फका डेढ दर्जन गाविसका बासिन्दाले प्रत्येक वर्ष खाद्यान्न सङ्कट भोग्दै आएका छन् । यस वर्ष पनि लामो खडेरी र असिना-पानीको असरले हिउँदेबाली उत्पादनमा कमी आएका कारण दैलेखमा ७ हजार ५ सय मेट्रिक टन खाद्यान्न अभावसँगै ४० हजार जनता भोकमरीको चपेटामा पर्ने देखिएको कृषि कार्यालयले जानकारी दिएको छ । जिल्ला कृषि विकास कार्यालय दैलेखले मौसम परिवर्तनसँगै जिल्लामा कृषि

उत्पादनमा आएको कमीका कारण २० गाविसमा प्रत्यक्ष र २५ गाविसमा अप्रत्यक्ष रूपमा खाद्य सङ्कटको सङ्केत देखिएको जनाएको छ ।

निमित्त कृषि विकास अधिकृत सुरेश थापाले सिँचाइ, रासायनिक मलको अभाव, रोगको रोकथाम र उपचार तथा अनुसन्धानमा कमी र जलवायु परिवर्तनका कारण जिल्लामा खाद्यान्न उत्पादनमा कमी आएको जानकारी गराएका छन् । कृषिमा निर्भर रहेका दैलेखका ९२ प्रतिशत जनता वर्षे बालीमा अत्याधिक पानी, किराले सताउने र हिउँदमा खडेरी र असिनाले गर्दा भित्र्याउने बेला भएको अन्नबाली तथा तरकारी नष्ट गरेपछि खाद्य सङ्कट भोग्न बाध्य छन् । यसवर्ष असिनापानी र हुरी बतासले दैलेखका अधिकाङ्श गाविसमा पाक्नै लागेको गहुँबाली नष्ट गरेको छ । अधिकृत थापाले जिल्लाका उत्तरीक्षेत्रका करिब १० गाविसका कृषकहरूले असिनाले गहुँ सखाप पारेको निवेदन सहित कार्यालयमा जानकारी दिएको बताए । हाल गाँउमा रहेका कृषि प्राविधिकहरूले क्षतिको अनुमानित विवरण सङकलन गर्न थालेको कृषि कार्यालयले जनाएको छ ।

दैलेख जिल्लाको ४३ हजार १ सय २१ हेक्टर खेतीयोग्य जमिनमध्ये ३४ हजार ४ सय ९७ हेक्टरमामात्र खेती गरिन्छ । जसमा ४२ हजार ३ सय ७७ मेट्रिकटन खाद्यान्न उत्पादन हुन्छ । जिल्लालाई आलु, तरकारी, सुन्तला र खाद्यान्न गरी चार पकेट क्षेत्रमा विभाजन गरिएको अधिकृत थापाले जनाए । जिल्लामा यसै आर्थिक वर्षभित्र ठूला-साना गरी ३१ वटा सिंचाई आयोजनाको निर्माण कार्य पूरा हुने बुझिएको छ । गरीबी र बढ्दो खाद्य सङ्कटको अवस्थालाई आधार मानेर विश्व खाद्य कार्यक्रम र युरोपियन [illegible]नले स्थानीय गैर सरकारी संस्थामार्फत [illegible]द्यान्न सहयोग उपलब्ध गराउँदै आएका छन् ।

**रोल्पा**

रोल्पा जिल्लाका ५१ गाविसमा २ लाख ३४ हजार ३८ जनसङ्ख्या रहेको छ । जिल्लाभित्रको उत्पादनले करिब ६ महिनासम्म मात्र जिल्लावासीलाई खान पुग्ने रोल्पाका अधिकाङ्श किसानहरू आकाशे पानीको भरमा गरिने खेतीमा निर्भर छन् । जिल्लाको मुख्य वर्षे वाली मकै भएकाले मकै उत्पादनमा कमी आएको वर्ष जिल्लामा खाद्य सङ्कट अलि बढी हुने गर्छ । साउन-भदौ महिनापछि रोल्पाका केही क्षेत्रमा खाद्यान्न समस्या सुरू हुने अनुमान गरिएको छ । यद्यपि गाउँमा खाद्यान्न अभाव भएता पनि खाद्यान्नका लागि सदरमुकाममा आएर लाइन बस्नुपर्ने अवस्था रोल्पामा छैन । सदरमुकाम नजिकका गाविसका जनता सहुलियत दरको चामल किन्नका लागि खाद्य संस्थानमा आएपनि टाढाका स्थानीयवासीहरू सदरमुकाममा आउन खर्चिलो हुने भएकाले नजिकको बजारबाट चामल किनेर खाद्यान्न समस्या टार्ने गर्दछन् ।

विश्व खाद्य कार्यक्रम (डव्लुएफपी) का अनुसार रोल्पामा वार्षिक ४७ हजार मेट्रिक टन खाद्यन्नको माग भएपनि जिल्लामा २५ हजार मेट्रिक टन मात्र उत्पादन हुने गर्दछ । बैदेशिक रोजगारीमा गएका युवाहरूबाट मासिकरुपमा करिव २ करोड रूपैयाँ बराबरको रेमिटेन्स भित्रिनाले जिल्लाको आर्थिक अवस्थामा टेवा पुगेको छ । महँगो मूल्य तिर्नुपर्ने वाध्यता भएता पनि खाद्यान्न नै नपाउने समस्या भने जिल्लामा देखिँदैन । नेपाल खाद्य संस्थान रोल्पा शाखाका अनुसार जिल्लामा ५ हजार क्विन्टल चामलको कोटा रहेको छ । निर्धारित कोटामध्ये सदरमुकाम बाहिर घर्तीगाउँ गाविसमा ५ सय क्विन्टलको डिपो छ भने सदरमुकामको खाद्य संस्थानको गोदामबाट ४ हजार ५ सय क्विन्टल चामल बिक्री वितरण हुने गरेको छ ।

जिल्लामा अनुदानमा खाद्यान्न वितरण गर्ने कुनै निकाय छैन । खाद्य संस्थानले बजार मूल्य भन्दा केही कममा मूल्यमा खाद्यान्न बिक्री गर्ने गर्दछ । यस वर्ष हालसम्म लिवाङबाट ३ हजार २ सय २२ क्विन्टल चामल र घर्तीगाउँबाट २ सय ५० क्विन्टल चामल बिक्री भइसकेको र अव दुई महिनामा बाँकी चामलले पुग्ने अनुमान गरिएको खाद्य संस्थान रोल्पाका कार्यालय प्रमुख श्यामकुमार रेग्मीले बताए ।

**रूकुम**

रूकुम जिल्लामा ४३ गाविस रहेका छन् जसमा ०५८ को जनगणना अनुसार २ लाख १५ हजार २ सय ७० जनसङ्ख्या रहेका छन् । जिल्लामा १५ हजार मेट्रिक टन खाद्यान्न उत्पादन हुने गरेको छ । जनसङ्ख्याका आधारमा जिल्लामा २० हजार मेट्रिक टन खाद्यान्नको आवश्यता पर्दछ । जिल्लाभित्र हुने उत्पादनको अलवा थप ५ हजार मेट्रिक टन खाद्य जिल्लामा आवश्यक रहेको छ । विगतमा मोटर बाटो नहुँदा ढुवानीका कारणले समेत खाद्यान्न समस्या हुने गरेको रूकुममा हाल यातायात सहज भएकाले खाद्य समस्या कम भएको छ । जिल्लाका सर्वसाधारणले खाद्यान्न खरिद गर्दा अनुदानमा प्रति केजी ३०, श्रमदानमा प्रति केजी २५ र प्रत्यक्ष खरिद गर्दा ३६ रूपैयाँ भुक्तानी गर्नुपर्दछ । जिल्लामा अनुदानमा खाद्यान्न वितरण गर्दै आएको खाद्य संस्थानले हप्तामा एक पटक चामल र तेल वितरण गर्ने गरेको छ भने कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत विश्व खाद्य कार्यक्रमले उपभोक्ताहरूले कार्य सम्पन्न गरेपछि स्थानीय साझेदार संस्थामार्फत खाद्य वितरण गर्छन् । खाद्यान्न सङ्कट भएका गाविसहरूको छनौट गरी खाद्य वितरण गरिँदै आएको छ । खाद्य संस्थानले ठेक्का टेण्डर आह्वान गरी ठेकदार मार्फत गाविसमा रहेका खाद्य डिपोमा खाद्यान्न पुऱ्याइ उपभोक्ताहरूलाई वितरण गरिन्छ । विश्व खाद्य कार्यक्रमले कामका लागि खाद्यान्न कार्यक्रम अन्तर्गत आउने चामल उपभोक्ताहरूले कार्य सम्पन्न गरेपछि स्थानीय साझेदार संस्थाले सम्बन्धित कार्यक्रम क्षेत्रमा ढुवानी गरी कार्यक्रममा लाभान्वित उपभोक्ताहरूलाई भेला गराई रासन कार्ड अनुसार खाद्यान्न वितरण गरिन्छ । जिल्ला भित्रिएको चामल सुविधा अनुसार खच्चर, टयाक्टर र मानिसमार्फत सम्बन्धित गाउँहरूमा पुऱ्याइन्छ । दाङको तुलसीपुरदेखि रूकुमसम्म प्रति के.जी. ६ रूपैयाँ र सदरमुकामबाट अन्य गाविसहरूमा दुरी हेरेर प्रति के.जी. २ रूपैयाँदेखि ३० रूपैयाँसम्म ढुवानी वापत खर्च लाग्दछ ।

**सल्यान**

सल्यान जिल्लामा ४७ गाविस रहेका छन् । जसमा ०५८ को जनगणना अनुसार २ लाख ४२ हजार ५ सय ९९ जनसङ्ख्या रहेका छन् । जिल्लाभित्र २५ हजार ५ सय ५० मेट्रिक टन खाद्यान्न उत्पादन हुने सल्यानमा जनसङ्ख्याका आधारमा १ हजार ६३ मेट्रिक टन खाद्यान्न अपुग रहने गरेको छ । जिल्लामा २६ हजार ५ सय ६३ मेट्रिक टन खाद्यान्न आवश्यक रहेको जिल्ला कृषि विकास कार्यालयले जनाएको छ । यस जिल्लामा खाद्यान्न वितरणसम्बन्धी काम गर्ने

कुनै पनि निकाय रहेका छैनन् । जिल्लामा खाद्यान्न आपूर्ति निजी क्षेत्रबाट नै हुने गरेको छ । बढ्दै गएको जनसङ्ख्या, परम्परागत कृषि शैली, जनशक्तिको विदेश पलायन, सिँचाईको अभाव, गुणस्तरीय बीउविजन र किटनाशक औषधिको र व्यवसायिक खेतीपातीको अभाव लगायतका कारण जिल्लामा अपेक्षितरूपमा खाद्य सङ्कट कमी हुन सकेको छैन ।

***प्यूठान***

प्यूठान जिल्लाका ४९ गाविसमा २ लाख ४२ हजार ५ सय ७४ जनसङ्ख्या रहेका छन् । जिल्लाको लागि आवश्यक खाद्यान्नमध्ये करिब ३० प्रतिशत खाद्यान्न मात्र जिल्लामा उत्पादन हुने र बाँकी ७० प्रतिशत खाद्यान्न अन्य जिल्लाबाट आयात हुने गरेको छ । जिल्ला सदरमुकाम लगायत केही गाविसहरूमा यातायातको सुविधा भएपनि ग्रामीण भेगका अधिकाङ्श गाविसहरूमा यातायातको सुविधा नभएको कारण ढुवानीमा समस्या रहेको छ । अनुमानित ४८ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने यस जिल्लामा वार्षिक १२ हजार मेट्रिक टन खाद्यान्न मात्र उत्पादन हुने गर्छ । उपरोक्त तथ्याङ्क अनुसार जिल्लामा ३६ हजार मेट्रिक टन खाद्यान्न अपुग छ। यस जिल्लामा सर्वसाधारणहरू प्रत्यक्षरुपमा व्यापारी मार्फत खाद्यान्न खरिद गर्दछन् । प्यूठानमा खाद्य संस्थानद्वारा खाद्यान्न वितरण गरिँदैन । बढ्दै गएको जनसङ्ख्या, खेतियोग्य जमिनमा बिस्तार हुँदै गएको मानव वस्ती, परम्परागत कृषि प्रणाली, आवश्यक कृषि अनुसन्धानको अभाव, गुणस्तरीय मल, बीउ विजन, र औषधीको अभाव आदि यस जिल्लामा खाद्य निर्भरताका चुनौतीहरू हुन् ।

***सुझाव/सिफारिस***

- परम्परागत कृषि प्रणाली परिवर्तन गरी वैज्ञानिक प्रणालीद्वारा खेती गरिनुपर्ने ।
- कृषि सामग्री बीउ विजन र मल औषधीमा राहत उपलब्ध गराइनुपर्ने ।
- गुणस्तरीय बीउ विजन, औषधी र मलको व्यवस्था हुनुपर्ने ।
- माटो सुहाउँदो बाली नाली, फलफूल र तरकारीको व्यवसायिक खेती गरिनु पर्ने ।
- सडक र सिँचाइलाई विशेष प्राथमिकतामा राख्दै ती क्षेत्रमा लगानी बृद्धि गर्नुपर्ने ।
- युवा जनशक्तिलाई स्थानीय स्तरमा नै अवसरको सृजना गरी उनीहरूको विदेश पलायनलाई रोक्नुपर्ने ।
- जिल्लामा खाद्यान्न वितरण गर्ने सरकारी तथा गैरसरकारी र अन्तराष्ट्रिय सङ्घ-संस्थाहरूको नियमन गरिनुपर्ने ।
- खाद्यान्न ढुवानी र वितरण प्रक्रियामा राजनीतिक हस्तक्षेपको अन्त्य गरिनुपर्ने र सर्वसाधरणको खाद्य प्राप्तिमा सहज पहुँच गराउनुपर्ने ।
- जिल्लामा वितरण गरिने खाद्यान्नको गुणस्तर जाँच हुनुपर्ने र अन्य प्रक्रिया पनि पारदर्शी हुनुपर्ने ।
- खाद्यको भण्डारण प्रक्रिया वैज्ञानिक हुनुपर्ने ।
- जथाभावी बाटो खन्ने कार्यले पनि पहिरो जाने समस्या बढेकाले इन्जिनियरिङ अध्ययनको आधारमा मात्र सडक खन्ने काम गरिनुपर्ने ।
- प्राकृतिक वातावरणलाई सन्तुलन कायम राखी प्रकोपबाट जोगिनका लागि वन जङ्गल फडानीलाई रोकथाम गरी नयाँ वृक्षारोपण कार्यलाई प्राथमिकता दिनु पर्ने ।
- स्थानीय उत्पादनको उपभोगलाई प्रोत्साहन गरिनुपर्ने ।
- ओसारेर चामल खुवाउने प्रचलनलाई अल्पकालीन र आपतकालीन राहतको रूपमा लिई यसलाई न्युनीकरण गर्दै लैजानुपर्ने ।
- चामल लगायतका खाद्यान्नलाई जाँड रक्सी बनाउने प्रचलनलाई निरूत्साहित गरिनुपर्ने ।
- सङ्कटग्रस्त क्षेत्रमा खाद्यान्न वितरण गर्ने सरकारी, गैरसरकारी तथा अन्तर्राष्ट्रिय संस्थाहरूकाबीच प्रभावकारी समन्वय हुनुपर्ने ।

***निष्कर्ष :***

मध्यपश्चिमाञ्चल विकास क्षेत्रका डोल्पा, मुगु, हुम्ला, कालीकोट, रोल्पा, प्यूठान, दैलेख, जाजरकोट, रूकुम र जुम्ला जिल्लामा खाद्यान्न सङ्कटको समस्या भएको पाइयो । ती जिल्लाहरूमा जनसङ्ख्या वृद्धि हुँदै जानु, खाद्यान्न उत्पादन न्यून हुनु, अत्याधिक वर्षा र लामो खडेरी हुनु, असिनाले बालीनाली नष्ट गर्नु, खेती योग्य जमिनको कमी हुनु, आकाशे पानीको भरमा खेती हुनु, आवश्यक समयमा वर्षा नहुनु, परम्परागत कृषि प्रणाली कायम रहनु, कृषिका विषयमा अनुसन्धानको कमी हुनु, व्यवसायिक खेती नहुनु, माटो सुहाउँदो बीउ बिजन नहुनु, सडक सुविधा नहुनु, ढुवानी खर्च महँगो हुनु, ठेकेदारी प्रक्रियामा राजनीतिक हस्तक्षेप हुनु, कृषि प्रति नयाँ पुस्ताको रूचि कम हुँदै जानु, स्थानीय उत्पादनको उपभोग गर्ने चलनमा कमी आउनु, समस्या समाधानका दीर्घकालीन उपायमा सरकारी ध्यान नजानु र स्थानीयवासीहरू परनिर्भरमुखी बन्दै जानुले खाद्यान्न सङ्कट बढ्दै गएको पाइयो । खाद्यान्न सङ्कट भएका अधिकाङ्श जिल्लाहरूमा स्थानीय उत्पादनले ६ महिना मात्र खान पुग्ने गरेको पाइयो । सङ्कटग्रस्त क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संस्थाले चलाउँदै आएको कार्यक्रमले अल्पकालीन वा आपतकालीन राहत सेवामा धेरैथोरै टेवा पुऱ्याएको भएपनि समस्या समाधानका लागि दीर्घकालीन र प्रभावकारी नीति लागू गर्न नसकेको पाइयो । तसर्थ, सरकारी तथा गैरसरकारी दातृ निकायले राहत स्वरूप खाद्य वितरण कार्यलाई निरन्तरता दिँदै सम्बन्धित क्षेत्रका जनतालाई आत्मनिर्भर बनाउनका लागि सिँचाइको व्यवस्था गर्नुपर्ने, गुणस्तरीय बिउविजन र माटो सुहाउँदो बाली नालीको व्यवस्था गर्नुपर्ने, आधुनिक खेतीप्रणाली अपनाउने व्यवस्था गर्नुपर्ने, नयाँपुस्तामा कृषि प्रति अभिरुचि बढाउन व्यवसायिक कृषि प्रति आकर्षित गर्नुपर्ने, महँगो ढुवानी खर्च कम गराउन सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने, स्थानीय उत्पादनको उपभोगलाई बढवा दिनुपर्ने र खाद्य वितरण शैलीलाई पनि वैज्ञानिक बनाउनु पर्ने देखिन्छ । अन्यथा हवाइजहाजमा दाल, चामल र नुन ओसारेर सर्वसाधारणको समस्या टार्ने परम्परागत राहत वितरण शैलीले स्थानीय जनतालाई थप परनिर्भर बनाउने, स्थानीय कृषि उत्पादनमा थप ह्रास हुँदै जाने र सर्वसाधरणलाई भातको सौखिन बनाउने सिवाय अन्य उपलब्ध नहुने निश्चित छ । तसर्थ सङ्कटग्रस्त जिल्लाका वासिन्दाहरूलाई माछा खान भन्दा पनि माछा मार्ने कलाद्वारा प्रशिक्षित गराउन सक्नु नै समस्याको दीर्घकालीन समाधान हुनसक्छ ।

***(प्रतिवेदक : बालकृष्ण बस्नेत र नारायण सुवेदी)***

# राज्य र माओवादीले नसुनेको माओवादी लडाकुहरूको पीडा

पन्ध्र वर्षको अल्लारे उमेर । मुलुकको परिवर्तन गर्ने चाहना । सामन्ती संस्कारलाई निर्मुल गर्ने अभिलाषा पनि । मुलुकमा जनताको शासन सञ्चालन गर्ने छुट्टै धोको । छ वर्ष युद्धमा भोग्नु परेको दुःख र पीडा बेग्लै । हृदयविदारक घटनामा होमिनु पर्दाको क्षणको त झन सम्झना नै गर्न नसकिने । यस्तै चाहना, अभिलाषा र धोको पूरा गर्न माओवादी सेनामा लागेकी एक युवती अहिले भने माओवादी शिविरमा छैनन् । उनीसँग अहिले न माओवादी सेनामा प्रवेश गर्दाको झैं जोश जाँगर नै छ । नत माओवादी सेना र पार्टीसँग समेत सम्पर्क नै । चार वर्ष अघि शिविर छोडेकी ती युवती अहिले छुट्टै संसारमा जीवन बिताइरहेकी छिन् । सुर्खेतको छिन्चु गाविस-९ तालबारीको डेरा कोठामा । जनयुद्धको क्रममा गुमाएको बाँया हात उपहारका साथ । उनलाई हात गुमेकोमा खासै पछुतो भने छैन । तर माओवादी सेना र पार्टीले नै खोजी नगरेकोमा भने उनलाई पीडा छ । त्यसरी नै नियमित उपचार नपाउँदा गुमेको हात क्यान्सर हुने चिन्ताले पनि । उनी भन्छिन् " आधा शरीर र जीवन जनयुद्धलाई सुम्पियो, अहिले कसैले खोजी गर्दैनन, मैले चुकाएको मुल्यको त कुरै नगरौं, चाहिंदाको भाँडा र नचाहिंदाको ठाँडा जस्तो भयो मेरो जीवन..................................।

जनयुद्धको क्रममा अङ्भङ्ग भइ शिविर छाड्ने सल्यान ह्याङ गाविस-२ की वसन्ती परियार एक्ली भने होइनन् । उनले स्वेच्छाले शिविर छाडेकी पनि होइनन् । एक जना कमाण्डरसँग भएको विवादको कारण शिविर छोड्न बाध्य भएकी हुन्, उनी । उनीजस्ता दुईदर्जन अङ्गभङ्ग भएका माओवादी लडाकुहरू अहिले शिविर बाहिर यसरी नै जीवन बिताइरहेका छन् । अर्काको सहारामा । आफ्ना सपनाहरू अधुरै छोडेर । दशरथपुरस्थित छैठा डिभिजन र त्यस मातहतका गरी कूल २ हजार ८ सय माओवादी लडाकुहरू मध्ये इन्सेकको तथ्याङ्कका अनुसार २ सय भन्दा बढी अङ्गभङ्ग छन् । घाइते एक हजार ४ सय भन्दा बढी । अङ्गभङ्ग भई शिविरमा बसेकाहरूले जीवन गुजारा गर्ने आधार नपाएका भने होइनन् । तर त्यो उनीहरूको लागि सबैथोक होइन । सेना समायोजनमा नपर्ने उनीहरूमा ठुलो चिन्ता छ । यता अयोग्य, आफुखुसी तथा शिविर छोड्न बाध्य बनाइएका त्यस्ता माओवादी लडाकुहरू भने यसबाट विमुख छन । घर न घाटको अवस्थामा जीवन गुजारा गर्नु बाहेक, उनीहरूसँग विकल्प पनि छैन ।

यसो त दैलख कालभैरव गाविसका यामबहादुर अधिकारीको अवस्था पनि कम्तीको नाजुक छैन । अनमिनको प्रमाणीकरणबाट अयोग्य भई शिविर छोडेका अधिकारी पनि अहिले अर्काको सहारामा जीवन गुजारा गरिरहेका छन् । जनयुद्धको क्रममा घाइते भई कम्मरदेखि मुनिको पुरै भाग नचल्ने भएका उनी अहिले घरपरिवारको बोझ मात्र बनेका छैनन् । यस्तो बोझ हुनुपरेकै कारण चिन्ताले सताएको छ, उनलाई । सुर्खेतको रामघाट गाविस– ८ का शंकर रानाको अवस्था पनि उस्तै छ । अङ्गभङ्ग भई आफूजस्ता दुईदर्जन भन्दा बढी शिविर बाहिर बसेका लडाकुहरूको अवस्थाको चित्रण गर्दै वसन्ती भन्छिन् " अहिले हामीले जनयुद्धमा गोली लागेर ढल्नु पर्दाको भन्दा पनि ठुलो पीडा सहेर बस्नु परेको छ, मजदुरी गरेर खाने समेतको शारीरिक अवस्था नहुँदा घरपरिवारको छिछि र धुर धुरमा बस्नुपर्दाको पीडाको त कुरै नगरौं" । शिविर छोड्न बाध्य हुनाको कारण खुलाएमा यो भन्दा पनि अझ विजोग अवस्थामा जीवन बिताउन आफू बाध्य हुने वसन्तीको भनाइले उनको भित्री वेदना भने फरक छ भन्न सकिन्छ ।

सशस्त्र युद्धमा हातखुट्टाको औंला गुमाउने मात्र होइन, शरीरको आधा भाग गुमाउनेको सङ्ख्या पनि कमी छैन् । कतिपयको दुवै खुट्टा गुमेका छन त कतिको दुवै हात । त्यस्तै दाँत, कान र आँखा गुमाउनेहरू पनि । टाउकोमा गोली लागेको कारण मानसिक सन्तुलन गुमाएकाहरूको पीडा बेग्लै । बैशाखीको सहारामा छन् करङ्ग गुमाएका र मेरूदण्ड भाँचिएकाहरू । शरीरको भित्री अङ्ग गुमेकाहरूको अवस्थाअझ दर्दनाक । लामो समयसम्म गोली र गोलीका छर्रा निकाल्न नसक्दा पीडाले छटपटाईरहेकाहरूको अवस्था त्यत्तिकै नाजुक । दशरथपुर र यस मातहतका तीनवटा शिविरमा रहेका २ सय भन्दा बढी त्यस्ता लडाकुहरूले समय समयमा उपचार भने पाएका छन् । त्यस्तै मासिक तलब पनि । यसले उनीहरू खुशी भने छैनन् । उनीहरूको लागि यो सबैथोक पनि होइन । तर आफूखुशी, अयोग्य भई र शिविर छोड्न बाध्य पारिएका वसन्ती जस्ताको पीडा भने फरक छ । उनीहरूसँग न खाने गास छ नत कपास । त्यस्तै परिश्रम गर्ने शारीरिक अवस्था र खोतीपाती गर्ने खेतबारी नै । कतिको त घरमा गएर बास बस्ने स्थान समेत छैन । जीवनलाई हत्केलामा राखेर युद्धमा होमिएका त्यस्ता लडाकुहरूलाई आफनै पार्टीले खोजी नगर्नु दुखद पक्ष त हो नै । राज्यले समेत यसतर्फ कदम नचाल्नु दुर्भाग्य पनि हो ।

युद्धमा होमिदाको कष्टपुर्ण जीवन । जनताको घरमा खानु र जङ्गल तथा जनताको घरमा रात विताउनु दिनचर्या । पेटी परेड, पार्टी प्रशिक्षण, ड्युटीमा खटिनु र युद्धको मोर्चामा उभिनु नित्यकर्म । एकखालको रोजगारी पाएको जस्तो महशुस पनि गरेका थिए । राष्ट्रको सेवा गर्ने मौकाको पखाइमा पनि । सबै साथीभाई एकै मोर्चामा रमाउन पाउदा समय बितेको समेत थाहै हुदैनथ्यो । युद्धको मोर्चामा खटिदा बाहेक सुखदुख र राजनीतिका कुरा गर्दैमा दिन पनि वित्यो । तर आज शिविर छोडेर बस्नु परेको छ । जुन कुराको बारेमा मैले कल्पना पनि गरेकी थिइन । जीवनको बहुमुल्य समय सशस्त्र युद्धमा होमिएर बिताइयो । घरमा गएर काम गरेर खाने अवस्था पनि छैन । ०५७ चैत २४ गते दैलेखको नौमुले भिडन्तमा परी वाँया हातको कुइनादेखि मुनिको गुमेको हात देखाउँदै वसन्तीले भनिन् " अहिले जुन पार्टीको प्रशिक्षणबाट प्रभावित भएर यो अवस्थामा आइपुगे त्यही पार्टीकै कमाण्डरको कारण शिविर छोड्नु पऱ्यो" । तालबारीमा मासिक ४ सय डेराकोठाको भाडा तिर्न र साँझ विहान हातमुख जोर्ने जोहोको लागि छिन्चु बजारको चुङ्गीकर उठाउन बसेकी वसन्तीले अगाडि थपिन " भरथेग गर्ने जागीर छोड्नुपर्दाको पीडाको कुरै नगरौं । घरमा गएर जीवन गुजारा गर्ने माध्यम पनि छैन । म जस्ता अशक्तलाई कसले पो पत्याउँछन र । माओवादी सेना र स्वयम् पार्टीले म जस्ता कतिजना पीडितहरू कहाँ कसरी कुन अवस्थामा बसेका छन् भन्ने बारेमा खोजी समेत गरेको छैन । नत चासो नै । हालसम्म कुनै सरकारी तथा गैर सरकारी संस्थाहरूले सहयोग नै गरे । पार्टीले त यो अवस्थामा ल्याई पुऱ्यायो । राज्यले पनि हामी जस्ताको बारेमा कुनै कदम चालेको छैन, पीडा सुनिदिने कसले " ।

**प्रस्तुति : दुर्गा थापा**
सुर्खेत

# द्वन्द्वपीडित पार्श्वचित्र : एक परिचय

दश वर्ष लामो सशस्त्र द्वन्द्वको क्रममा भएका मानवीय क्षतिका बारेमा अहिलेसम्म कुनै व्यवस्थित अभिलेख उपलब्ध छैन। त्यस अवधिमा कति जना नेपालीले कुन ठाउँमा कसरी ज्यान गुमाए त्यसको फेहरिस्त राज्यका निकायमा पाईंदैन। तत्कालीन विद्रोही नेकपा माओवादी स्वयम्ले आफ्ना मारिएका लडाकू कुन ठाउँमा कहिले कसरी मारिए त्यसको पूर्ण विवरण प्रकाशमा ल्याउन सकेको छैन। यसैगरी बेपत्ता पारिएका तथा द्वन्द्वका कारण अपाङ्ग भएका मानिसहरूको विवरणको पनि अभाव छ।

तत्कालीन समयमा स्थानीय प्रशासनले अभिलेख राख्ने कार्य व्यवस्थितरूपमा गर्न नसकेकाले पीडितपक्षलाई न्याय प्रदान गर्ने भरपर्दो आधारको समेत अभाव महसुस भयो। इन्सेकले सङ्कटपूर्ण त्यस अवस्थामा पनि मानवअधिकार उल्लङ्घनका घटनाको अभिलेख राखेको थियो। तत्कालीन अवस्थामा युद्धरत दुवै पक्षको दवाव वा त्रासका कारण वा चेतनाका कमी भएकाले मानवअधिकार उलङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन र अभिलेखन गर्दै आएको इन्सेकले १९९२ देखि नै वर्षेनी नेपाल मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ। सशस्त्र द्वन्द्वको सङ्कटपूर्ण अवस्थामा पनि इन्सेकले आफ्नो काम यथावत राखेको थियो। त्यस्ता घटना सतहमा आउन नसक्नु अस्वभाविकक होइन। यसर्थ प्रत्येक जिल्लामा पीडितहरूको विवरण अद्यावधिक गरी सङ्कलन गरिनु आवश्यक थियो। मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन र अभिलेखन गर्दै आएको इन्सेकले पीडितहरू राहत र अन्य सहयोगबाट वञ्चित हुनसक्ने अवस्था कुनै पनि हालतमा सृजना नहोस् भन्नाका लागि ७५ ओटै जिल्लाका द्वन्द्वपीडितहरूको पार्श्वचित्र तयार पारिएको हो।

**द्वन्द्वपीडित पार्श्वचित्रको उद्देश्य**

यो अभिलेखनको मुख्य उद्देश्य निम्नबमोजिम रहेका छन्:

१ सशस्त्र द्वन्द्वका क्रममा दुवै पक्षबाट भएका मानवीय क्षतिको पहिचान गरी उनीहरूको पारिवारिक विवरण र अवस्थाको समेत अभिलेख गर्नु।

२ त्यस अवधिमा दुवै पक्षबाट बेपत्ता पारिएकाहरूको विस्तृत विवरण तयार पार्नु।

३ शारीरिक तथा मानसिक तवरले स्थायी अपाङ्गता भएका व्यक्तिहरूको विवरण तयार गर्नु।

४ दण्डहीनताको अन्त्यका लागि आवश्यक सुझाव दिनु।

५ पीडितपक्षलाई सहयोग गर्न चाहने व्यक्ति,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूका लागि आधार तयार पारिदिनु।

६ प्रस्तावित सत्य निरुपण तथा मेलमिलाप आयोगलाई सहयोग पुऱ्याउनु।

७ सशस्त्र द्वन्द्वका अवधिमा भएका जघन्य मानवअधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गरी पीडित पक्षलाई न्याय दिलाउन सहयोग पुऱ्याउनु।

८ पीडित पक्षलाई राहत तथा सङ्गठित हुनका लागि उत्प्रेरित गराउनु।

समग्रमा भन्ने हो भने विभिन्न कोणबाट शान्ति प्रक्रियालाई सहयोग पुऱ्याउनु यस पार्श्वचित्रको मूल उद्देश्य हो।




**अध्ययन विधि**

पार्श्वचित्र तयार गर्न निम्नानुसारको विधि अपनाइएको छ।

(क) इन्सेकद्वारा प्रकाशित नेपाल मानवअधिकार वर्षपुस्तकमा प्रकाशित घटना विवरणको आधारमा पीडितहरूको नामावली तयार पारियो।

(ख) स्थानीय माओवादी नेताहरूबाट उनीहरूका मारिएका, बेपत्ता पारिएका तथा द्वन्द्वकै कारण अपाङ्ग भएका कार्यकर्ताहरूको विवरण सङ्कलन गरियो।

(ग) स्थानीय शान्ति समितिमा प्राप्त भएका तथा शान्ति तथा पुनर्निर्माण मन्त्रालय प्रमाणित गरेका पीडितहरूको तथ्य सङ्कलन गरियो।

(घ) यस विषयमा विभिन्न समाचारमाध्यमा प्रकाशित समाचारहरूको अवलोकन गरी पुर्नपुष्टिका लागि सहयोग लिइयो।

(ङ) यसरी प्राप्त सूचनाका आधारमा पीडितपक्षको घरैमा गएर इन्सेक प्रतिनिधिले आवश्यक विवरण सङ्कलन गरी दलहरूका स्थानीय प्रतिनिधि,शिक्षक, स्थानीय मानवअधिकार संस्था, स्थानीय प्रशासन कार्यालय, मानवअधिकार कर्मीहरूसँग छलफल गरी सत्यापन गरियो।

(च) पूर्व जानकारीमा नआएका, प्रसारमा नआएका घटनाहरूको सम्बन्धमा पनि उपरोक्त प्रक्रिया पूरा गरी घटनाको सत्यापन गरियो।

(छ) उक्त सबै पक्रियाहरू पूरा गरी प्रत्येक जिल्लामा सरोकारवालाहरूबीच अन्तरक्रिया गराएपश्चात् पीडित पार्श्वचित्रलाई अन्तिम रुप दिइएको हो।

**पीडित पार्श्वचित्रका सीमा**

यो पार्श्वचित्र ०५२ फागुन १ गतेदेखि ०६३ मङ्सिर ५ गतेसम्म राज्य तथा विद्रोही पक्षबाट मारिएका, दोहोरो भिडन्तमा मृत्यु भएका, कुन पक्षबाट मारिएको पहिचान भएका र नभएका विस्फोटक पदार्थ विस्फोटन भई मृत्यु भएका , त्यसैगरी दुवै पक्षबाट जुनसुकै बहानामा बेपत्ता पारिएका र तिनै पक्षका कारणबाट स्थायी अपाङ्ग भएका व्यक्तिहरूमा मात्र सीमित रहेको छ। द्वन्द्वकालमा भएका सबै पीडितहरूका विस्तृत विवरण समेटिएको छ भन्ने आग्रह गरिनु भने न्यायोचित हुन सक्दैन।

(१) सशस्त्र द्वन्द्वमा प्रत्यक्ष र स्पष्ट तवरले पुष्टि भएका विवरणहरू मात्र यहाँ समेटिने प्रयास गरिएको छ।

(२) कुनै पनि पक्षको आन्तरिक कारबाही वा कुनै दुर्घटनामा परी भएका मानवीय क्षतिको अन्य स्रोतबाट पुर्नपुष्टि नभएका घटना यहाँ समावेश गरिएका छैनन्।

(३) बेपत्ता पार्ने समूह राज्य वा तत्कालीन विद्रोही पक्षलाई किटान गर्न नसकिएका घटनाहरू छनौटका परिधिभित्र परेका छैनन्। तर, युद्धरत पक्षसँग सम्बन्ध रहेका पीडितको हकमा अज्ञात समूह पीडक रहेको अवस्थामा पनि घटनालाई समेटिएको छ।

(४) अपाङ्गताका विभिन्न स्थितिमध्ये शारीरिक वा मानसिक तवरले स्थायी अपाङगता भएका व्यक्तिहरूको विवरण मात्र सङ्कलन गरिएको छ।

(५) पीडितहरूको अनुरोधका आधारमा पीडकको परिचय प्रकाशन गरिएको छैन।

(६) यसबाहेक पनि द्वन्द्वबाट विभिन्न तवरले पीडा भोग्न बाध्य व्यक्तिहरू रहेका छन्। तर समय, स्रोत, साधन र सामर्थ्यका अभावका कारण एउटै संस्थाले मात्र ती सबै कार्य सम्पादन गर्न सम्भव नहुने यथार्थप्रति सबैको ध्यानाकर्षण हुन आवश्यक ठानिएको छ।

(७) पीडितका परिवार घटना भएपश्चात् अन्यत्र गएकाले कैयौं घटनाको विवरणले पूर्णता पाउन सकेको छैन। उनीहरू कहाँ गएका हुन् त्यो ठाउँको समेत निर्क्योल हुन नसकेकाले स्थानीय तहमा उपलब्ध जानकारीलाई आधार बनाउनु बाध्यता रहयो।

# कहिले होला विस्तृत शान्ति सम्झौताका ६० दिन पुग्ने ?

बुढेसकाल, अनि एकल महिला हुनुको दुःख त छँदै थियो । एक्लो छोरा अपहरित भएर बेपत्ता भएपछि घर व्यवहार धान्नु, बचेको समय छोराको बारेमा खोजिनीति गर्न र एक्लै बसेर रूनुमा खुम्चिएको छ बाँके जिला कोहलपुर गाविस-८ पिपरीकी ७० वर्षीया विष्णुमायाको जीवन । दुःखमा साथ दिएर सान्त्वनाका केही शब्द बोलिदिने र आँसु पुछिदिने अरू कोही छैनन् घरमा । छन त केवल तीन जना नाति नातिना जसको स्याहार सुसार र भविष्यको जिम्मा उनकै बुढो काँधमा छ ।

छ वर्षदेखि उनको जीवन यसैगरी बितिरहेको छ । छ वर्षधिको त्यो दिन उनी कहिल्यै बिर्सन् सक्दिनन् । दशैं नजिकिँदै थियो । हिन्दू परम्पराअनुसार बडा दशैं शरू हुनु पूर्व मृत मातापिताको सम्झनामा 'सोह्र श्राद्ध' शुरू भइसकेको थियो । गाउँका अन्य धेरैले जस्तै ०६० भदौ २५ गते बिहान १० बजे पण्डितको सामुन्ने बसेर २१ वर्षीय छोरा भोजराज बाबुको श्राद्ध गर्दै थिए । अचानक हतियार सहितका माओवादी कार्यर्ताहरू आगँनमा आए । श्राद्ध कर्ममा व्यस्त भोजराजलाई माओवादी कार्यर्ताले 'एकछिन काम छ' भन्दै आफूसँग हिँड्न आदेश गरे । बुबाको नाममा पिण्ड तर्पण गर्न समय माग्दा पनि भोजराजले समय पाएनन् । माओवादीले उनलाई अपहरण गरे । आँगनमा पूजा सामग्री त्यत्तिकै असरल्ल बस्यो । अनि रह्यो परिवारजनका मनमा अनेक आशङ्का, त्रास र अन्यौल ।

भोजराज एमालेको इलाका कमिटीमा रहनु नै माओवादीका दृष्टिमा अपराध थियो । 'अपहरण गरेपछि कोहलपुर ग॔ स-७ रजगडुवा गाँउ नजिक रहेको ्गलमा पु ऱ्याएको खबर त पाए त्यसपछि ्ता लगे केही थाहा भएन ।' सोही दिन जङ्गलमा भोजराजलाई देखेको खबर कोहलपुर गाविस-८ का बसन्त श्रेष्ठले विष्णुमायालाई दिएका थिए ।

उनको दुःख छोरा बेपत्ता हुनुमा मात्र सीमित रहेन । अपहरण गरिएको केही दिनपछि बर्दिया जिर्लाको सोरहवा गाविसमा आयोजित एक कार्यक्रममा उनको सफाया गरिएको माओवादीले सार्वनिक घोषणा गरेका थिए, अरे । माओवादीको स्वीकारोक्तिकै आधारमा गाउँलेले भोजराजको कृतिम लास बनाएर अन्त्येष्टी गर्न लगाउँदा उनको बुढो मन झन दुःखित भएको थियो । गाउँलेहरूले झुक्याएर छोराको अन्तिम संस्कार गर्न लगाएको पीडा पनि उनकी वृद्ध आमा र नाबालक छोराछोरीले भोग्नु पऱ्यो । माओवादीले छोरालाई बेपत्ता पारेपछि उनकी बुहारीले ०६१ सालमा दोस्रो विवाह गरिन् । बाबु बेपत्ता र आमाले अर्क विवाह गरेपछि उनीहरुका तीन छोराछोरी स्याहार्ने जिम्मा विष्णुमायालाई आइप ऱ्यो । बुढेसकालको सहाराको रुपमा रहेको छोरालाई माओवादीले बेपत्ता बनाएपछि र बुहारीले बाँकी रहेको जीवन बेपत्ता पतिको नाममा बिताउन तयार नभएपछि नियतिलाई दोष दिँदै नाति नातिना स्याहार्नुको विकल्प रहेन विष्णुमायालाई ।

छ वर्षगाडिको विगत सम्झँदै विष्णुमाया भन्छिन् 'अपहरित छोराको बारेमा नातिसँग कुरा गर्दै घरमा बसेकी थिएँ, स्थानीयबासीहरुले शङ्ख फुक्दै लास पाइयो नाति खै भन्दै आए । नातिलाई हतारहतारमा घरनजिकैको पिपलको रुखनजिक लगेर व्रतबन्ध गर्नथाले । अन्तिमपटक छोराको मुख हेर्न प ी भनेर रुँदै आँगनमा लास हेर्न पुगेकी विष्णुमाया लास नदेखेपछि बल्ल झसङ्ग भइन् । त्यहाँ कुशको लास बनाएर राखिएको थियो । "त्यो नाटकको विषयमा केही नबताएर कुशको लास चारजनाले बोकेर शङ्ख फुक्दै गाँउलेहरु घाटतिर लागे ।' बलिन्द्र धारा आसुझार्दै विष्णुमाया भक्कानिन्छिन् । बाँचे मरेको थाहा नभई नातिलाई छोराको नाममा अन्तिम सस्कार गर्न लगाएको घटनाले विष्णुमायालाई छोराको अपहरण भए भन्दा बढी पीडा थप्यो ।

अपहरित ढकालको खोजी गर्न क्रममा आईसीआरसी लगायत अन्य अधिकारकर्मी संस्थाहरुमा उनका परिवारले निवेदन दिए तर निवेदन दिएका संर्थाहरुबाट हालसम्म जिउँदो मरेको कुनै जानकारी उनलाई प्राप्त भएन । उनी अझै पनि छोराको मृत्यु भएको स्वीकार गर्नतयार छैनन्न् । जिल्ला प्रशासन कार्यालय बाँकेको तथ्याङ्कमा भोजराजको माओवादीबाट हत्या भएको भनेर उल्लेख छ । सरकारले वितरण गरेको राहत उनको परिवारले हालसम्म पाएका छैनन् । राहतका लागि जिल्ला प्रशासन कार्यालय पुगेकी भोजराजकी आमालाई मृतकका नाममा राहत पाउँ भनी निवेदन लेख्न प्रशासन कार्यालयले सल्लाह दियो । तर उनी आफ्नो छोरा मारिएको मान्न तयार भइनन् । बेपत्ताको नाममा राहत पाँउ भनी निवेदन दिएका कारण राहतमा ढिलाइ भएको प्रशासन कार्यालयले जनाएको छ । इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षुस्तक २००४ मा भोजराजलाई माओवादी पक्षबाट बेपत्ता पारिएको उल्लेख छ ।

विष्णुमायाजस्तै नियति भोगेर लास कि सासको प्रतिक्षामा बसेका अन्य धेरै परिवार बाँकेमा छन् । सशस्त्र द्वन्द्वको अवस्थामा बाँके जिर्लामा राज्यबाट ८७ जना र माओवादीबाट १४ जना गरी जम्मा १ सय १ जना मानिस बेपत्ता पारिएका थिए । उनीहरुको अवस्था हालसम्म अज्ञात छ । बेपत्ता पारिएका केही परिवारका आफन्तले राहतका लागि मृत्यु दर्ता समेत गरेका छन् । भोजराजको पनि गाविसको कार्यालयमा मृत्यु दर्ता गराइएको छ । माइती नेपाल संस्थाले सशस्त्र द्वन्द्वमा हत्या भएका मृतकका छोराछोरीलाई पढाइदिने भनेपछि भोजराजको मृत्यु दर्ता गराइएको उनको परिवारले बताएको छ । गाविसको कार्यालयमा मृत्यु दर्ता गराएपछि भोजराजकी एक छोरीलाई माइती नेपालले काठमाडौमा पढाइदिने भनी लगेको उनको परिवारले बतायो ।

तत्कालीन नेकपा माओवादी र नेपाल सरकारबीच ०६३ मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौताको बुँदा नं. ५.२.२ मा आफ्ना कब्जामा रहेका मानिसहरुको बारेमा जानकारी सावर्जनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न र ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मञ्जुरी गरेका छन् । तर आज सम्झौता भएको तीन वर्ष भन्दा बढी भयो भोजराजहरुको अवस्था अज्ञात नै छ । विस्तृत शान्ति सम्झौताप्रतिको अपहेलना सँधै यत्तिकै त रहने होइन

***प्रस्तुति : नारायण सुवेदी***
***बाँके***

## पुस्तक परिचय




तारा राईद्वारा लिखित छापामार युवतीको डायरी पुस्तकको शीर्षकानुसार उनले भोगेका यथार्थको श्रृङ्खलाबद्ध चित्रण हो। पाँच वर्ष अघि १५ वर्षको उमेरमा समाज मुक्तिको चाहनामा माओवादी जनयुक्ति सेनामा प्रवेश गरिन्। प्रवेशसँगै उनको दिनचर्या पार्टीको साँस्कृतिक फाँटले गर्नुपर्ने नाचगानमा बित्ने गर्थ्यो। पार्टी प्रवेश गरेपछिका तीन महिना १९ दिन मात्रै उनी पार्टीका क्रियाकलापमा संलग्न हुन पाइन। मुटुको रोग भएकी तारा धेरै परिश्रम हुने काम गर्न सक्दिन थिइन। सेल्टर बसेको घरमा अन्य दुई सहकर्मी सहित चाउचाउ खाइरहेका बेला उनी र उनका सहकर्मी दुश्मनको घेरामा (ताराकै शब्दमा) पर्छिन्। सँगै रहेका दुई सहकर्मी भाग्छन्, तर उनी गिरफ्तार गरिन्छिन्। त्यसपछि सुरु हुन्छ उनका दुःखका दिन। आँखामा पट्टि र हात बाँधिएको अवस्थामा उनलाई हिँडाएर अगाडि लैजान्छन्, सेनाले। 'अब यसलाई यही खाल्डोमा पुर्ने हो' भन्दै सैनिक जवानहरू खाल्डो नखिरहेको उनले अन्दाज लगाउँछिन्। एकछिन पछि उनको आँखाको पट्टि खोलिन्छ, अनि उनले देखिन् आफूसँगै अघि एक घण्टा अगाडि चाउचाउ खाने मित्रको लाश। सेनाले खनेको खाल्डोमा त्यो लाश पुर्छन्।

इलाम व्यारेक नआञ्जेल बाटोभर भएका केही सैनिक जवानको छेडखान अनि केही असल सैनिक अधिकृतका असल व्यवहारलाई उनले पुस्तकमा चित्रण गरेकी छन्।

इलाम, झापा र मोरङका जेलहरूमा बस्नु पर्दाको सास्ती र हैरानीलाई ताराले पुस्तकमा उतारेकी छन्। पुस्तकमा सेना र प्रहरीभित्र भएका केही असल अधिकृतहरूको खुलेर प्रशंसा गरेकी ताराले जेलमै भेटिएका आफ्नै पार्टीका कार्यकर्ताले गरेको व्यवहारप्रति चित्त दुखाएकी छन्।

कारागारमा छँदाकी अभिभावक कैदी र हाल संविधानसभा माओवादी सदस्य धर्मशीला चापागाई र उनकी छोरी अग्रणीसँगको सामिप्यताको वर्णन गरेकी छन्।

जनआन्दोलन २०६२-०६३ को सफलतापछि कारागार मुक्त हुँदै अहिले आठघरेस्थित घरमा आफ्नै बाबु आमा र भाइबहिनी हेरचाह गर्दै बसिरहेकी ताराले माओवादी गतिविधिप्रति असन्तोष पनि व्यक्त गरेकी छन्।

जनयुद्धभित्रको कथा भएपनि पुस्तकमा कतै पनि प्रभाव र आग्रह छैन। सबैभन्दा महत्वपूर्ण कुरा पुस्तकले माओवादी जनयुद्धले देखाएको सपनाको संसार र यथार्थबीच के भिन्नता छ भन्ने कुरालाई राम्ररी प्रष्ट्याइएको छ।

तारा राईको १ सय ६० पृष्ठको पुस्तकमा जेल जीवनको कष्टप्रद दिनसँगै स्कूले जीवनमा गायिका बन्ने लहडमा धनकुटासम्म गायक शम्भु राई खोज्न गएको, सैनिक घेरा भित्र एक सैनिकसँग मन टाँसिएको र जेलभित्र आफ्नी आमालाई सम्झदाको मर्मस्पर्शी घटना समेटिएका छन्।

रत्न पुस्तक भण्डारले प्रकाशन गरेको छापामार युवतीको डायरीको मूल्य १ सय ५० रुपियाँ छ।

*– मदन पौडेल*

## कविता

### शहिदको वलिदानलाई गरौं सबैले सम्मान



- शिव खकुरेल
क्षेत्रीय संयोजक, पोखरा

चार वर्ष पुग्यो यहाँ लोकतन्त्र आको
खै त हाम्ले लोकतन्त्रको अनुभूति पाको
भ्रष्टचार र महङ्गीले ढाड सेक्दा पनि
चुप बस्नु पर्ने हामी यस्तै रैछ भनी

हत्या हिंसा अपहरण उस्तै छ है यहाँ
कानुनको शासन छैन न्याय पाउने कहाँ
दण्डहीनता मौलाएर अपराध बढ्यो
यस्तै रैछ भन्ने छाप जनतामा गढ्यो

संविधान निर्माण गर्ने चिन्ता छैन हेर
सत्ता सत्ता भन्दा भन्दै समय गयो खेर
जनताको अपेक्षालाई नगरेर ख्याल
संविधान लेख्न छाडी सत्ताको लागि ज्याल

गरीब झन् गरीब भाछन् नेतालाई चइन
जनताको घर आँगनमा शान्ति आको छैन
चाहना छ सधैका लागि शान्ति आओस् भनि
सबै कुरा सही बस्याछन् शान्ति आउँछ भनि

जुटौं अब सबै छाडी शान्ति ल्याउनलाई
एक आपसमा रिस राग द्वैष भावना त्यागी
अधिकार स्थापित नयाँ संविधानले गर्छ
सहमति कायम गर्दै यसमै लाग्नु पर्छ ।

शहिदको वलिदानलाई गरौं सबले सम्मान
नेताहरु बुद्धि फिराउ नगर है अपमान
अनि मात्र नयाँ नेपाल निर्माण हुन्छ हेर
वलिदानले पाको अधिकार नफालौं है खेर
वलिदानले पाको अधिकार ..............।













# इन्सेकका केही प्रकाशनहरु















# www.inseconline.org

# नेपालको पहिलो मानवअधिकार अनलाइन पोर्टल




## नेपाली र अङ्ग्रेजी भाषामा

मानवअधिकारसम्बन्धी विविध सामाग्रीहरु समेटिएको यस वेबसाइटमार्फत् देशको मानवअधिकार स्थितिको जानकारी लिनुहोस् ।